# अजयमेरु गाउँपालिकाको
# गाउँ शिक्षा योजना

२०८१-२०९०

स्थानीय सरकार

अजयमेरु गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

भद्रपुर, डडेल्धुरा

## अध्यक्षको शुभकामना

मुलुकको संघीय स्वरुप अनुरुप नेपालको संविधानमा शिक्षालाई मौलिक हकका रुपमा प्रत्याभुत गरि विद्यालय स्तरीय शिक्षाको अधिकार स्थानीय सरकारको अधिकार क्षेत्र अनुसार गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चितता गरि सबै बालवालिकाहरुलाई विद्यालयमा टिकाइ राख्न र शैक्षिक निरन्तरता कायम गर्न प्रारम्भिक बालविकासदेखि माध्यमिक तहसम्मको विद्यालयीय शिक्षाको समुचित व्यवस्थापन गर्न अपरिहार्य हुन आउँछ ।हामीले विद्यालय शिक्षाबाट अपेक्षित उपलब्धी हासिल गर्न नसकेको तितो सत्य हाम्रा सामु समस्या तथा चुनौतिका रुपमा खडा भएको छ भने शिक्षामा गरिएको लगानीले सबै खाले शिक्षाको आधार स्तम्भ बन्न सकेको छैन् । सु-संस्कृत समाजको माध्यमबाट मुलुकको दिगो विकास, समृद्ध समाज, शान्ति र रुपान्तरणका लागि शिक्षालाई महत्वपुर्ण साधनको रुपमा स्विकार गरिदै आएको बर्तमान परिस्थितिमा शैक्षिक निरन्तरता कायम गर्न नसकिनु, शैक्षिक व्यवस्थापनमा उल्लेखनीय प्रगति नहुनु, प्रारम्भिक बाल शिक्षाको दरिलो आधारस्तम्भ तयार गर्न नसकिनु, शैक्षिक अनुसन्धनात्मक ज्ञानमा आधारित अर्थतन्त्रको विकासमा टेवा पुर्‍याउन सक्ने जनशक्ति उत्पादनमा हुन नसक्नु, सिपलाई श्रम र श्रमलाई उत्पादन र उत्पादनलाई बजारसँग जोड गराई शैक्षिक जनशक्तिलाई उपयोग गर्न नसकिनु शिक्षा क्षेत्रका बिधमान समस्याहरु हुन।

यस गाउँपालिकामा रहेको उल्लेखित शैक्षिक समस्या न्यूनिकरण गरि संविधानले प्रत्याभुत गरेको अधिकारलाई उपयोग गरि शिक्षा योजना निर्माण गरी विद्यमान चुनौति र अवसरलाई शैक्षिक विकास गर्ने प्रयास स्वरुप अजयमेरु गाउँपालिकाले दश वर्षीय शैक्षिक योजना (२०८१-२०९०) निर्माण गर्‍यो। यस गाउँपालिकाको शैक्षिक विकासका लागि योजनावद्ध तवरले अगाडी लैजान १० वर्षे शैक्षिक योजना निर्माण गर्न शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखको संयोजकत्वमा गठन गरिएको समितिले शैक्षिक सरोकारवालाहरुको सहभागितामा बिद्यालयको शैक्षिक क्षेत्रमा रहेका समस्या र समस्या समाधानको रणनीति सहित निश्चित लक्ष्य उद्देश्य राखेर यस क्षेत्रको शैक्षिक बिकासमा टेवा पुर्‍याउन, शिक्षामा आधुनिक प्रविधियुक्त बिकास मार्फत प्रारम्भिक बाल कक्षादेखी माध्यमिक तहसम्मको शिक्षाको स्वरुप बारे दिशा निर्देश गर्ने शैक्षिक मार्ग चित्र निर्माण गरेको छ । यस योजनामा राखिएका शैक्षिक गतिविधिहरुको कार्यान्वय मार्ग सहि रुपमा अगाडी लैजान सकिएमा यस गाउँपालिकाको शैक्षिक विकासमा यो योजना एक कोशे ढुङ्गा बन्नेमा दुई मत रहन्न । यस गाउँपालिकाको शैक्षिक ऐनाका रुपमा रहेको यो योजनाको कार्यान्वयमा सबैको साथ तथा सहयोगको समेत अपेक्षा गरेको छु। साथै यस योजनाले तय गरेका निर्धारित लक्ष्य प्राप्तिका लागि कार्यान्वयमा आवश्यक पर्ने वजेट तथा क्रियाकलापहरु नियमित सञ्चालनको आवश्यक प्रवन्ध हुनेछ ।

अजयमेरु गाउँपालिकाको शैक्षिक योजना (२०८१-२०९०) ले बिद्यालय शिक्षाको समग्र शैक्षिक स्थितिमा सुधार ल्याउने छ भन्ने पूर्ण अपेक्षा गर्दै यस योजना तर्जुमा निर्माणमा अग्रणी भूमिका निर्बाह गर्नुहुने सम्पुर्ण कर्मचारी, शिक्षक वर्ग तथा अन्य शैक्षिक सरोकारवालाहरु सबैलाई बिशेष धन्यबाद दिदै यो शिक्षा योजना महत्वपूर्ण सावित हुने छ भनि शुभकामना व्यक्त गर्न चाहन्छु।

उमेश प्रसाद भट्ट 'विकास'
अध्यक्ष
अजयमेरु गाउँपालिका
भद्रपुर,डडेल्धुरा

# उपाध्यक्षको शुभकामना

नेपालको संविधानमा शिक्षालाई मौलिक हकका रुपमा प्रत्याभुत गरि आधारभूत तथा माध्यमिक शिक्षाको अधिकार स्थानीय सरकारको अधिकार क्षेत्रानुसार गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चितता गर्न सबै बालवालिकाहरुलाई विद्यालयमा भर्ना गरि निर्धारित तह पुरा गराउनका साथै विद्यालयमा टिकाइ शिक्षाको समुचित व्यवस्थापन गर्न अपरिहार्य हुन आउँछ। हामीले प्राप्त गरेको शैक्षिक अधिकारको सहि उपयोग तथा उचित व्यवस्थापन गरि शिक्षामा व्याप्त समस्या तथा चुनौतिकालाई अवसरका रुपमा वदली पर्याप्त लगानी गरी शिक्षाको आधार स्तम्भ खडा गर्नु जरुरी छ । जनताका विविध अपेक्षाहरुको सम्वोधन गरि शिक्षाका सबै खाले अवसर मार्फत सु-संस्कृत समाजको निर्माण गर्दै दिगो विकास, समृद्ध समाज, शान्ति र रुपान्तरणका लागि यो १० वर्षे गाउँ शिक्षा योजना एक शसक्त माध्यम बन्नेछ । पढ्दै कमाउँदै, र कमाउँदै पढ्दै शिक्षा आजको आवश्यकता हो । गरि खाने शिक्षाको वर्तमान आवश्यकताको महसुस गरिदैं आएको समयमा विद्यालय तहको आधारभूत तह बालविकास शिक्षादेखि नै उचित लगानी गरी सबै बालवालिकाहरुलाई अनिवार्य तथा निशूल्क शिक्षाको उचित व्यवस्था गर्दै व्यावसायीक शिक्षा तर्फ लैजान अनिवार्य जस्तै छ ।

अजयमेरु गाउँपालिकाको शिक्षा योजना (२०८१-२०९०) ले यस गाउँपालिकामा रहेको वर्तमान अवस्थाको आँकलन गरी शैक्षिक विकासका लागि प्रष्ट रोडम्याप तय गर्दै गाउँपालिकाको शैक्षिक विकासका लागि योजनावद्ध तवरले अगाडी लैजान १० वर्षे योजना मार्फत विद्यालयी शिक्षाको गुणस्तरीय कायम गर्न सकिन्छ । सुन्दर विद्यालय, समावेशी शिक्षा, लैगिंक मैत्री शिक्षा आजको आवश्यकता हो। बिद्यालय शिक्षाको समग्र शैक्षिक स्थितिमा सुधार ल्याउने गरी निर्माण गरिएको यस गाउँ शिक्षा योजनाको निर्माणमा अग्रणी भूमिका निर्बाह गर्नुहुने सबै कार्यदलका सदस्यहरु, कर्मचारी, शिक्षक वर्ग तथा अन्य शैक्षिक सरोकारवालाहरु सबैलाई बिशेष धन्यबाद व्यक्त गर्न चाहन्छु। गाउँपालिकाको शैक्षिक मार्गचित्रका रुपमा रहेको शिक्षा योजनाको कार्यान्वयमा सबैको साथ तथा सहयोगको समेत अपेक्षा गरेको छु। साथै यस योजनाले तय गरेका निर्धारित लक्ष्य प्राप्तिका लागि कार्यान्वयमा आवश्यक पर्ने वजेट प्रवन्ध हुनेछ ।

वसन्ती पाल
उपाध्यक्ष
अजयमेरु गाउँपालिका
भद्रपुर,डडेल्धुर

स्थानीय सरकार

# अजयमेरु गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

भद्रपुर, डडेल्धुरा

सुदूरपश्चिम प्रदेश, नेपाल

प.स. २०८१।०८२ Email: info@ajayamerumun.gov.np

च.नं. Website: www.ajayamerumun.gov.np

नेपालको संबिधानमा मौलिक हकको रुपमा उल्लेखित र स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम स्थानीय सरकारले प्राप्त गरेको शिक्षा सम्बन्धी अधिकार क्षेत्र अनुसार शिक्षामा सबै नागरिकको पहुँच, अनिबार्य तथा निःशुल्क शिक्षा सम्बन्धि व्यवस्था गर्नका लागि शिक्षा क्षेत्रमा विद्यमान समस्याहरुको समाधान हेतु शैक्षिक स्तर उकास्न यस गाउँपालिकाले १० वर्षे गाउँ शिक्षा योजना (२०८१- २०९०) निर्माण गरेको छ । संघीय स्वरुपको राज्य व्यवस्था अनुरुपको शासन पद्दतिसँगै शैक्षिक क्षेत्रमा गरिएको विकेन्द्रकरणमा प्रारम्भिक बाल शिक्षादेखि माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन, समन्वय र नियमन गर्ने अधिकार स्थानीय सरकार सञ्चालन ऐन २०७४ दफा ११ को 'ज' मा स्थानीय तहलाई प्रदत्त २३ वटा बुँदामा शिक्षा सम्बन्धी अधिकारलाई गरिएको विस्तृतीकरणसँगै यस अजयमेरु गाउँपालिकाले विद्यालय स्तरीय शिक्षाको पहुँच वृद्धी, शिक्षामा गुणस्तर, प्राविधिक तथा व्यावसायीक शिक्षा, शैक्षिक तथा भौतिक व्यवस्थापन, अनिवार्य तथा निःशूल्क शिक्षाको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक प्रवन्ध गर्न योजना निर्माण गरि कार्यान्वयमा ल्याएको छ ।हाम्रो गाउँपालिकामा गुणस्तरीय शिक्षा प्रवन्धमा अझैं पनि कयौंन समस्या तथा चुनौति रहेका छन् । ती समस्याहरुको सहि समाधान गर्नका लागि १० वर्षे योजनावद्ध मार्गचित्र सहितको खाका यस योजनाले प्रदान गरेकोछ । शिक्षामा नवप्रवर्तन सहितको प्रविधियुक्त शिक्षाका लागि स्थानीय कला, संस्कृति तथा कला कौशल सहितको शिक्षा मार्फत स्तयुक्त दक्ष जनशक्ति उत्पादनमा हामी सबैको कर्तव्य हुन आउँछ जुन कुरा यस योजनामा उल्लेख गरिएको छ ।विद्यालय बाहिर रहेका बालवालिकाहरु, आधारभूत शिक्षा पुरा गर्न नसकेका र निरक्षरहरुका लागि समेत आवश्यक सहजीकरणको मार्ग यस योजनमा उल्लेख गरिएको छ । यस शैक्षिक योजनाले बिद्यालय शिक्षामा रहेका बिभिन्न चुनौति र समस्यालाई निराकरण गर्न स्पष्ट रणनीति, कार्यनीति र क्रियाकलाप तय गरि भावी योजना र कार्यक्रम तय गरेको छ र सोहि बमोजिम कार्य सम्पादन गर्न सहयोग हुनेछ भन्ने अपेक्षा यस योजना निर्माणका लागि गठन गरिएको कार्यदलले योजना निर्माणमा गरेको महत्वपूर्ण भूमिका सहित प्रत्यक्ष परोक्ष सहयोग गर्ने सबै सरोकारवालाहरुलाई हार्दिक आभार सहित यस योजनाको प्रभावकारी कार्यान्वयनमा सबै निकाय, अभिभाबक, सरोकारवाला, शिक्षक, कर्मचारिहरुलाई धन्यबाद तथा योजना कार्यान्वयनमा सवै पक्षवाट निरन्तर रुपमा सहजीकरण हुनेछ भन्ने अपेक्षा गरेका छौं ।

जितेन्द्र प्रसाद ओझा

प्रमुख प्रशासकीय अधिकृत

# विषय सूची

परिच्छेद १ : गाउँ शिक्षा योजनाको अवधारणा
परिच्छेद २ : अजयमेरु गाउँपालिकाको परिचय
परिच्छेद ३: गाउँ शिक्षा योजनाको प्रारम्भ
परिच्छेद ४ : प्रारम्भिक बालविकास शिक्षा
परिच्छेद ५ : आधारभूत शिक्षा
परिच्छेद ६ : माध्यमिक शिक्षा
परिच्छेद ७ : प्राबिधिक शिक्षा तथा व्याबसायिक तालिम
परिच्छेद ८ : अनौपचारिक शिक्षा र आजीवन सिकाइ
परिच्छेद ९ : पाठ्यकम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन
परिच्छेद १०: शिक्षक व्यवस्थापन र विकास
परिच्छेद ११: शैक्षिक समता र समावेशीकरण
परिच्छेद १२: विद्यालय पोषण तथा स्वास्थ्य कार्यकम
परिच्छेद १३: विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता
परिच्छेद १४: विद्यालय भौतिक पूर्वाधार विकास
परिच्छेद १५: विद्यालयमा सूचना तथा सञ्चार प्रबिधि
परिच्छेद १६: शिक्षाको व्यबस्थापन तथा संस्थागत क्षमता विकास
परिच्छेद १७: लगानी र स्रोत व्यबस्थापन
परिच्छेद १८: अनुगमन तथा मूल्याङ्कन

अनुसूचि-१ संघीय सरकारबाट प्राप्त हुने अनुमानित बजेट
अनुसूचि-२ प्रदेश सरकारबाट प्राप्त हुने अनुमानित बजेट
अनुसूचि-३ स्थानीय सरकारले बेहोर्ने अनुमानित बजेट
अनुसूचि-४ सहयोगी संघस्थाहरुबाट प्राप्त हुने अनुमानित बजेट

रिच्छेदः एक

## गाउँ शिक्षा योजनाको अवधारणा

सुदूरपश्चिम प्रदेश, डडेल्धुरा जिल्ला अजयमेरु गाउँपालिकाको शिक्षाको उन्नति र विकासका लागि तयार पारिएको प्रस्तुत गाउँ शिक्षा योजनाले मुलुकमा भएको राजनैतिक परिवर्तिन पछि नेपालको संविधानमा शिक्षाको सन्दर्भमा उल्लेखित निःशूल्क शिक्षाको मूल मर्मलाई समेट्ने प्रयास गरेको छ । नेपालको संविधान, शिक्षा ऐन २०२८ एवम् केन्द्रीयस्तरमा भएका आयोगहरुका प्रतिवेदनलाई समेत योजना निर्माण गर्दा आधार लिइएको छ । प्रारम्भिक बालविकास कार्यक्रम, आधारभूत शिक्षा, माध्यमिक शिक्षामा प्राविधिक तथा व्यवसायिक र अनौपचारिक शिक्षालाई जीवनपर्यन्त एवम् सीपमूलक तथा प्रविधिमैत्री बनाउने गरी योजना तय गरिएको छ ।जीवन निर्वाह गर्न, सचेत, प्रतिस्पर्धी तथा दक्ष जनशक्ति, उत्पादन गरी समाज तथा देशको विकास गर्नका लागि शिक्षा महत्वपूर्ण रहेको छ । समाज तथा राष्ट्रको दिगो विकास, सुशासन, विकास तथा समृद्धिको निर्माणका लागि शिक्षाले महत्वपूर्ण भूमिका खेल्छ । यस कारण शिक्षालाई वैज्ञानिक, प्रतिस्पर्धी, व्यवसायिक तथा जीवन निर्वाहमूखी बनाइनु पर्दछ।

सबैका लागि शिक्षा कार्यक्रमको पहिलो कम्पोनेन्टमा प्रारम्भिक बालविकास कार्यक्रम सामुदायिक विद्यालयहरुबाट र समुदायमा आधारित बालविकास केन्द्रबाट सञ्चालित छ । सो बाहेक ४ बर्ष मुनिका बालबालिकाहरुलाई पनि संस्थागत विद्यालयहरुले नर्सरी, एल.के.जी.र यु.के.जी. समेतका कक्षाहरु सञ्चालन गरीएका छन् । तालिमप्राप्त सहयोगी कार्यकर्ताहरुबाट बालविकास केन्द्र सञ्चालन गरी बालबालिकाहरुलाई कक्षा १ मा भर्ना गर्न गराउन सकेमा शिक्षाको जग अझ बलियो हुनेछ ।निःशूल्क तथा अनिवार्य गरिएको आधारभूत शिक्षालाई अझ बढी व्यवस्थित गरी तथ्य र तथ्याङ्कको आधारमा १० बर्षभित्र सबै उमेरका बालबालिकालाई आधारभूत शिक्षामा पहुँचका साथै गुणस्तरीयताको प्रतिस्पर्धामा लैजान सक्ने गरी मैत्रीपूर्ण बालसिकाइ, बिषयगत शिक्षकको व्यवस्थापन, परीक्षा तथा मूल्याङ्कनमा सुधार गर्ने कार्यक्रमहरु तय गरिएका छन् । आधारभूत तहको अन्त्यमा लिइने परीक्षाको स्तरलाई तोकिएको मापदण्डमा आधारित बनाउने प्रयास गरिएको छ । हाल रहेको प्राविधिकधारलाई समेत व्यवसायमूलक बनाइ सीपयुक्त शिक्षाको व्यवस्थापन गरी निःशूल्क माध्यमिक शिक्षा प्राप्त गर्न सक्ने तथा रोजगारीका अवसरहरुमा सामायोजन हुने गरी आवश्यकता अनुरुप साधारण, प्राविधिक, व्यवसायिक र सीपमूलक शिक्षा दिन सक्ने सूचना र प्रविधिको समेत विकास गर्ने कार्यक्रम योजनाले समेट्न खोजेको छ ।यस योजनाले कक्षा ८ सम्म स्थानीय कला,संस्कृती तथा सीपहरुको प्रवर्धन गर्ने गरी स्थानीय विषयको पाठ्यकम **हाम्रो अजयमेरु** निर्माण गरी लागु गरिएको र त्यसको प्रभावकारी कार्यान्यिन तथा व्यवहारिक बनाउदैं लैजाने लक्ष्य राखेको छ । साथै विद्यालय तहमा कक्षा ८ सम्मको स्थानीय पाठ्यक्रममा आधारित भई कार्यपुस्तिका तथा पुस्तिका समेत निर्माण गरि कार्यान्वय भएकोमा यसको अध्यावधिक तथा प्रभावकारी कार्यान्वयनको लागि आवश्यक जनशक्ति निर्माण गर्ने लक्ष्य राखेको छ ।

प्रत्यक्ष रुपमा विद्यालय शिक्षामा पहुँच नपुगेका र विभिन्न कारणले विद्यालयमा नियमित अध्ययन गर्न नसक्ने रोजगारीको अवसर प्राप्त नगरेका बालबालिका, युवा तथा प्रौढ एवम् जेष्ठ नागरिक, महिला तथा पुरुषलाई, व्यवसायिक, सीपमूलक र प्राविधिक शिक्षाको माध्यमबाट पहुँच पुऱ्याउनको लागि बैकल्पिक माध्यमहरुको सञ्चालन एवम् व्यवस्थापन गरिने रणनीति योजनाले अघि सारेको छ । विद्यालयको पूर्वाधार सबैका लागि उपयुक्त हुने गरि निर्माण गर्ने तथा कक्षाकोठा सुधार, उपयुक्त फर्निचर, स्वच्छ खानेपानी, बाल, अपाङ्ग र महिला मैत्री शौचालय, खेल मैदान, कम्पाउण्डवाल, फूलवारी, पुस्तकालय, खाजाघर, कम्प्युटर तथा आइ.सि.टी. कक्ष, स्मार्टबोर्डको समेत प्रयोग गरी पठनपाठनको व्यवस्थापन गर्ने गरी कार्यक्रमहरू तय गरिएका छन् ।

विशेष गरी नेपालले केही दशकयता शिक्षा क्षेत्रमा उल्लेखनीय उपलब्धि हासिल गरेको भएता पनि बालबालिकाको गुणात्मक शिक्षा तथा उनीहरुको सिकाइ उपलब्धिमा अपेक्षित नतिजा हासिल गर्न सकेको छैन । अझै पनि धेरै जोखिम तथा अपाङ्गता भएका बालबालिका विद्यालयको पहुँच भन्दा बाहिर रहेका छन । विद्यालयको विपद् तथा हरित विद्यालयको निर्माणका लागि आवश्यक कार्यहरु कार्यान्वयन उद्देश्य लिएको छ । यसकारण यस गाउँपालिकाले जोखिम तथा अपाङ्गता भएका र अन्य सबै बालबालिकाहरुलाई विद्यालयको पहुँचमा ल्याई गुणस्तरीय तथा समतामूलक शिक्षा प्रदान गर्दै, बालबालिकाको कक्षा छोड्ने तथा कक्षा दोहर्‍याउने क्रमलाई न्युनीकरण, बालबालिकाको सिकाइ उपलब्धिमा बृद्धि, बालबालिकाको तह पूरा गर्ने दरमा बृद्धि गर्दै समग्र अजयमेरु गाउँपालिकाको शैक्षिक गुणस्तरमा सुधार गरी शिक्षा क्षेत्रको अग्रणी गाउँपालिका बनाउने उद्देश्यका साथ यो शिक्षा योजना तयार गरिएको छ ।

**क) विगतका समस्याहरु**

सिकाइका लागि वातावरणको भूमिका मुख्य हुन्छ । यस गाउँपालिकाका विद्यालयहरुको वातावरण पूर्ण रुपमा बालमैत्री भौतिक पूर्वाधारयुक्त बनाउन सकिएको छैन । विद्यालयहरुमा आइपर्ने जोखिम तथा सुन्दर विद्यालय संरचना निर्माणमा पूर्ण ध्यान दिन नसकिएको अवस्था रहेको छ । विद्यालयहरुमा कक्षागत र बिषयगत आधार एवम् विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षक दरबन्दी पुनर्वितरण गर्नुपर्ने छ । विद्यालयको चौतर्फी विकासका लागि प्रभावकारी ढंगबाट अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्न सकिएको छैन । शिक्षकहरुको क्षमता विकास तालिमका साथै प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन कम मात्रामा हुने गरेकोछ । विद्यालयको नियमित अनुगमन मूल्याङ्कन भइ प्रतिवेदन अनुसार कार्यक्रम सञ्चालन हुने परिपाटी बसेको पाइदैन । पाठ्यक्रम, पाठ्यपुस्तक तथा अध्यावधिक शैक्षिक कार्यक्रम सम्बन्धमा शिक्षकहरुलाई दक्ष बनाउन पर्याप्त अध्ययन तालिमका अवसर जुटाउन सकिएको छैन, भएका तालिम कार्यक्रमहरु समेत सैद्धान्तिक कक्षा क्रियाकलापमै सीमित रहेका छन् । साक्षरताको दर शतप्रतिशत पुर्‍याउन अझै सकिएको छैन । सबै बालबालिकाहरुको विद्यालयमा भर्ना तथा भर्ना भएका विद्यार्थीको विद्यालयमा टिकाइ तह पुरा गराउने कार्यमा समस्याहरु रहेका छन् ।

**ख) चुनौतिहरु**

विद्यालय तहको शिक्षाका सबै तहमा पहुँचलाई कायम राख्दै गुणस्तर अभिवृद्धि गर्ने, शिक्षालाई व्यवसाय तथा रोजगारीमूलक बनाउने, विद्यालय तहको शिक्षालाई समतामूलक र समावेशी बनाउने, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमलाई आमनागरिकको पहुँचसम्म पुर्‍याउने, शिक्षकहरूको माग र आपूर्तिबीच सन्तुलन कायम गर्ने, लगानी अनुरूपको प्रतिफल सुनिश्चित गर्ने, संविधान प्रदत्त शिक्षा सम्बन्धि हकहरूको उपभोग गर्ने साथै यस गाउँपालिकाको समग्र शैक्षिक क्षेत्रको व्यवस्थापनमा सुधार गरी सुशासनको प्रत्याभूति गर्ने कार्य चूनौतीपूर्ण छ । यसैगरी सामुदायिक विद्यालयको आधारभूत तह कक्षा १-५ मा घट्दो विद्यार्थी संख्या, कक्षा १–१० को विद्यमान टिकाउ दरलाई वृद्धि गर्ने, आधारभूत तह पुरा नगरी कक्षा छाड्ने दरलाई घटाउने, विद्यार्थीहरुको कक्षागत र विषयगत सिकाई उपलब्धी वृद्धी गर्नु, प्राविधिक विद्यालयमा विद्यार्थीहरुलाई आकर्षण गर्नु साथै यस गाउँपालिकामा रहेका विद्यालयहरुको भौतिक अबस्थालाई सुविधासम्पन्न बनाउने, विद्यालयको वातावरण हरितमय बनाउने, आपत्कालिन समयमा निरन्तर विद्यालय सञ्चालनमा ल्याउने तथा विपद् व्यवस्थापन गर्ने चुनौती पनि रहेको छ ।उच्च बसाइसराइका कारण वर्षेनी विद्यार्थीहरुको संख्या न्यून भएर विद्यालयहरु बन्द हुने अवस्थामा पुगेकाछन् ।विद्यालयमा सुविधा थप हुँदै जाने तर विद्यार्थी संख्या घट्दै जानु अर्को मुख्य समस्या देखा पर्न थालेको छ ।

**ग) गाउँ शिक्षा क्षेत्र योजनाका मुख्य रणनीति**

- विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि प्रधानाध्यापकहरूलाई मुख्य जिम्मेबार बनाउने ।
- शिक्षकको क्षमता विकास गर्ने र शिक्षण पेशामा योग्य जनशक्तिलाई आकर्षण गर्ने ।
- प्रारम्भिक बालविकासको प्रभावकारी व्यवस्थापन गर्दै सो तहको शिक्षा सबै बालबालिकाहरुका लागि अनिवार्य गर्ने ।

- अनिवार्य तथा निःशुल्क गुणस्तरीय शिक्षामा सबैको पहुँच सुनिश्चित गर्न सरोकारवाला सबै निकायको क्षमता विकास, जागरुक र जवाफदेही बनाउने,
- विद्यार्थी सङ्ख्या र भौगोलिकताका आधारमा विद्यालय समायोजन गर्ने कार्यको थालनी गर्ने ।
- प्रतिभा पलायन (Brain Drain) लाई रोक्न मागमा आधारित प्रविधिमैत्री शिक्षा प्रणालीको विकास गरी सीपयुक्त जनशक्ति तयार पार्ने,
- युवाहरुका लागि यस गाउँपालिकामा सञ्चालित प्राविधिक तथा व्यवसायिक धारका विद्यालयहरुवाट गुणस्तरीय प्राविधिक शिक्षामा पहुँच सुनिश्चित गर्ने,
- नागरिकहरुलाई कामको संसारसँग छोटो अवधिका व्यवसायिक तालिमका दिई सीपको प्रमाणीकरणको व्यवस्था मिलाउने,
- शिक्षाको समग्र गुणस्तर कायम गर्न विद्यालयमा प्रतिफलमा आधारित थप लगानी पद्धतिको विकास गर्ने,
- सम्पूर्ण शिक्षा प्रणालिलाई सूचना तथा सञ्चार प्रविधिमा आधारित बनाउने ।
- विद्यालयहरुमा आईपर्ने जोखिम न्यूनिकरणका लागि आवश्यक व्यवस्थापन गर्ने ।
- सुत्केरी विदामा रहेका महिला शिक्षकको सट्टा स्वयमसेवक शिक्षक तयार गर्ने ।
- आपत्कालिन शिक्षा योजना तथा हरित विद्यालय निर्माण गर्ने ।
- विद्यालयमा हुने सबै प्रकारका हिंसाको अन्त्य गर्ने र गुनासो व्यवस्थापनको लागि आवश्यक सयन्त्र तयार गर्ने
- विद्यालय शिक्षाबाट बञ्चितहरुका लागि बैकल्पिक तथा अनौपचारिक शिक्षाको प्रवन्ध गर्ने ।
- नवप्रवेशी शिक्षकहरुलाई मेन्टर शिक्षकहरुबाट आधारभूत शिक्षण सीपका लागि मेन्टर शिक्षकको व्यवस्था गर्ने ।
- विद्यालयको नियमित अनुगमन गर्ने गरि अनुगमन सयन्त्रको विकास गर्ने ।

**घ) विषय प्रवेश**

शैक्षिक सेवा प्रभावकारी रूपमा कार्यान्वयन गरी अपेक्षित नतिजा हासिल गर्न एवम् शिक्षामा पँहुच, गुणस्तर, सहभागिता र समता सुनिश्चित गर्नका लागि शिक्षा योजनाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। नेपालको विद्यालय तहको शिक्षाको विकासका लागि विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्वयनमा रहेको छ। त्यसै गरी प्रदेश स्तरमा पनि शिक्षा क्षेत्रको योजना निर्माण भई कार्यन्वयनमा छन् । स्थानीय सरकार सञ्चालन ऐन २०७४ जारी भएपश्चात् आधारभूत तथा माध्यमिक शिक्षाका कार्यक्रम स्थानीय तह मार्फत कार्यान्वयन भइरहेका छन् । अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षा हासिल गर्नका लागि ७५३ ओटै स्थानीय तहले संघीय र प्रदेश सरकारका योजनालाई आधार मानी आफ्ना आवश्यकतालाई प्राथमिकतामा राखी स्थानीय तहस्तरीय शिक्षा योजना निर्माण गर्नुपर्ने आवश्यकता रहेको छ।

**ङ) शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य**

नेपालको संविधान, राष्ट्रिय शिक्षा नीति, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन तथा नियमावली, दिगो बिकास लक्ष्य, सोहौं पञ्चवर्षीय योजनाको अबधारणा तथा विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन कानुनले प्राथमिकतामा राखेका नीति, कार्यक्रम तथा लक्ष्यलाई संघीय संरचना अनुरूप कार्यान्वयन गर्न र विद्यालय शिक्षा क्षेत्रको विकासलाई दिशानिर्देश गर्न संघीय, प्रदेश र स्थानीय तहमा विद्यालय शिक्षा योजनाको निर्माण गर्न आवश्यकता देखिएको छ। विज्ञान तथा प्रबिधिमा भएको विकास तथा परिवर्तनलाई आत्मसात् गर्न र सृजनशील, सक्रिय तथा नेपालको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि उपयोगी नागरिक तयार गर्नका लागि र शिक्षाको योगदानलाई समय सापेक्ष बनाउन पनि विद्यालय शिक्षा क्षेत्रको योजना मार्फत समग्र शिक्षा प्रणालीमा सुधार गर्नुपने देखिएको छ।

नेपालको संविधान अनूसूची ८ मा स्थानीय तहको एकल अधिकार अन्तर्गत आधारभूत तथा माध्यमिक शिक्षा उल्लेख भएको तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ परिच्छेद ३ (११ ज) ले आधारभूत तथा माध्यमिक तहका लागि २३ ओटा शिक्षाको अधिकार तोकेको छ। यस ऐनको दफा २४ (१) मा स्थानीय तहले आबधिक तथा क्षेत्रगत योजना निर्माण गरी

कार्यान्वयन गर्नुपर्ने नीतिगत व्यवस्था समेत गरेको छ। यी प्रावधानलाई कार्यान्वयन गर्नका लागि सबै स्थानीय तहले शिक्षा योजना निर्माण र कार्यान्वयन गर्न अनिवार्य छ। विद्यालय शिक्षामा रहेका आर्थिक तथा सामाजिक लगायतका कारणले सुविधा विहिन, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्न तथा प्रत्येक बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्दै समग्र विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिबृद्धि गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले १० वर्षे विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ। यसैको आधारमा प्रदेश स्तरमा पनि आबधिक शिक्षा योजना निर्माण भएका छन् । यसै परिवेशमा सबै स्थानीय तहले शिक्षा योजना निर्माण र कार्यन्वयन गर्नुपर्ने आवश्यकतालाई महसुस गरी स्थानीय शिक्षा योजना निर्माण तथा बिकासमा सहजीकरण गर्न यो मार्गदर्शन तयार गरिएको हो।

**च) स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य**

१. तीनै तहमा बन्ने शिक्षा योजनाका बिच लम्बीय (Vertical) र क्षितिजीय (Horizontal) सहसम्बन्ध स्थपित गर्न

२. संघ र प्रदेशबाट प्रदान गरिने स्रोतहरूलाई योजनामा आधारित बनाई व्यबस्थापन, परिचालन र उपयोग गर्न

३. कार्यक्रम र स्रोतमा देखिएको अभाव, दोहोरोपना, स्रोत परिचालनमा असक्षमता जस्ता समस्यालाई न्यूनीकरण गर्न

४. साझा विषय लागत साझेदारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन

५. शिक्षा सम्बन्धी राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता हासिल गर्न सहयोग पुर्‍याउन

**छ) शिक्षा योजना निर्माणका आधार**

स्थानीय तहको शिक्षा योजना निर्माण गर्दा निम्नलिखित दस्ताबेजलाई मूल आधार बनाइएको छ।

क) नेपालको संविधान

ख) सोह्रौं आबधिक योजना

ग) स्थानीय सरकार सञ्चालन ऐन २०७४

घ) संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन २०७७

ङ) अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ लगायत विद्यमान विद्यालय शिक्षा सम्बन्धी ऐन, नियमावली

च) विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) र सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना

छ) शिक्षा नीति मूलतः राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षाको सोचपत्र २०७९

ज) विद्यालय शिक्षामा समता रणनीति

झ) दिगो बिकास लक्ष्य राष्ट्रिय कार्यढाँचा

ज) स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ र स्थानीय तहको बिकास योजना

ट) स्थानीय तहको मध्यकालिन खर्च संरचना

ठ) राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन

ड) बिद्यालय सुधार योजना र अन्य सरकारी र गैरसरकारी सङ्घसंस्थाका शिक्षासम्बन्धी कार्यक्रम आदि ।

# परिच्छेदः दुई

# अजयमेरु गाउँपालिकाको परिचय

## १.१ परिचयः

डडेल्धुरा जिल्लाका तत्कालिन अजयमेरू, समैजी, भद्रपुर, चिपुर, देवल गा.वि.स. मिलाएर अजयमेरू गाउँपालिका निर्माण गरि यस क्षेत्रको महत्वपूर्ण ऐतिहासिक तथा पर्यटकीय क्षेत्र अजयमेरूकोटको नामबाट यस गाउँपालिकाको नामाकरण

गरिएको छ । अजयमेरू गाउँपालिका सुदूरपश्चिम प्रदेशको पहाडी जिल्ला डडेल्धुरामा रहेको छ । यस गाउँपालिकामा ६ वटा वडाहरु रहेका छन्। साविकको भद्रपुर गा.वि.स. हालको वडा न. ३ मा यस पालिकाको केन्द्र रहेको छ । प्राकृतिक स्रोतको दृष्टिकोणले सम्भावनायुक्त तथा भरिपूर्ण, मानवीय स्रोतको दृष्टिकोणबाट नेतृत्त्व क्षमतायुक्त राजनीतिक दल र सचेत एवम् उत्प्रेरित नागरिक यस गाउँपालिकाको दीगो विकासका आधार स्तम्भका रुपमा रहेका छन् । हिन्दू धर्मावलम्बीको अत्याधिक बाहुल्यता रहेको यस क्षेत्रमा विभिन्न समुदाय, जातजातिका मानिसको बसोबास रहनुका साथै विभिन्न चाडपर्वहरु मनाइने गरिन्छ। यस गाउँपालिकाको राजनैतिक विभाजित ६ वटै वडाहरुको आ-आफ्नै अलग अलग विशेषता रहेको छ।

### १.२ नामकरण

कुत्युरवंशी रैका राजा नाग मल्लले डडेल्धुरालाई ४ गड, पश्या, लुलान, रुपाल, बोकटा, पिल्कोट र भूत्यू गरी आठ वर्गमा विभाजन गरी अजयमेरुकोटबाट शासन गरेका थिए । नेपालको संविधान २०७२ जारी भएपछि नेपाल राज्यलाई ७५३ ओटा स्थानीय तहमा विभाजन गरेपश्चात डडेल्धुरा जिल्लाका तत्कालिन समैजी, भद्रपुर, अजयमेरु, चिपुर र देवल दिव्यपुर गा.वि.स. हरुलाई मिलाई अजयमेरु गाउँपालिकाको निर्माण अजयमेरु नामाकरण गरी गरेको हो ।

### १.३ क्षेत्रफल, भौगोलिक अवस्थिति र हावापानी

२८°५९"देखि २९°२६" उत्तरी अक्षांश तथा ८०°१२"देखि ८०°४०" पूर्वी देशान्तरमा सुदूरपश्चिम प्रदेश डडेल्धुरा जिल्लाको सदरमुकाम देखि ९ किलोमिटर उत्तरमा अबस्थित यस गाउँपालिकाको क्षेत्रफल १४९.६२ वर्ग किमि रहेको छ । गाउँपालिकाको सिमाना पूर्वमा अमरगढी गाउँपालिका, पश्चिममा बैतडीको मेलैली गाउँपालिका, उत्तरमा बैतडीको पाटन गाउँपालिका र दक्षिणमा भागेश्वर गाउँपालिकासँग जोडिएको छ । यस गाउँपालिकाको हावापानी समशितोष्ण र शितोष्ण रहेको छ । महाभारतको लेक तथा अन्य उच्च भागमा हिँउदको समयमा हिँउ पर्ने भएकोले ०° र गर्मियाममा ३२° सम्म पुग्ने गर्दछ । यस क्षेत्रको अधिकांश भूगाग बनजंगलले अगोटेको छ । यस क्षेत्रको महत्वपूर्ण भूभागका रुपमा रहेको बन क्षेत्रमा धूपीसल्ला, सल्ला, बाज तिखाज, गुराँस, साल विभिन्न किसिमका जटिवुटीहरु तथा बुट्यानहरुको वन रहेको छ । पूर्ब पश्चिम फराकिलो र उत्तर दक्षिण साँघुरो रहेको यस पालिकाको भूभाग समुन्द्री सतहदेखि ४३२ मिटर देखि अधिकतम २६३९ मिटर उचाइसम्म रहेको छ ।

### १.४ ऐतिहासिक, पर्यटकीय तथा धार्मिक स्थलहरु

अजयमेरुकोट, सहस्रलिंग विरवेताल, डागेश्वरी मन्दिर, जगन्नाथ मन्दिर, समैजी, गंगेश्वर, झाल आदि यहाँका प्रमुख धार्मिक स्थल हुन् । यसै गरि घनघश्याको उकालो, प्राकृतिक मनोरम वनजंगल तथा ऐतिहासिक अजयमेरुकोट यस क्षेत्रका मुख्य आकर्षण हुन् । यस क्षेत्रका सबै बासिन्दाहरुले गौरा र होली पर्वलाई साताव्यापी महोत्सवका रुपमा मनाउने चलन रहेको पाइन्छ ।

### १.५ वर्तमान अबस्था

अजयमेरु गाउँपालिका सुदूरपश्चिम प्रदेश को डडेल्धुरा जिल्ला अन्तर्गत पर्दछ। यस गाउँपालिकालाई प्रशासनिक रुपमा ६ वडामा विभाजन गरिएको छ । यस गाउपालिकामा शैक्षिक सत्र २०८१ सम्ममा सामुदायिक मावि कक्षा (९-१०) २ वटा, कक्षा (९-१२) ७ वटा, सामुदायिक आधारभूत कक्षा (१-८) सम्मका ६ ओटा, सामुदायिक र संस्थागत आधारभूत (१–५) ८ वटा, सामुदायिक आधारभूत कक्षा (१-३) ७ वटा विद्यालय सञ्चालनमा छन् । सामुदायिक विद्यालयमा प्राविधिक तथा व्यावसायिक शिक्षा धारको एक माध्यमिक विद्यालय रहेको छ । समुदायमा आधारित प्रारम्भिक बालविकास केन्द्र ५ र विद्यालयमा आधारित ३० गरी ३५ सञ्चालनमा छन् । प्रारम्भिक बाल विकास शिक्षामा ४७ सहयोगी कार्यकर्ता, प्राथमिक तहमा ८२ दरबन्दी २६ राहत अनुदान कोटा, निम्न माध्यमिक तहमा ३१ दरबन्दी र १० राहत अनुदान कोटा र १६ स्वयंसेबक कार्यरत छन् । माध्यमिक तह कक्षा (९-१२) दरवन्दीमा १६ जना, राहत अनुदानमा ३९ जना, संघीय अनुदानमा ५ जना र स्वयमसेवक शिक्षक ६ जना कार्यरत रहेका छन् ।

यस गाउँपालिकाका आधारभूत तह कक्षा १- ८ कक्षामा कक्षा १ देखि ८ सम्म स्थानीय विषयको पाठ्यक्रमको निर्माण र पाठ्यपुस्तकको सुरुवातीकरण, विद्यालयमा ई–हाजिरी, सिसी क्यामेरा जडानको सुरुवात, नतिजा प्रबोधीकरण र कक्षा ८ को गाउँपालिका स्तरीय परीक्षामा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थी ,शिक्षक र विद्यालयलाई समेत पुरस्कार र SEE मा उत्कृष्ट विद्यार्थीलाई पुरस्कार लगायतका स्थानीय स्रोतको अधिकतम परिचालन हुने शिक्षण सिकाइका असल अभ्यासहरु भइरहेका छन् ।यसै गरि माध्यमिक विद्यालय तथा आधारभूत विद्यालयहरुका विद्यार्थीहरुलाई लक्षित गरि सबै वडा कार्यालय अन्तरगत रहने गरि ७ वटा खेलकुद शिक्षकहरुको व्यवस्था गरिएको छ ।प्राविधिक शिक्षा अध्ययन गर्नेहरुका लागि चिकित्सा शिक्षा र प्राविधिक छात्रवृत्ति उपलब्ध गराइदै आइएकोछ ।

## १.६ साक्षरताको अवस्थाः

### वडागत साक्षरताको अवस्था

यस गाउँपालिकाको नेपाल सरकार (साविक जिल्ला शिक्षा कार्यालय डडेल्धुरा) बाट २०७४ सालमा साक्षर गाउँपालिका घोषणा गरिएको थियो । यसमा प्रत्येक साविकका सामुदायिक सिकाइ केन्द्रहरुको मार्फत तथ्याङ्क सङ्कलनका आधारमा निम्न तालिका अनुसार रहेको छ । जस अनुसार साक्षरता प्रतिशत ७५.६६ रहेको छ ।

**तालिका १ :** जयमेरु गाउँपालिकाको **वडागत साक्षरता प्रतिशत**

| वडा | जम्मा | पुरुष | महिला |
|---|---|---|---|
| जम्मा | ७५.६६ | ८८.४३ | ६४.८९ |
| १ | ७६.१७ | ९१.७१ | ६४.०९ |
| २ | ७६.६९ | ९०.३६ | ६५.५६ |
| ३ | ७३.७१ | ८७.३३ | ६२.०१ |
| ४ | ७९.७१ | ९२.०० | ६८.७१ |
| ५ | ७५.६३ | ८६.९१ | ६६.३४ |
| ६ | ७१.४३ | ८२.१५ | ६१.६७ |

स्रोतः राष्ट्रिय जनगणना २०७८

## १.७ जनसंख्यागत विवरण

तालिका नं. २ वडागत जनसंख्या विवरण

| वडा नं. | जम्मा जनसंख्या | महिला | पुरुष | जनघनत्व | लैंगिक अनुपात |
|---|---|---|---|---|---|
| १ | २२५६ | १२५२ | १००४ | १०२ | ८६.२५% पुरुष प्रति १०० |
| २ | ३४९० | १८९० | १६०० | | |
| ३ | १९१० | १०२८ | ८८२ | अपांगता | २.८% |
| ४ | २३६६ | १२४७ | १११९ | महिला | २.३% |
| ५ | २६४९ | १४२९ | १२२० | पुरुष | ३.३% |
| ६ | २४९० | १२९४ | ११९६ | कुल परिवार संख्या | ३४५३ |
| जम्मा | १५१६१ | | | | |

स्रोतः राष्ट्रिय जनगणना २०७८

## १.८ जातजातिगत तथा भाषागत जनसंख्या विवरण (प्रतिशतमा)

**तालिका नं.** ३ जातजाति तथा भाषाभाषी

| क्षेत्री | ब्राहमण | विश्वकर्मा | मिजार | ठकुरी | परियार | सन्यासी | व्यासी।सौका |
|---|---|---|---|---|---|---|---|
| ५३ | २१ | ९.६ | ९.३ | ३.७ | ३ | ०.२ | ०.१ |
| कुमाल | अन्य | डोटेली | नेपाली | डडेल्धुरेली | बैतडेली | अन्य | बझागी |
| ०.१ | ०.१ | ५३.६ | ३१.९ | १०.८ | ३.४ | ०.१ | ०.१ |

स्रोतः राष्ट्रिय जनगणना २०७८

**१.९ अजयमेरु गाउँपालिकाको वर्तमान शैक्षिक संस्थाको विवरणको अवस्थाः**

यस अजयमेरु गाउँपालिकामा हाल प्रारम्भिक बालविकास देखि विद्यालय तहसम्म पठनपाठन हुन्छ । विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः-

| | | | |
|---|---|---|---|
| कक्षा ८ | १७७ | १३२ | ३०९ |
| कक्षा ६-८ | ४९४ | ४४० | ९३४ |
| कक्षा ९ | १६५ | १४३ | ३०८ |
| कक्षा १० | १४० | ११५ | २५५ |
| कक्षा ९-१० | ३०५ | २५८ | ५६३ |
| कक्षा ११ | २० | ३२ | ५२ |
| कक्षा १२ | ११३ | ७९ | १९२ |
| कक्षा ११-१२ | ११३ | ७९ | १९२ |
| जम्मा | १८०० | १७३९ | ३५३९ |

| Basic Level-1 to 5(+ECD) | | | | | | | | | | | | Basic Level-6 to 8 | | | | | | Secondary Level-9 to 10 | | | | Secondary Level-11 to 12 | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ECD | | G1 | | G2 | | G3 | | G4 | | G5 | | G6 | | G7 | | G8 | | G9 | | G10 | | G11 | | G12 | |
| Girls | Boys | Girls | Boys | Girls | Boys | Girls | Boys | Girls | Boys | Girls | Boys | Girls | Boys | Girls | Boys | Girls | Boys | Girls | Boys | Girls | Boys | Girls | Boys | Girls | Boys |
| 237 | 305 | 152 | 130 | 120 | 126 | 124 | 110 | 128 | 129 | 127 | 130 | 152 | 170 | 165 | 138 | 177 | 132 | 165 | 143 | 140 | 115 | 20 | 32 | 113 | 79 |
| 542 | | 282 | | 246 | | 234 | | 257 | | 257 | | 322 | | 303 | | 309 | | 308 | | 255 | | 52 | | 192 | |
| G: 888 \| B: 930 \| T: 1818 | | | | | | | | | | | | G: 494 \| B: 440 \| T: 934 | | | | | | G: 305 \| B: 258 \| T: 563 | | | | G: 133 \| B: 111 \| T: 244 | | | |

स्रोतः IEMIS, CEHRD, 2080, अजयमेरु, शिक्षा, युवातथा खेलकुद शाखा, डडेल्धुरा ।

**तालिका ७ : सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षक, कर्मचारी तथा बालविकास सहजकर्ताको विवरण**

| तह/पद | स्विकृत | राहत/ अनुदान | स्वयंसेवक | जम्मा |
|---|---|---|---|---|
| बालविकास | ४२ | ० | ५ | ४७ |
| आधारभूत शिक्षक | ११३ | ३६ | ३६ | १८५ |
| माध्यमिक शिक्षक | १६ | ४४ | ६ | ६६ |
| विद्यालय सहायक | ९ | ० | १ | १० |
| का.स. | ० | ३२ | १ | ३३ |
| परिचालक (CLC) | ० | ५ | ० | ५ |
| जम्मा | १८० | ११७ | ४९ | ३४६ |

स्रोतः अजयमेरु शिक्षा, युवा तथा खेलकुद शाखा, डडेल्धुरा ।

**तालिका ८:- सामुदायिक विद्यालयमा रहेका शिक्षक दरबन्दी तथा शिक्षक विद्यार्थी अनुपातको विवरण**

| तह | शिक्षक दरबन्दी विवरण | | | | विद्यार्थी सङ्ख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|
| | स्विकृत | राहत। अनुदान | स्वयंसेबक | कूल जम्मा | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| माध्यमिक (९-१२) | १६ | ४४ | ६ | ६६ | ८०७ | १:१२ |
| आधारभूत (६-८) | ३१ | १० | १६ | ५७ | ९३४ | १:१६ |
| आधारभूत (१-५) | ८२ | २६ | २० | १२८ | १२७६ | १:१० |
| बालविकास | ४२ | | ५ | ४७ | ५२४ | १:११ |

स्रोतः IEMIS 2080, CEHRD, अजयमेरु शिक्षा, युवा तथा खेलकुद शाखा, डडेल्धुरा ।

**तालिका ९:-विद्यार्थीहरुको तहगत औसत सिकाइ उपलब्धि विवरणः**

| शैक्षिक सत्र | आधारभूत तह | | | मावि तह | कैफियत |
|---|---|---|---|---|---|
| | ३ | ५ | ८ | १० | |
| २०८० | २.११ | २.५३ | २.०१ | | Average GPA |

स्रोतः अजयमेरु शिक्षा, युवा तथा खेलकुद शाखा, डडेल्धुरा ।

माथिको तालिकालाई विश्लेषण गर्दा सिकाइ उपलब्धि समग्रमा सन्तोषजनक प्राप्त हुन सकेको अवस्था छैन । तर माध्यमिक तहको उपलब्धी घट्दोक्रममा छ । सुधारका कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ ।

**१.११ हाल सञ्चालित मुख्य कार्यक्रमहरू**

अजयमेरु गाउँपालिकाले शिक्षाको गुणस्तर सुधार गर्न विभिन्न कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । विद्यालयको भौतिक संरचना निर्माण तथा आन्तरिक तथा बाह्य वातावरण सुदृढ गर्दै बालबालिकाको उच्चतम सिकाइ बृद्धि गर्न तथा समग्र गाउँपालिकाको शैक्षिक सुधारका लागि देहायका कार्यक्रमका माध्यमबाट समेत गाउँपालिका प्रयत्नरत छ ।

**१. गाउँपालिकाद्वारा स्वयमसेवक शिक्षक व्यवस्थापनः**

गाउँपालिकामा विद्यालय संख्याका आधारमा शिक्षक दरबन्दीको पर्याप्तता नभएका कारण शिक्षक पदपूर्ति गर्नका लागि कार्यविधि तयार गरी स्थानीय तह स्तरमा स्वयंसेबक दरबन्दी कायम गरी आवश्यक पर्ने शिक्षकको पदपूर्ति गरेको छ ।

२.गाउँपालिका स्तरमा शिक्षक कार्यशाला आयोजना गरि शैक्षिक गुणस्तर अविवृद्धिका लागि शैक्षिक सम्मेलन आयोजना।

**३. गुणस्तरीय शिक्षाका लागि शिक्षक अभिभावक तथा विद्यार्थीहरु बीच अन्तरक्रिया कार्यक्रम**

**४. सूचना तथा सञ्चार प्रविधि व्यवस्थापनः** माध्यमिक तह सञ्चालित विद्यालयहरुमा WIFI जडान तथा सञ्चालन, ल्यापटप तथा प्रोजेक्टर र प्रिन्टर वितरण ।

**५. उत्कृष्ट बालविकासलाई पुरस्कारः** बालविकास शिक्षकलाई थप हौसला तथा अझै राम्रो काम गर्नका लागि उत्प्रेरणा मिलोस भनी यस गाउँपालिकाले उत्कृष्ट बालविकासलाई प्रोत्साहनको कार्यक्रम उपलब्ध गराएको छ।

**६ परीक्षामा नयाँ व्यवस्थापनः** शैक्षिक सुधार तथा विद्यार्थी मूल्याङ्कनलाई वास्तविकतामा लैजान गाउँपालिकाले अजयमेरु गाउँपालिका अन्तरगतका विद्यालयहरुमा सञ्चालित आधारभूत तहको अन्तमा कक्षा ८ को आधारभूत शिक्षा परीक्षालाई माध्यमिक शिक्षा परीक्षाको मोडेलमा व्यवस्थापन गर्ने गरिएको छ । अन्य कक्षाहरुको प्रथम,द्वितीय त्रैमासिक र बार्षिक परीक्षा पनि प्रश्नपत्रको एकरुपताका लागि गाउँपालिकाबाट नै व्यवस्थापन गरी परीक्षा सञ्चालन गर्ने कार्य र कक्षा ८ को उत्तरपुस्तिका परीक्षणको कार्य सांकेतिक (कोड नम्बर) का आधारमा विद्यार्थीहरुको नतिजा प्रकाशन, विश्लेषण तथा पुनर्योगको व्यवस्था समेत गरिएको छ ।

**७.खेलकुद शिक्षकको व्यवस्थापनः** सबै माध्यमिक तथा आधारभूत विद्यालयमा अध्यनरत विद्यार्थीहरुको खेलकुद क्षेत्रको विकास तथा खेलकुद प्रतिको आकर्षणलाई मध्य नजर गरि सबै वडा कार्यालयहरुमा रहने गरि खेलकुद शिक्षकहरुको व्यवस्था गरिएको छ ।

माथि उल्लेखित कार्यक्रमहरूका अतिरिक्त हाल कार्यान्वयनमा रहेका केही कार्यक्रमहरू निम्नानुसार छन् :-

१. नियमित प्र.अ. बैठक सञ्चालन
२. बालविकास केन्द्रका सहजकर्ताका लागि क्षमता विकास तालिम र शैक्षिक सामग्री वितरण
३. विद्यालयमा भौतिक विकास तथा निर्माण (भवन, पुस्तकालय, कक्षाकोठा मर्मत तथा फर्निचर, विज्ञान प्रयोगशाला, ICT ल्याव, वास सहितको शौचालय र घेरवार)
४. शैक्षिक सामग्रीका लागि अनुदान वा खरीद
५. कक्षाकोठा व्यवस्थापन अनुदान
६. छात्रवृत्ति र प्रोहत्सान अनुदान
७. प्रति विद्यार्थी लागत अनुदान
८. शिक्षण सिकाइ सुधार अनुदान
९. विद्यालय तथा कक्षा अनुगमन निरीक्षण/सुपरिवेक्षण
१०. एकमुष्ट सशर्त अनुदान
११. खेलकुद र अतिरिक्त क्रियाकलाप
१२. सामुदायिक सिकाइ केन्द्र
१३. साक्षरता र निरन्तर शिक्षा कक्षा
१४. आइ.सि.टि जडान
१५. दिवा खाजा (प्रारम्भिक बालविकास देखि कक्षा पाँचसम्म)
१६. सरकारी र विभिन्न गैरसरकारी संघसंस्थाबाट आयोजना तथा सञ्चालन गरिने कार्यक्रमहरू
१७. अभिभावक शिक्षा कार्यक्रम
१८. विद्यार्थी मनोपरामर्स कार्यक्रम
१९. विद्यार्थी, शिक्षक, प्रअ, विद्यालयका पदाधिकारी र जनप्रतिनिधिहरुका बिचमा शैक्षिक छलफल तथा अन्तर्क्रिया
२०. नमुना विद्यालय कार्यक्रम
२१. सचेतनामूल कार्यक्रम सञ्चालन
२२. बालविवाह तथा अन्य कुरीतिहरु विरुद्ध सचेतना कार्यक्रम सञ्चालन
२३. वार्षिक शैक्षिक वुलेटिन प्रकाशन
२४. शैक्षिक क्यालेण्डर अनुसारका शैक्षिक कार्यक्रम सञ्चालन
२५. शिक्षक कर्मचारीहरुको मासिक तलब स्वयम् शिक्षक कै खातामा निकासा
२६. विद्यालय नर्स कार्यक्रम

- **सुधार गर्नुपर्ने पक्षहरुः**

- प्रधानाध्यापक, शिक्षकहरुको क्षमता विकास तथा कार्यसम्पादन करार ।
- शिक्षण पेशामा दक्ष जनशक्ति आकर्षण ।
- न्यूनतम मापदण्ड पूरा नगरेका बालविकास केन्द्रको गुणस्तर सुधार
- सबै बालबालिकाको प्रारम्भिक बालविकास केन्द्रमा पहुँच सुनिश्चित गर्ने ।
- आधारभूत तहका विद्यालयको न्यूनतम आवश्यकताहरु पूरा गर्ने ।
- आधारभूत तहमा निःशुल्क तथा अनिवार्य शिक्षा प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।
- विद्यालय छोड्ने, कक्षा दोहऱ्याउने दर घटाउने ।
- सबै विद्यालयको भौतिक तथा शैक्षिक वातावरण लैंगिक तथा बालमैत्री तथा सिकाइ वातावरणको सुधार ।

- आधारभूत र माध्यमिक तहमा बालबालिकाको सिकाइ उपलब्धिमा बृद्धि गर्ने ।
- माध्यमिक तहको शिक्षा गुणस्तरीय बनाउने ।
- सबै विद्यालयमा सूचना, प्रविधि तथा सञ्चारको पहुँच बिस्तार गर्ने ।
- माध्यमिक तहमा प्राविधिक शिक्षाको पहुँच, विस्तार तथा गुणस्तरमा अभिबृद्धि गरी प्राविधिक तथा व्यवसायिक शिक्षालाई सर्वसुलभ बनाउने ।
- शिक्षकहरुको अन्तर विद्यालय सरुवा तथा दरवन्दी मिलान
- विद्यालय तह मिलान तथा कक्षा समायोजन
- अनुगमन तथा मूल्यांकनलाई प्रभावकारी बनाउने ।

## १.१२ अवसरहरु

यस गाउँपालिकाका सबै क्षेत्रमा माध्यमिक तहसम्मको शिक्षा प्रदान गर्ने विद्यालय संख्या पर्याप्त भएको, महिला, दलित, जनजाति र अपाङ्गता भएका समुदायका बालबालिका र विद्यार्थीहरूको विद्यालय तहमा भर्ना दरमा उल्लेखनीय रूपमा वृद्धि भएको, साधारण शिक्षाका अतिरिक्त माध्यमिक शिक्षामा प्राविधिक तथा व्यावसायिक धार समेत सञ्चालन भएको एउटा विद्यालय स्थापना भएको त्यस्तै समुदायमा शिक्षाप्रतिको आकर्षण बढेको, स्वास्थ्य तथा सरसफाइ, वातावरण संरक्षण र आफ्ना हक अधिकारप्रतिको सजगता हरेक नागरिकमा बढेको, शैक्षिक सूचना प्रणाली र शैक्षिक सुशासनका लागि सूचना तथा सञ्चार प्रविधिको आधारशिला तयार भएको साथै अधिकांश विद्यालयहरुका ICT प्रयोगशाला समेत निर्माण भइ शिक्षण सिकाइ क्रियाकलापमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार भएका आदि कारणहरूले गुणात्मक शिक्षाको विकास गर्ने अवसर सिर्जना भएको छ । विद्यार्थीहरुको स्वास्थ्य परिक्षण लगाएतका पक्षहरुलाई लक्षित गरि विद्यालय नर्स कार्यक्रम सञ्चालनमा रहेको ।साथै देहायका अबसरहरु पनि रहेका छन्ः

- स्थानीय सरकारले शिक्षा सम्बन्धि संघीय सरकारको शैक्षिक नीति, नियम, मापदण्डसँग नबाँझिने गरी नीति, कानुन, मापदण्ड, योजना निर्माण, कार्यान्वयन र अनुगमन गर्ने व्यवस्था।
- संघीय संरचना अनुसार सञ्चालनमा रहेका सबै स्थानीय तह स्वायत्त भएका ।
- योजना तथा बजेट निर्माणमा स्थानीय तह स्वायत्त हुनु ।
- राष्ट्रिय शिक्षा नीति २०७६ कार्यान्वयनमा हुनु ।
- राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ कार्यान्वयन हुनु ।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा स्थानीय तहका लागि शिक्षा सम्बन्धि २३ वटा अधिकारहरुको व्यवस्था गरिनु।

## १.१३ अपेक्षित उपलब्धिहरु

यस १० बर्षे शिक्षा योजनाले आधारभूत तहको खुद भर्नादर शत प्रतिशत पुऱ्याउने, माध्यमिक तहको खुद भर्नादर ८७ प्रतिशत पुऱ्याउने, आधारभूत तहको कूल भर्नादर शत प्रतिशतमा पुऱ्याउने, माध्यमिक तहको कूलभर्नादर ८० प्रतिशतमा पुऱ्याउने, सबै तहको टिकाउ दर शत प्रतिशत पुऱ्याउने, लैङ्गिक समता सूचक १ पुऱ्याउने, विद्यालय बाहिर रहेका बालबालिकाको सङ्ख्या शून्यमा झार्ने, कक्षा दोहोऱ्याउने दर शुन्यमा झार्ने, सबै तह र कक्षाको विषयगत सिकाइ उपलब्धि न्यूनतम ६० प्रतिशत पुर्‍याउने, पन्ध्र बर्ष भन्दा माथिको साक्षरता दर १०० प्रतिशत पुऱ्याउने र अजयमेरु गाउँपालिकाले आफ्नो बार्षिक कूल समानीकरण बजेटको २० प्रतिशत शिक्षामा लगानी गर्ने लक्ष्य राखेको छ ।

# परिच्छेदः तिन

# गाँउ शिक्षा योजनाको प्रारम्भ

## २.१ सन्दर्भ र औचित्यः

देशमा प्रजातन्त्रको पुनर्वहालीसँगै शिक्षा आर्जनका लागि विभिन्न विद्यालय तथा विश्वविद्यालयको स्थापना भएको देखिन्छ । सर्वसाधारणका लागि शिक्षा आर्जन गर्न सहज वातावरण भएसँगै सरकारले शिक्षासँग सम्बन्धित विभिन्न नीति तथा कार्यक्रम ल्याएको देखिन्छ । वि.सं. २०१० को **नेपालमा शिक्षा** नामक योजना कार्यान्वयन भएसँगै शिक्षा प्राप्त गर्न आम नागरिकको चासो बढेको देखिन्छ। नेपालमा शिक्षामा आम नागरिकको पहुँच बृद्धि गर्न तथा शिक्षालाई व्यवसायिक तथा प्रतिस्पर्धी बनाउनका लागि शिक्षासँग सम्बन्धित विभिन्न नीति, नियम तथा परियोजना सञ्चालन भएका छन्। हाल नेपालमा कार्यान्वयनमा रहेको संविधानले अधारभूत तथा माध्यमिक शिक्षाको अधिकार स्थानीय तहलाई प्रदान गरेसँगै शैक्षिक योजना प्रणालीमा पनि विकेन्द्रिकरणको आवश्यकता रहेको छ ।

नेपालको संविधानले शिक्षालाई मौलिक हकको रुपमा सुनिश्चित गरेको छ । प्रत्येक नागरिकलाई आधारभूत तहको शिक्षा अनिवार्य तथा निःशुल्क ग्यारेन्टी गरेको छ भने माध्यमिक तहको शिक्षालाई अनिवार्य गरेको छ । त्यसै गरी गरिब तथा जोखिममा रहेका बालबालिकालाई कानुन बमोजिम निःशुल्क शिक्षाको हक प्रदान गरेको छ । संविधानको अनुसूची- ८ ले स्थानीय तहको अधिकारको सूचीको क्र.सं.(८) मा आधारभूत र माध्यमिक तहको शिक्षा स्थानीय तहको क्षेत्राधिकारमा रहेको व्यवस्था गरेको छ भने स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (ज) अनुसार शिक्षाका २३ वटा अधिकार स्थानीय तहलाई प्रदान गरेको सन्दर्भमा स्थानीय सरकारले अधिकार कार्यान्वयन गर्न तथा शिक्षाको विकास मार्फत समृद्ध अजयमेरु गाउँपालिका निर्माणका लागि यो गाउँ शिक्षा योजना निर्माण गरिएको हो ।

साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ६ (२४) मा गाउँपालिका तथा गाउँपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका बिषयका लागि आवधिक, बार्षिक, रणनीतिगत बिषयमा क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजना बनाइ लागु गर्न सक्ने अधिकारको व्यवस्था गरेको छ । स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५ ले पनि स्थानीय तहले बार्षिक योजना र बजेट तर्जुमा गर्नु पूर्व स्थानीय तहको भौगोलिक, सामाजिक, आर्थिक तथा पूर्वाधार लगायतका क्षेत्रको यथार्थ स्थिति देखिने गरी वस्तुगत विवरण (Profile) तयार वा अद्यावधिक गर्नु पर्नेछ। अद्यावधिक वस्तुगत विवरण आफ्ना website मार्फत सार्वजनिक गर्नुपर्ने व्यवस्था गरेको छ । त्यसै गरी उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग प्रतिवेदन २०७५ ले स्थानीय आवश्यकतामा आधारित मा जोड दिएको छ । यस्ता नीतिगत व्यवस्थालाई कार्यान्वयन गर्न पनि यो शिक्षा योजना आवश्यक छ ।

सरकारले विद्यालय शिक्षामा गरेको लगानी अनुरुप शैक्षिक योजना, नीति तथा कार्यक्रम निर्माण नभएको हुँदा खर्च भएको स्रोतको प्रतिफल मापन गर्न सकिरहेको अबस्था छैन भने अर्को तिर स्थानीय तहमा रहेका शैक्षिक मुद्दा तथा समस्याका आधारमा शैक्षिक योजना कार्यान्वयनका लागि समेत योजना नभएको हुँदा तथा शैक्षिक सूचकको हिसाबले स्थानीय तहले शैक्षिक उपलब्धि मापन गर्न सकिएको छैन । तसर्थ स्थानीय तहको शिक्षा योजना बनाउन आवश्यक छ। लक्ष्य, उद्देश्य, रणनीति तथा क्रियाकलाप सहितको समग्र योजना बनाउन स्रोतको सही सदुपयोग, अपेक्षित उपलब्धि हासिल गर्न सजिलो हुनका साथै तीनै तहको सरकारले बनाएका योजनाहरु अन्तरसम्बन्धित हुन जरुरी छ। संविधानको मर्म अनुसार तीन तहका सरकार बिचको समन्वय, सहकार्य र सहअस्तित्वको सिद्धान्तमा आधारित शिक्षा योजना निर्माण गरी स्रोत र साधनको उच्चतम प्रयोग गर्न योजना कार्यान्वयन आवश्यक देखिएको छ । यसर्थ अजयमेरु गाउँपालिकाले

शिक्षाको समग्र विकास तथा शिक्षाको माध्यमबाट सामाजिक रुपान्तरणका लागि गाउँ शिक्षा योजना निर्माण गर्ने प्रयत्न गरिएकोछ ।

शिक्षाको सुधारमा लागि वि.सं. २०८७ (सन् २०३०) सम्म प्राप्त गर्ने उपलब्धिहरुलाई समेट्ने गरी यस खण्डमा गाउँ शिक्षा योजनाको दुरदृष्टि (Vision), ध्येय (Mission), उद्देश्यहरु (Objectives), रणनीतिहरु (Strategies) तथा प्रमुख उपलब्धि सूचक (Key Indicators) प्रस्तुत गरिएको छ ।

## २.२ दूरदृष्टी

विद्यालय तहको शिक्षामा सबैको पहुँच र गुणस्तर अभिवृद्धि गरी प्रतिस्पर्धी, उद्यमी र नवप्रवर्तनशील मानव पुँजीको विकासबाट गाउँपालिकाको शैक्षिक तथा आर्थिक सामाजिक रूपान्तरण ।

## २.३ उद्देश्यहरू

अजयमेरु गाउँपालिकाको शैक्षिक विकासको लागि निर्माण गरिएको १० वर्षे गाउँ शिक्षा योजनाले विद्यालय तहको शिक्षालाई बढी उद्देश्यमूलक समसामयिक एवम् स्तरीय बनाउने प्रयास गरेको छ । यस योजनाको मूल ध्येय शैक्षिक गुणस्तर सुधारका लागि राम्रो विद्यालय, राम्रो शिक्षण र राम्रो सिकाइको सुनिश्चितता प्रदान गर्नु हो । यो शिक्षा योजना यस क्षेत्रका विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि विद्यालयलाई सहयोग गर्ने एउटा साधन पनि हो । विद्यालय व्यवस्थापन समिति तथा शैक्षीक नेतृत्व र सबै सरोकारवालाहरुको सक्रियतामा गुणस्तर शिक्षामा जोड दिनुका साथै समग्र पक्षको सुधारमा केन्द्रित रही विद्यालयको शैक्षिक योजना तयार गरिएको छ ।शिक्षाप्रेमी, विद्यार्थी, शिक्षकलगायतका सरोकारवालाहरूको सक्रिय सहभागिताको प्रवर्धन, गतिशील संलग्नता र अपनत्व वृद्धि गर्नुलाई यस योजनामा मुख्य स्थान दिइएको छ । विद्यालय समुदायको महत्वपूर्ण सम्पत्ति भएकाले समुदायको सहयोगबाट मात्र यसको अपेक्षित विकास सम्भव छ भन्ने व्यावहारिक सिद्धान्तलाई यस योजना अभ्यासले आत्मसात् गर्दछ । त्यसैले योजनामा सरकारबाट प्राप्त हुने अनुदानका अतिरिक्त विद्यालयको आन्तरिक स्रोत तथा सबै सहयोगी निकायसँगको समन्वय, साझेदारी र सहकार्यमा विद्यालयलाई प्राप्त हुने सहयोगबाट सम्पादन गर्न सकिने कार्यकलापहरूलाई समेत समावेश गरिएको छ । यसका साथै योजनामा बजेट बिना र कम बजेटमा गर्न सकिने कार्यकलापहरूमा विशेष जोड दिनु आवश्यक छ । योजनाको आधारमा नै शिक्षा विकास तथा सम्पूर्ण शैक्षिक क्रियाकलाप सञ्चालन हुने भएकाले यस गाउँ शिक्षा योजनालाई परिणाममुखी बनाउने काम गरिएको छ । यस गाउँ शिक्षा योजनाका उद्देश्यहरु निम्नानुसार रहेका छन्:

१. सबै बालबालिकालाई विद्यालय शिक्षामा समतामूलक पहुँच र सहभागिता सुनिश्चिच गर्दै आधारभूत शिक्षा अनिवार्य तथा निःशूल्क र माध्यमिक शिक्षामा निःशूल्क, गुणस्तरीय, जीवनोपयोगी र प्रविधिमैत्री बनाउनु ।

२. समतामूलक पहुँच विस्तार गरि प्राविधिक र व्यावसायिक सिप विकासमा समावेशी शिक्षा सुनिश्चित गर्नु ।

३. बालमैत्री तथा अपाङ्गमैत्री भौतिक पूर्वाधार निर्माण गरी सिकाइ वातावरणमा सुधार ल्याउनु ।

४. शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी रूपमा कार्यान्वयन गर्नु ।

५. अनौपचारिक शिक्षा र आजीवन सिकाइका अवसर सुनिश्चित गर्नु ।

६. आपत्कालिन अवस्थामा पनि विद्यार्थीको सिक्न पाउने अधिकारको सुनिश्चित गर्दै बैकल्पिक सिकाइको प्रभावकारी रुपमा कार्यान्वयन गर्नु ।

७. स्थानीय पाठ्यक्रम निर्माण गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्नु ।

८. विद्यालयहरुको तह समायोजन तथा कक्षा समायोजन गरी विषयगत रूपमा र कक्षागत रुपमा शिक्षकको दरबन्दी व्यवस्थापन गर्नु ।

## २.४ रणनीति

१. सबै बालबालिकालाई विद्यालय शिक्षामा समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्न आधारभूत शिक्षा अनिवार्य र निःशूल्क तथा माध्यमिक शिक्षामा निःशूल्क गर्ने ।

२. प्रविधिमैत्री विद्यालय बनाई प्राविधिक र व्यावसायिक सिप विकासको सुनिश्चिताका लागि आवश्यक वातावरण निर्माण गर्ने ।

३. बालमैत्री तथा अपाङ्गमैत्री भौतिक पूर्वाधार निर्माण गरी हरित विद्यालय सहितको सिकाइ वातावरणमा सुधार गर्ने ।

४. शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी रूपमा कार्यान्वयन गर्न शिक्षकहरुका लागि तालिम सञ्चालन गर्ने ।

५. विद्यालय शिक्षाबाट आधारभूत तह पुरा गर्न नसकेका तथा निरक्षरहरुका लागि अनौपचारिक शिक्षा र आजीवन सिकाइका अवसर सुनिश्चित गर्ने

६. अनौपचारिक स्तरबाट समेत शिक्षा प्राप्त गर्न प्रोत्साहन गर्ने नीति अवलम्बन गर्ने ।

७. आपतकालिन सिकाइका लागि बैकल्पिक सिकाइको वातावरण तयार गर्न स्वयमसेवक शिक्षकहरुको रोष्टर तयार गर्ने।

८ स्थानीय पाठ्यक्रलाई व्यवहारिक र गुणस्तरयुक्त गर्दै स्थानीय विषयवस्तुको सिकाइ र व्यवसायको हस्तान्तरणमका लागि आवश्यक नीति अवलम्बन गर्ने ।

९. विद्यालयमा देखिएको विषयगत शिक्षक दरवन्दीको समाधानका लागि विद्यालयहरुको तह मिलान तथा समायोजन गरि योग्यता पुगेका शिक्षकहरुलाई माथिल्लो तहमा व्यवस्थापन गर्ने ।

१०. महिला शिक्षकहरुको सुत्केरी विदामा विद्यालयमा हुने शिक्षण सिकाइ निरन्तरताहरुका लागि वैकल्पिक शिक्षकहरुको रोष्टर तयार गर्ने ।

११. लैसस तथा गुनासो सुनुवाई मार्फत कार्यसम्पादनमा आधारित योगदानको प्रभावकारी मूल्यांकन र कार्यान्वयन गर्ने गरि आवश्यक जनशक्ती तयार गर्ने ।

१२. सबै स्तरको खेलकुदका लागि विद्यार्थीहरुलाई संलग्न गराइनेछ । तथा पदक विजेताहरुलाई उचित पुरस्कार उपलब्ध गर्ने ।

१३. बालविकास सहजकर्ताहरुको क्षमता सुधारका कार्यक्रमका लागि नियमित अनुगमन तथा निरिक्षण संयन्त्र बनाउने।

१४. सुन्दर विद्यालय निर्माण गरि विद्यालयमा करेसावारी तथा बगैंचा निर्माण गर्ने साथै सुरक्षित विद्यालयको विकास गर्ने।

१५. अस्थायी,राहत र अनुदानमा रिक्त पदपूर्ती गर्न पालिकास्तरमा शिक्षकपदपूर्ती समिति गठन गरी कार्यविधि तयार गर्ने।

१६. प्रारम्भिक उमेरका वालबालिकालाई विशेष केन्द्रित गरि संस्थागत तथा सामुदायिक विद्यालयमा वालउद्यान निर्माणको अवधारणा क्रमशः कार्यान्वयनमामा लैजाने ।

## २.५ कार्यनीति

माथि उल्लेखित उद्देश्यहरु प्राप्त गर्नका लागि विभिन्न रणनीतिहरु तय गरिएको छ । तय गरिएका उद्देश्य प्राप्त गर्न प्राथमिकतामा आधारित तपसिल बमोजिमको रणनीतिहरु कार्यान्वयन गरिने छः

- प्रचलित ऐन तथा कानुन बमोजिम प्रारम्भिक बालविकासको रणनैतिक योजना तयार गरी लागु गरिने छ ।
- एक वडामा एक नमुना विद्यालय तथा बालविकास केन्द्रको अवधारणा कार्यान्वयन गरिने छ ।
- गाउँपालिकाभित्र स्नातक तह अध्यापन गर्ने सस्थाको स्थापनाका लागि पूर्वाधार विकास गरिने छ ।
- संघीय कानुन र मापदण्ड बमोजिम नक्साङ्कनको आधारमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गरी सबै बालबालिकाको पहुँच तथा सहभागिताको सुनिश्चितता गरिने छ ।
- आधारभूत तहको शिक्षालाई निःशुल्क तथा अनिवार्य एवम् माध्यमिक शिक्षालाई निःशुल्क गरी सबै बालबालिकाको शिक्षामा पहुँच अभिबृद्धि गरिने छ ।

- संघ तथा प्रदेश सरकारको समन्वय तथा सहजीकरणमा स्थानीय सरकारले विद्यालयको भौतिक पूर्वाधार विकास, शैक्षिक, आर्थिक विकासको व्यवस्थापन गर्दै सबै बालबालिकाको शिक्षामा पहुँचको सुनिश्चितता गरिने छ ।
- स्थानीय परिवेश, आवश्यकता, सामाजिक, संस्कृति अनुरुप कक्षा ८ सम्म स्थानीय पाठ्यक्रम निर्माण गरी लागु गरिने छ ।
- विद्यालयमा नेतृत्व विकास, पारदर्शिता, जवाफदेहिता कायम गर्न विद्यालयका सरोकारवालाको क्षमता अभिबृद्धि गरिने छ ।
- बालबालिकाको स्वास्थ्य, सरसफाइका लागि स्थानीय गैरसरकारी तथा शिक्षा सरोकारवालासँग समन्वय र सहकार्य गरी विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम लागु गरिने छ । साथै संघीय तथा प्रदेश सरकारको सहयोग तथा सहकार्यमा विद्यालयमा दिवाखाजाको व्यवस्था मिलाईने छ ।
- प्रत्येक वडाको अग्रणी विद्यालयलाई शैक्षिक सम्पर्क विद्यालयको रुपमा कायम गरिने छ । साथै सक्रिय शिक्षकलाई सम्पर्क व्यक्ति वडागत रुपमा तोकि सोही आधारमा स्रोत व्यवस्थापन गरिनेछ।
- शिक्षकको शैक्षिक क्षमता अभिबृद्धि गर्न समय समयमा शिक्षक तथा विद्यालय कर्मचारीहरुलाई तालिम, कार्यशाला, अभिमुखीकरण कार्यक्रम, बैठक, अन्तरक्रिया कार्यक्रम वडागत तथा पालिका स्तरमा सञ्चालन गरिने छन् ।
- विशेष शिक्षा आवश्यकता भएका बालबालिकाहरुका लागि विशेष कक्षा सञ्चालन गरिने छ ।
- विपन्न तथा जेहेन्दार विद्यार्थीको पहिचान गरी छात्रवृत्ति, शैक्षिक सामग्री उपलब्ध गराइ उनीहरुको शैक्षिक निरन्तरतामा जोड दिइने छ ।
- कार्य सम्पादनका आधारमा प्रत्येक बर्ष उत्कृष्ट शिक्षक छनौट गरी पुरुस्कृत गरिने छ ।
- रणनीतिक योजना कार्यान्वयनको अवस्था मापन गरी आवधिक प्रतिवेदन तयार गर्न पालिका स्तरमा अनुगमन मूल्याङ्कन तथा प्रतिवेदन समिति गठन गरिने छ ।
- शिक्षाको पेशागत सहयोग र विद्यालय सुपरिवेक्षण कार्यका लागि पालिका स्तरमा विज्ञ समूह, साथी समूहको रोष्टर समूह गठन गरी परिचालन गरिने छ ।
- सामुदायिक सिकाइ केन्द्रको क्षमता अभिबृद्धि गरी सामाजिक परिचालनका कार्यक्रममा सहभागी गराइने छ
- बालबालिकाको पठन सीप अभिबृद्धि गर्न वडास्तरमा र पालिकास्तरमा शैक्षिक कार्यक्रम सञ्चालन गरिने छ ।यी कार्यक्रमहरु विद्यार्थी तथा अभिभावकको संलग्नतामा सम्पन्न गरिने छ ।
- विद्यार्थीहरुलाई राष्ट्र र समाजप्रति उत्तरदायित्व बोध गर्नका लागि अनिवार्य रुपमा आधारभूत तथा माध्यमिक तहका विद्यार्थीहरुलाई स्काउट, जुरेस/युरेस र बालक्लव गठन, परिचालन जस्ता मानवीय कार्य र गतिविधिमा संलग्न गराइने छ ।
- शिक्षक नियुक्ति व्यवस्थापन र सेवा सर्त सम्बन्धिको निश्चित मापदण्ड तयार पारी लागु गरिने छ ।
- विद्यार्थीहरुलाई खेल योगाभ्यास र सह क्रियाकलाप सञ्चालनका लागि वडा स्तरमा आधुनिक प्रविधिसहितका रङ्गशाला निर्माणमा जोड दिइने छ ।
- स्थानीय स्तरमा उपलब्ध शैक्षिक सामग्री निर्माण र प्रयोगमा जोड दिइने छ । विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको कार्यसम्पादन मूल्याङ्कनको आधार बनाइने छ ।
- प्राविधिक तथा व्यावसायिक शिक्षाको पहुँच विस्तार गरिने छ ।
- शिक्षाको गुणस्तर सुधारका लागि समन्वय सहकार्य र सह-अस्तित्वको अवधारणा अनुरुप नीति निर्माण, स्रोत बाँडफाँड तथा लगानीका लागि संघ, प्रदेश सरकारसँग सहकार्य गरिने छ ।

- स्थानीय तहमा स्रोतकेन्द्र र निरीक्षण क्षेत्रको अवधारणा लाई सक्रियताका साथ कार्यविधि निमार्ण गरी सञ्चालन गरिने छ ।
- सम्पूर्ण शिक्षा प्रणालिलाई सूचना तथा सञ्चार प्रविधिमा आधारित बनाउने अभ्यास गरिने छ ।
- पालिकास्तरमा विद्यालयहरुको वार्षिक समारोहमा अतिरिक्त क्रियाकलापलाई प्रभावकारी रूपमा सञ्चालन गर्न पालिकास्तरबाट प्रस्तावनाका आधारमा बजेट व्यवस्थापन गरी बालसञ्जालहरूलाई सक्रिय गराइनेछ ।
- महिला शिक्षकहरुको सुत्केरी विदामा विद्यालयमा हुने शिक्षण सिकाइ निरन्तरताहरुका लागि यस पालिका अन्तरगत स्तानक गरेका विद्यार्थीहरुलाई तालिम दिइ शिक्षण अभ्याससँगै स्वयमसेवकका रुपमा तयार गरिनेछ।
- सबै विद्यालयहरुमा लैसस तथा गुनासो सुनुवाई व्यवस्थापनका लागि विद्यालय प्र अ तथा सम्पर्क शिक्षकहरुको क्षमता विकास गरि प्रभावकारी कार्यसम्पादनका लागि सक्रिय गराइनेछ।
- खेलकुद शिक्षकहरुलाई निरन्तरता दिई खेल महोत्सव आयोजना गरि खेलाडीलाई विशेष प्रोत्साहन कार्यक्रम आयोजना गरिनेछ ।
- बालविकासहरुको बार्षिक कार्यक्रमहरुको प्रभावकारीताका लागि बालविकास संयोजकको व्यवस्था गरि बालविकासहरुको अनुगमन तथा निरीक्षणको व्यवस्था गराइनेछ ।
- रहेक वर्ष विद्यालयमा वृक्षारोपण गर्न लगाई विद्यालयको बाह्य वातावरण आकर्षण बनाउन शिक्षक तथा विद्यार्थीहरुलाई परिचालन गरिनेछ।
- प्राकृतिक मनोरम वातावरण सुविधा सम्पन्न बाल कक्षा र वाल उद्यान निर्माण गरी विद्यालयहरुलाई स्रोत सम्पन्न बनाइनेछ ।
- अपाङ्गता मैत्री सामग्रीको व्यवस्था, अपाङ्गता मैत्री शैचालय तथा कक्षा सम्म पहुँच, अपाङ्गता मैत्री खेलकुद व्यवस्था र विशेष छात्रृती सम्वन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

## २.६ प्रमुख उपलब्धि तथा सूचक र लक्ष्य निर्धारण

यस गाउँ शिक्षा योजनाका प्रमुख उपलब्धि सूचकहरु निम्नबमोजिम निर्धारण गरिएको छन्:-

**तालिका १०: दश बर्षे गाउँ शिक्षा योजनाका प्रमुख उपलब्धि सूचकः**

| क स | सुचकहरु | आधार वर्ष (वि. स. २०८०) को अवस्था | डडेल्धुरा | सुप | नेपाल | वि. स. २०८५ को लक्ष्य | वि. स. २०९० को लक्ष्य |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास शिक्षा | | | | | | |
| १.१ | कूल भर्नादर | ८३.७ | ८६.४ | ९८.९ | ९९.९ | 85.2 | 100 |
| १.२ | खुद भर्नादर | ७९.२ | ७१.८ | ६९.९ | ७०.६ | | |
| १.३ | न्यूनतम योग्यता पुगेका शिक्षक प्रतिशत | 95 | | | | 98 | 100 |
| १.४ | कक्षा १ मा नवप्रवेशि मध्ये प्रारम्भिक बालविकास शिक्षाको अनुभव प्राप्त बालवालिकाको प्रतिशत | 95 | | | ६८.६ | 98 | 100 |
| १.५ | आधारभूत तालिम प्राप्त शिक्षक(प्राबाशि) | 80 | | | | 90 | 100 |
| २ | आधारभूत शिक्षा | | | | | | |
| २.१ | कक्षा १ मा कूल प्रवेशदर | 103.8 | १०७.४ | ११५.७ | ११५.७ | 101.3 | 100 |
| २.२ | कक्षा १ मा खुद प्रवेशदर | 96.2 | ९५.९ | ९६.४ | ९५.७ | 98 | 100 |
| २.३ | कक्षा १-५ कूल भर्नादर | 104.4 | ११४.४ | १२७.३ | १२४.८ | 101 | 100 |
| २.४ | कक्षा १-५ मा खुद भर्नादर | 96.6 | ९६.२ | ९५.७ | ९५.६ | 98.1 | 100 |
| २.५ | कक्षा १-८ मा कूल भर्नादर | 109.1 | ११४.२ | १२२.२ | १२१.६ | 105 | 100 |
| २.६ | कक्षा १-८ मा खुद भर्नादर | 96.2 | ९५.४ | ९५.२ | ९५.२ | 98.1 | 100 |
| २.७ | कक्षा १-८ को लैङ्गिक समता सुचकाङ्क | १.०४ | | | १.०१ | | १ |
| २.८ | कक्षा ८ मा टीकाउ दर | 86.8 | ८६.५ | ८६.७ | ८६.३ | 89.8 | 99 |
| २.९ | आधारभूत शिक्षाको तह पूरा गर्ने दर | | | | | | |
| २.१० | ५ देखि १२ वर्ष उमेरका विद्यालय वाहिर रहेका बालबालिकाको प्रतिशत | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | माध्यमिक शिक्षा | | | | | | |
| ३.१ | कूल भर्नादर कक्षा ९-१० | 90.4 | ८८.६ | ९४ | ९८.७ | 92.3 | 96 |
| ३.२ | खुद भर्नादर कक्षा ९-१० | 81.5 | ७८.८ | ७८.१ | ७६.५ | 82 | ८७ |
| ३.३ | कूल भर्नादर कक्षा ९-१२ | 74.1 | ७४.४ | ७७.९ | ८३.२ | 75 | 81 |
| ३.४ | खुद भर्नादर कक्षा ९-१२ | 56.2 | ५५.३ | ५७.२ | ५६.८ | 57 | 65 |
| ३.५ | कूल भर्नादर कक्षा ११-१२ | 58 | ६१.१ | ६१.५ | ६७.७ | 59 | 65 |
| ३.६ | खुद भर्नादर कक्षा ११-१२ | 31.2 | ३३.१ | ३५.८ | ३७.१ | 32 | 38 |
| ३.७ | कक्षा १० सम्मको टीकाउ दर | | | | | | |
| ३.८ | कक्षा १२ सम्मको टीकाउ दर | | | | | | |
| ३.९ | कक्षा १ देखि १२ मा खुद भर्नादरको आधारमा लैङ्गिक समता सुचकाङ्क | १.१८ | | | १.०२ | | |
| ३.१ | ५ वर्ष माथिको साक्षरता दर | 75.66 | | | | 76 | 85 |
| ४ | महिला शिक्षक प्रतिशत | 40.8 | | | | 45 | 50 |
| ४.१ | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्र | ३५ | | | | ३४ | ३३ |
| ४.२ | आधारभूत विद्यालय | २१ | | | | २१ | २१ |
| ४.३ | माध्यमिक विद्यालय | ९ | | | | ९ | ९ |
| ५ | स्थानीय बजेटमा शिक्षा क्षेत्रको बजेटको प्रतिशत | 5 | | | | 7 | 15 |

## २.७ अपेक्षित उपलब्धी

१. सबै बालबालिकालाई विद्यालय शिक्षामा समतामूलक पहुँच र सहभागिता सुनिश्चिच गर्दै आधारभूत शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक शिक्षामा निःशुल्क, गुणस्तरीय, जीवनोपयोगी र प्रविधिमैत्री भएको हुनेछ ।

२. समतामूलक पहुँच विस्तार र गुणस्तर सिप विकसमा समावेशी प्राविधिक शिक्षा र व्यावसायिक शिक्षा सुनिश्चित भएको हुनेछ ।

३. बालमैत्री तथा अपाङ्गमैत्री भौतिक पूर्वाधार निर्माण गरी सिकाइ वातावरणमा सुधार भएको हुनेछ ।

४. शिक्षामा सुचना तथा सञ्चार प्रविधिको प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याइ अनौपचारिक शिक्षा र आजीवन सिकाइका अवसर सुनिश्चित गर्नु भएको हुनेछ ।

५. आपतकालीन अवस्थामा पनि विद्यार्थीको सिक्ने पाउने वातावरणको सुनसश्चितता भएको हुनेछ ।

६. स्थानीय पाठ्यक्रम निर्माण गरी प्रभावकारी रुपमा कार्यान्वयन आउनेछ ।

७. विद्यालयहरुको तह समायोजन गरि विषयगत रूपमा र कक्षागत रुपमा शिक्षकको दरबन्दी व्यवस्थापन हुनेछ ।

# परिच्छेदः चार

# प्रारम्भिक बालविकास शिक्षा

## ३.१ परिचय

प्रारम्भिक बालविकास शिक्षा विद्यालय जाने उमेर पूर्वका बालवालिकाहरुको सर्वाङ्गिण विकासमा सहयोग गरी आधारभूत शिक्षाका लागि तयार गराउने कार्यक्रम हो । सर्वाङ्गिण विकास अन्तर्गत बालबालिकाहरुको शारीरिक, मानसिक तथा बौद्धिक सामाजिक र संवेगात्मक विकास पर्दछन। कुनै एक पक्षको विकास कमजोर हुँदा व्यक्तिको व्यक्तित्व विकासमा बाधा पर्न सक्ने भएकाले बालबालिकामा उल्लेखित सबै पक्षको विकासमा ध्यान दिनु आवश्यक छ। त्यसैले प्रारम्भिक बालविकास शिक्षा कार्यक्रमले बालबालिकालाई लेखपढ गराउने वा अक्षर तथा अंक चिनाउने कार्यमा जोड दिने भन्दा बालबालिकाको सर्वाङ्गिण विकासमा सहयोग गर्नका साथै आधारभूत शिक्षाको लागि तयार गराउन सहयोग गर्नुपर्दछ। प्रारम्भिक बालविकास शिक्षाका कार्यक्रमहरु विभिन्न समयावधिमा सुरु गर्ने भएतापनि चार वर्ष उमेर पुगेका बालवालिकाका लागि एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन गरिने कुरा प्रचलित ऐन कानूनमा उल्लेख गरिएको

छ । अतः यस शिक्षालाई विशेष प्राथमिकतामा दिन आवश्यक भएकोले अजयमेरु गाउँपालिकाको दश वर्षिय शिक्षाक्षेत्र योजनाको मुख्य अंगको रुपमा राखिएको छ ।

### ३.२ वर्तमान अवस्था

अजयमेरु गाउँपालिकामा हाल जम्मा ३६ बालविकास केन्द्रहरु सञ्चालनमा रहेका छन। जसमध्ये ३० वटा प्रारम्भिक बालविकास केन्द्र विद्यालयमा र ५ वटा समुदायमा आधारित र १ संस्थागत बालविकास रहेका छन । यस गाउँपालिका अन्तर्गत हाल बालविकास शिक्षाको खुद भर्नादर ७९.२ प्रतिशत रहेको छ । संस्थागत विद्यालय तथा नीजि क्षेत्रबाट सञ्चालित विद्यालयमा प्रारम्भिक बालविकास तथा शिक्षामा ३ वर्षेको कार्यक्रम सञ्चालनमा छ । यी सबै शैक्षिक संस्थाहरुमा कूल ५४० बालबालिकाहरु सहभागी भएका छन । यस गाउँपालिकाको प्रारम्भिक बालविकास तथा शिक्षाको कूल भर्नादर ८३.७ र खुद भर्नादर ७९.२ रहेको छ । कक्षा १ मा प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव सहितको भर्नादर ८३.७ छ। प्रारम्भिक बालविकास शिक्षामा कार्यरत शिक्षकहरु ४७ जना रहेका छन । वर्तमान यस अवस्थालाई विश्लेषण गर्दा प्रारम्भिक बालविकास तथा शिक्षा क्षेत्रमा देहाय बमोजिमका चुनौतिहरु देखिन्छन ।

१. प्रारम्भिक बालविकास उमेर समूहका सबै बालबालिकाहरुलाई प्रारम्भिक बालविकास र शिक्षामा पहुँच पुर्‍याउने ।

२. सबै प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रमा न्यूनतम मापदण्ड पूरा गर्ने ।

### ३.३ उद्देश्य

यस योजनाले प्रारम्भिक बालविकास तथा शिक्षा सम्बन्धि निम्न उद्देश्यहरु राखेको छः

१. प्रारम्भिक बालविकास शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गर्नु।

२. प्रारम्भिक बालविकास तथा शिक्षाका गुणस्तर सुनिश्चित गर्नु ।

३. सबै बालबालिकाहरुलाई प्रारम्भिक बालशिक्षाको अनुभव सहित कक्षा १ मा प्रवेश गर्नु ।

### ३.४ रणनीतिहरु

योजनाका प्रारम्भिक बालविकास तथा शिक्षा सम्बन्धि उद्देश्यहरु हासिल गर्न निम्नलिखित रणनीतिहरु अबलम्बन गरिने छनः

१. प्रारम्भिक बालविकास र शिक्षामा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्नका लागि निर्धारित न्यूनतम मापदण्ड, पाठयकम, प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड, नर्म्स र ढाँचाअनुसार प्रारम्भिक बालबिकास तथा शिक्षा सज्चालन गर्ने

२. बालविकास केन्द्रको नक्साङ्कन गरी स्थानीय आवश्यकताअनुसार पुनर्वितरण र नया बालविकास केन्द्र स्थापना गर्ने

३. भौगोलिक रूपले बिकट क्षेत्रमा बसोबास गर्ने बालबालिका, अपांगता भएका बालबालिका, विभिन्न लोपोन्मुख तथा सीमान्तकृत समुदायका बालबालिकाका लागि बैकल्पिक बालविकास शिक्षाका नमुनाहरू विकास गरी पहुँच सुनिश्चित गर्ने

४. बालबिकास केन्द्रहरुलाई नमुनाका रुपमा स्थापना गर्ने सोको प्रभावकारिकाताका लागि बालविकास संयोजकको व्यवस्था गरी नियमित अनुगमन संयन्त्रको विकास गर्ने ।

५. प्रारम्भिक बालविकास तथा शिक्षामा लागत सहभागिता अभिबृद्धि गर्ने

६. प्रारम्भिक बालविकास र शिक्षाको प्रभावकारिता वृद्धिका लागि परिबार, समुदाय, गैरसरकारी सङ्घसंस्था, निजी क्षेत्र र विद्यालयबिच सहकार्य गर्ने

७. बालविकास शिक्षकमा महिलालाई प्राथामिकता दिने सहयोगी कार्यकर्ताको क्षमता विकासका लागि विभिन्न तालिम कार्यक्रम सञ्चालन गने

८. बालकक्षा व्यवस्थापन, कक्षा सजावट, प्रबिधिमा आधारित शैक्षिक सामग्री, बाल उद्यानको व्यबस्थापन गर्ने

९. राष्ट्रिय पाठ्यक्रम प्रारूपमा आधारित भई प्रारम्भिक बालविकास तथा शिक्षाका लागि न्यूनतम सिकाइ कार्यघण्टा सुनिश्चित गर्ने

१०. बालबालिकाको स्वास्थ्य परिक्षण, अपाङ्गता मैत्रि बालसुलभ पानीधारा, शैचालय तथा कक्षा कोठाको व्यवस्था स्थानीय दुध, अण्डा, फलफुल तथा पोषण युक्त सन्तुलित दिवा खाजा नियमित उपलव्ध गराउने ।

**३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य**

**क. उपलब्धि तथा नतिजाहरु**

१. प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरू १ वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रममा अबसर सुनिश्चित र सहज पहुँच हुनेछ ।

२. प्रारम्भिक बालविकास तहको कूल भर्नादर १०० पुगेको हुनेछ ।

३. प्रारम्भिक बालविकास तहमा न्यूनतम योग्यता पुगेका सहयोगी कार्यकर्ताहरु सत प्रतिशत पुगेको हुनेछ ।

४.कक्षा १ मा नवप्रवेश गर्ने प्रारम्भिक बालविकास शिक्षाको अनुभव प्राप्तगर्ने  बालवालिका १०० प्रतिशत पुगेको हुनेछ।

५. सबै बालविकास तथा शिक्षा केन्द्रले न्यूनतम मापदण्ड पुरा गराइ सिकाक्ष मैत्री बालविकास केन्द्रहरुको अनुगमन सूचकहरु पुरा गरेको हुनेछ ।

**ग.प्रमुख क्रियाकलाप तथा लक्ष्य**

**तालिका ११. प्रारम्भिक बालविकास शिक्षाका प्रमुख क्रियाकलापहरु तथा लक्ष्यः**

| क.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य | | | | | | भौतिक लक्ष्य (१० बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम मापदण्डहरु विकास परिमार्जन तथा प्रबोधीकरण | पटक | ० | १ | १ | ० | ० | २ | २ | केन्द्र र प्रदेश |
| २ | नक्साङ्कन गरी पुनर्वितरण | पटक | ० | ० | १ | १ | ० | २ | ० | स्थानीय तह |
| ३ | अभिलेख व्यवस्थापन | निरन्तर | १ | १ | १ | १ | १ | सबैमा | सबैमा | केन्द्र |
| ४ | सहयोगी कार्यकर्ताहरूलाई बालमैत्री तालिम तथा शैक्षिक सामग्रि निर्माण कार्यशाला | सङ्ख्या | ० | ३७ | ० | ३७ | ० | ३७ | ३७ | स्थानीय तह र सहयोगी संस्था |
| ५ | शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा समावेश गराउने | पटक | १ | १ | १ | १ | १ | १ | ३७ | केन्द्र स्थानीय तह |
| ६ | प्रविधिमैत्री शैक्षिक सामग्रीहरुको व्यवस्थापन गर्ने | पटक | ० | १ | ० | १ | १ | १ | सबै | केन्द्र स्थानीय तह |
| ७ | बालविकास संयोजक व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | १ | १ | स्थानीय तह सहयोगी संस्था |
| ८ | प्रत्येक वडामा एउटा नमुना बालविकास केन्द्र स्थापना गर्ने | पटक | १ | १ | १ | १ | १ | १ | १ | स्थानीय तह |

तालिका १२. प्रारम्भिक बालविकास शिक्षाका प्रमुख क्रियाकलापहरु सञ्चालन गर्न अनुमानित बजेट (रु हजारमा)

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | ५ बर्षको आवश्यक बजेट अनुमानित (रु हजारमा) | | | | | जम्मा | बजेट बाँकि (५बर्ष २०८६-२०९०) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | | |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम मापदण्डहरु विकास परिमार्जन तथा प्रबोधीकरण | पटक | ० | १२० | ० | १५० | १७० | ४४० | ४४० | संघ र प्रदेश स्थानीय तह र सहयोगी संस्थाहरु |
| २ | नक्साङ्कन गरी पुनर्वितरण | पटक | १०० | ७५ | ० | ० | ५० | २५५ | १७५ | स्थानीय तह |
| ४ | शिक्षक तथा सहयोगी कार्यकर्ताको क्षमता विकास | सङ्ख्या | ५० | १५० | १०० | १५० | १०० | ५५० | ५५० | स्थानीय तह र साझेदार संस्थाहरु |
| ५ | शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा अनिवार्य समावेश गराउने | पटक | ५० | ५५ | ६० | ७५ | ० | १३१५ | २४० | केन्द्र र स्थानीय तह |
| ६ | प्रविधिमैत्री शैक्षिक सामग्रीहरुको व्यवस्थापन गर्ने | पटक | ० | १५० | २०० | १५० | २०० | ७०० | ५०० | केन्द्र र स्थानीय तह साझेदार संस्थाहरु |
| ७ | बालविकास संयोजक व्यवस्थापन | पटक | ० | ५०० | ५०० | ५०० | ५६० | २०६० | २०६० | स्थानीय तह र साझेदार संस्थाहरु |
| ८ | प्रत्येक वडामा एउटा नमुना बालविकास केन्द्र स्थापना गर्ने | | ० | २४० | २४० | ३०० | ३०० | १०८० | ५०० | केन्द्र, प्रदेश र स्थानीय तह साझेदार संस्थाहरु |
| कूल जम्मा रकम (रु हजारमा) | | | २२८१ | ३३७२ | ३१८३ | ३४०९ | ३४६५ | ६४०० | ४४६५ | |

## परिचेछदः पाँच
## आधारभूत शिक्षा

### ४.१ परिचय

मानव जीवनयापनका लागि आवश्यक पर्ने ज्ञान सीप आर्जन गर्ने गरी घर परिवार तथा समुदायमा आफ्ना विचारहरु अभिव्यक्त गर्न र समाजमा घुलमिल तथा आफूलाई सामाजिक परिवेशमा समायोजन गरी सामाजिकीकरणमा सहज बनाउने प्रारम्भिक बालविकासदेखि कक्षा ८ सम्मको शिक्षालाई आधारभूत शिक्षा भनिन्छ । नेपालको संविधान को धारा ३१ मा आधारभूत शिक्षा अनिवार्य र निःशूल्क हुनेछ भन्ने व्यवस्था मौलिक हक अन्तर्गत राखिएको छ । आधारभूत शिक्षालाई मौलिक अधिकारको रुपमा स्थापित गरिएको छ। शिक्षामा सबैको पहुँचका लागि सरोकारवालाहरूमा प्रतिवद्धताको कमि रहेको र गरिएका प्रतिवद्धताहरु पनि कार्यान्वयनमा आएको देखिदैन । एकातर्फ निर्दिष्ट सिकाइलाई मात्र स्तरीयता मान्ने र अर्कोतर्फ कागजी काम कारवाही मात्र आफ्नो जिम्मेवारी र दायित्व सम्झने स्थिति रहेको विद्यमान अवस्थामा व्यवहारिक परिवर्तन, श्रमसँगको आस्था, जीवनोपयोगी खोज अनुसन्धान, संस्कार र संस्कृतिप्रति लगाव, नैतिक आचरण र जिम्मेवारी, मौलिक रुपमा उपयोग गर्न सक्ने गुणस्तरीय आधारभूत शिक्षा प्रदान गर्ने उद्देश्यमा केन्द्रित रही यस खण्डमा आधारभूत शिक्षाको कक्षा १ देखि ८ सम्म आगामी १० वर्षभित्रका विभिन्न क्रियाकलापहरु समावेश गरिएको छ ।

### ४.२ वर्तमान अवस्था

अजयमेरु गाउँपालिकामा शैक्षिक सत्र २०८१ मा आधारभूत तहकक्षा १-८ मा जम्मा १२७४ जना विद्यार्थीहरु अध्ययनरत रहेका छन । अजयमेरु गाउँपालिकाको वर्तमान अवस्था हेर्दा आधारभूत तह कक्षा १-८ खुद भर्ना दर ९६.२ प्रतिशत, कूल भर्ना दर १०९.१ प्रतिशत प्रारम्भिक बालविकासको अनुभवसहित कक्षा १ मा भर्ना भएका बालबालिकाको ८३.७ प्रतिशत रहेको छ ।यसै गरि कक्षा १-५ तह पुरा नगरि विद्यालय छोड्ने दर ०.४ र कक्षा ६-८ पुरा नगरि ०.९ दर रहेको छ । विद्यालयहरुको भौतिक तथा शैक्षिक वातावरण बालमैत्रि, समावेशी र सुरक्षित बनाउन आवश्यक देखिन्छ । शैक्षिक सत्र २०८० को कक्षा ५ सिकाइ उपलब्धी २.५३ र कक्षा ८ को २.०१ GPA सिकाइ उपलब्धी रहेको छ । दिवा खाजा कार्यक्रमलाई सिकाइ तथा विद्यार्थीको स्वास्थ्यसँग प्रभावकारी ढङ्गले जोड्नुपर्ने आवश्यकता देखिन्छ । आधारभूत तहमा विद्यालय छोड्ने र दोहोऱ्याउने दरलाई कम गर्नु आवश्यक छ । राष्ट्रिय प्रारम्भिक पढाइ कार्यक्रमले कक्षा १ देखि ३ का विद्यार्थीहरुको पठन सीपमा सहयोग गरेको पाइएको छ । पाठ्यक्रमको सफल कार्यान्वयनको लागि अध्यापन गर्ने शिक्षकहरुको क्षमता वृद्धि गर्नु अति आवश्यक छ । शिक्षण सिकाइ विधि सुधारका लागि सम्पूर्ण शिक्षकहरुलाई वर्तमान प्रविधिसँग जोड्नु अति आवश्यक देखिन्छ । उल्लेखित विश्लेषणका आधारमा आधारभूत शिक्षा क्षेत्रमा देहाय बमोजिमका चुनौतिहरु रहेकाछन्:

१. आधारभूत शिक्षा उमेर समूहका सबै बालबालिकाहरुको पहुँच तथा सहभागिता सुनिश्चित गर्नु ।
२. आधारभूत शिक्षा निःशुल्क तथा अनिवार्य गर्नु ।
३. आधारभूत तहको शैक्षिक गुणस्तर सुधार गरी विद्यार्थीको सिकाइ उपलब्धिको वृद्धि गर्नु ।
४. खुद भर्ना दर शतप्रतिशत पुऱ्याउनु, कक्षा दोहोऱ्याउने र छोड्ने दर शून्यमा झार्नु ।
५. लैङ्गिक समता कायम गर्नु ।
६. बालमैत्री वातावरण निर्माण गर्नु र पर्याप्त भौतिक पूर्वाधार विकास गर्नु ।
७. शिक्षकहरुको विषयगत र कक्षागत दरबन्दीको व्यवस्था मिलाउनु ।

८. पोषण, स्वास्थ्य तथा दिवा खाजा लगायत विद्यार्थी सहायता प्रणाली स्थापना गर्नु ।

९. विद्यार्थी मूल्याङ्कनलाई सिकाइ क्रियाकलापको अभिन्न अङ्गको रुपमा विकास गर्ने र आधारभूत तहको परीक्षा प्रणालीमा सुधार गरी परीक्षालाई विश्वसनीय र वैध बनाउनु ।

१०. स्वच्छ खानेपानीको अभाव हुनु ।

**४.३ उद्देश्य**

यस योजनाले आधारभूत शिक्षा सम्बन्धि निम्नलिखित उद्देश्यहरु राखेको छः

१. अनिवार्य तथा निःशूल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गरी यस तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु ।

२. आधारभूत विद्यालय उमेरका सबै बालबालिकालाई आधारभूत तहको शिक्षा पूरा गर्ने अवस्था सुनिश्चित गर्नु।

३. आधारभूत शिक्षा पूरा गरेका सबै बालबालिकाहरुमा न्यूनतम सिकाइ उपलब्धि हासिल हुने अवस्था सुनिश्चित गर्नु र सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउनु ।

४. आधारभूत तहको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, सिकाइ मैत्री, समावेशी, भयरहित र सुरक्षित बनाउनु ।

**४.४ रणनीतिहरु**

आधारभूत शिक्षा सम्बन्धि उद्देश्यहरु हासिल गर्न निम्नअनुसार रणनीतिहरु अवलम्बन गरिनेछ ।

१. विद्यालय नक्साङटन, पुनर्वितरण तथा समायोजन गर्ने

२. विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालबालिकाको विवरण सङ्कलन गरी पहुँच सुनिश्चित गर्नका लागि विभिन्न प्रोत्साहनमूलक कार्यक्रम सखालन गर्ने

३. विद्यार्थी सङ्ख्या न्यून भएका बिद्यालयमा बहुकक्षा बहुस्तर शिक्षण सिकाइका नमुना प्रवर्द्धन गर्ने

४. कक्षा ३ सम्म एकीकृत पाठ्यकमका आधारमा कक्षा शिक्षणलाई कार्यान्वयन गर्ने

५. प्रारम्भिक कक्षामा पठन तथा गणितीय सिप प्रवर्द्धन गर्ने

६. सबै बिद्यालयमा प्राथमिकताप्राप्त न्यूनतम सक्षमता पूरा गराउने

७. विद्यालयमा बालमैत्री, समाबेशी र सुरक्षित सिकाइ बातावरण तयार गर्ने

८. न्यूनतम सिकाइ उपलब्धि हासिल गराउन आबधिक रूपमा सिकाइको मूल्याङ्कन गर्ने

९. विद्यालयमा खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्धसहित न्यूनतम भौतिक सुविधा सुनिश्चित गर्ने

१०. शिक्षक तालिम, तयारी तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने

११. विद्यार्थीलाई आवश्यक सहयोग उपलब्ध गराई सिकाइमा सुधार ल्याउने

१२. विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार ल्याउने कार्यकम सञ्चालन गर्ने

१३. विद्यालय शिक्षालाई विविधताअनकुल, समाबेशी र समतामूलक बनाउन स्थानीय परिवेशअनुकूल सिकाइ क्रियाकलाप सज्चालन, भाषिक बिविधता अनकुलको माध्मम भाषाको उपयोग तथा सामाजिक सास्कृतिक विबिधताको सम्मान र समावेश हुनेगरी सिकाइ सामग्री, बिधि तथा प्रक्रिया प्रयोग गर्ने

१४. विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी र जलवायु परिवर्तन लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गर्ने

१५. विद्यालय शिक्षालाई सूचना तथा प्रबिधिको प्रयोग गरी सहज र उपयोगी बनाउने कार्यलाई विस्तार गर्ने

१६. दैनिक जीबनसँग सम्बन्धित व्यबहारकुशल सिपहरूलाई सिकाइ क्रियाकलापमा एकीकृत गर्ने

१७. अन्तरसम्बन्धित बिपयबस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सच्चालन गर्न सिकाइ सामग्री, विधि तथा क्रियाकलापमा परिमार्जन र सुधार गर्ने

१८. विद्यालयमा बालउद्यान, फूलबारी, करेसाबारी, बृक्षरोपण आदि जस्ता कार्यक्रम समाबेश गर्ने

**४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य**

**क. उपलब्धि**

१. अनिवार्य तथा निःशूल्क आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित भएको हुनेछ ।

२. आधारभूत तहको कूल तथा खुद भर्नादर सतप्रतिशत पुगेको हुनेछ ।

३. आधारभूत शिक्षाको गुणस्तर अभिवृद्धि भएको हुनेछ ।

४. सबै कक्षाको औषत सिकाइ उपलब्धी ५० प्रतिशतले बढेको हुनेछ ।

**ख. नतिजाहरु**

१. आधारभूत तहमा अपुग शिक्षक व्यवस्थापनको लागि गाउँपालिकाले दक्ष, सक्षम, योग्यता पुगेका व्यक्तिहरुबाट प्रतिस्पर्धाका आधारमा स्वयंसेबक शिक्षक छनोटलाई निरन्तरता प्रदान गरेको हुने,

२. विद्यालय सम्बद्ध पदाधिकारी तथा अन्य सरोकारवालासँग आधारभूत शिक्षा सम्बन्धि अभिमुखिकरण कार्यक्रम सञ्चालन हुने,

३. आधारभूत तह उमेर समूहका विद्यालय बाहिर रहेका बालबालिकालाई औपचारिक शिक्षा भित्र सहभागी गराउन वैकल्पिक शिक्षण सिकाइ कार्यक्रम सञ्चालन गरिएको हुने,

४. विद्यालयहरूमा सुरक्षित र बालमैत्री भौतिक पूर्वाधार विकास गरिएको हुने,

५. कक्षा १-३ सम्मका बालबालिकाको पढाइ सीपको विकास गर्न विभिन्न सघन तथा प्रतिस्पर्धात्मक कार्यक्रमहरु सञ्चालन भएका हुने,

६. आधारभूत तहमा शिक्षकलाई प्रधानाध्यापक र प्रधानाध्यापकलाई स्थानीय तहप्रति जवाफदेहि हुने गरी कार्यसम्पादन करार (TOR) कार्यान्वयन भएको हुने,

**ग.प्रमुख क्रियाकलाप तथा लक्ष्य**

**तालिका १३. आधारभूत शिक्षाका प्रमुख क्रियाकलापहरु तथा लक्ष्यः**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य | | | | | | भौतिक लक्ष्य (२०८६।२०९० बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | भर्ना अभियान | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | विद्यालय र स्थानीय तह |
| २ | भौतिक पूर्वाधार व्यवस्थापन | सङ्ख्या | ० | ३ | ४ | ४ | ४ | १५ | १५ | विद्यालय, संघ, प्रदेश र स्थानीय |
| ३ | सिकाइ उपलब्धि परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | विद्यालय र संघ, प्रदेश, स्थानीय |
| ४ | बिषयगत क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | संघ, प्रदेश र स्थानीय र साझेदार संस्थाहरु |
| ५ | परीक्षा व्यवस्थापन | पटक | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | संघ, प्रदेश र स्थानीय |
| ६ | सरोकारवालाहरु पदाधिकारीको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | विद्यालय र संघ, प्रदेश, स्थानीय |
| ७ | छात्रछात्राहरुलाई व्यक्तिगत स्वास्थ्य सम्बन्धि अभिमुखीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | साझेदार संस्थाहरु र स्थानीय तह |
| ८ | आधारभूत तह कक्षा १-८ मा विद्यालय बाहिर रहेका बालवालिका संख्या | पटक | १ | १ | १ | १ | १ | | | सामुदायिक सिकाइ केन्द्रहरु |
| ९ | स्वयमसेवक शिक्षक व्यवस्थापन | संख्या | ४ | ४ | ४ | ४ | ४ | २० | | स्थानीय सरकार |

**तालिका १४. आधारभूत शिक्षाका प्रमुख क्रियाकलापहरु सञ्चालन गर्न अनुमानित बजेट (रु हजारमा)**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | ५ बर्षको आवश्यक बजेट अनुमानित (रु हजारमा) | | | | | | बजेट बाँकि (५बर्ष)२० ८५-२०९० | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | भर्ना अभियान | पटक | ० | ५० | ७५ | ५० | ५० | २२५ | १००० | संघ,प्रदेश, स्थानीय र साझेदार संस्थाहरु |
| २ | भौतिक पूर्वाधार व्यवस्थापन | सङ्ख्या | ० | ५००० | ६००० | ५००० | ७००० | २३००० | २३०० | संघ, प्रदेश र स्थानी साझेदार संस्थाहरु |
| ३ | सिकाइ उपलब्धि परीक्षण | पटक | ० | १०० | १०० | १०० | १०० | ४०० | ४०० | संघ, प्रदेश, स्थानीय |
| ४ | बिषयगत क्षमता विकास | पटक | ० | ४०० | १०० | ० | ४५० | ९५० | ९५० | संघ, प्रदेश, स्थानी साझेदार संस्थाहरु |
| ५ | परीक्षा व्यवस्थापन | पटक | ८०० | १२५० | ८७५ | ९०० | ९५० | ४७७४ | ४७७५ | संघ,प्रदेश, स्थानीय |
| ६ | सरोकारवालाहरु पदाधिकारीको क्षमता विकास | पटक | ० | १०० | २०० | ० | २५० | ५५० | ५५० | स्थानीय तह |
| ७ | छात्रछात्राहरुलाई व्यक्तिगत स्वास्थ्य सम्बन्धि अभिमुखीकरण | | ० | ५० | १०० | १३० | १४० | ४२० | ४२० | स्थानीय तह र सहयो संस्था |
| ९ | स्वयमसेवक शिक्षक व्यवस्थापन | संख्या | १५० | १५० | १५० | १५० | १५० | ६०० | १३५० | स्थानीय सरकार |
| कूल जम्मा रमा (रु हजारमा) | | | ९५० | ७१०० | ७६०० | ६३३० | ९०९० | ३०९१९ | ११७४५ | |

# परिच्छेदः छ
# माध्यमिक शिक्षा

## ५.१ परिचय

नेपालको विद्यालय शिक्षाको संरचना मध्ये कक्षा ९ देखि १२ सम्मको चार वर्षको शिक्षालाई माध्यमिक शिक्षाको तह भन्ने र प्रचलित ऐन कानूनमा उल्लेख गरिएको छ । माध्यमिक शिक्षाका धारहरु साधारण, परम्परागत र प्राविधिक तथा व्यावसायिक धार हुन । यस तहमा एकलपथीय पाठ्यक्रमको नीति अबलम्बन गर्ने गरिएको छ । कक्षा ९ र १० मा वार्षिक ३२ घण्टा र कक्षा ११ र १२ मा पनि वार्षिक ३२ पाठ्यघण्टाको विषयवस्तु राखिएको छ । मानवीय मूल्य, मान्यता र लोकतान्त्रिक संस्कार अबलम्बन गर्दै राष्ट्र र राष्ट्रियताको प्रवर्धनका लागि सचेत नागरीकको जिम्मेवारी वहन गर्न सक्ने, विविधता, सद्भाव र सहअस्तित्वलाई आत्मसात गर्दै सभ्य, सुसंस्कृत र समतामूलक समाज निर्माणका लागि भूमिका निर्वाह गर्न सक्ने, दैनिक जीवनमा भाषिक एवं सञ्चारका साथै गणितीय सीपको प्रयोग गर्न सक्ने, श्रमप्रति सम्मान गर्दै कामको संसारमा प्रवेश गर्न सक्ने, प्राकृतिक एवं सामाजिक घटनाको विश्लेषण गर्दै सकारात्मक व्यवहार प्रदर्शन गर्ने जस्ता सक्षमताहरु यस तहमा अध्ययन गर्ने विद्यार्थीहरुका लागि तोकिएका छन । साथै विद्यार्थीहरुको मूल्याङ्कन एवम् स्तर निर्धारणका लागि राष्ट्रिय परीक्षा बोर्ड अन्तर्गत कक्षा १० को अन्तिम परीक्षा प्रदेश स्तरबाट र कक्षा १२ को अन्तमा लिईने परीक्षा संघबाट सञ्चालन हुने व्यवस्था छ ।

## ५.२ वर्तमान अवस्था

अजयमेरु गाउँपालिकामा शैक्षिक सत्र २०८१ सम्ममा कक्षा १-१२ सम्म सञ्चालन भएका सामुदायिक विद्यालयहरु ७ र कक्षा १-१० सम्मका २ गरी जम्मा ९ रहेका छन । माध्यमिक तहको लैङ्गिक समता सुचकाङ्क ०.९० रहेको छ । यस तहमा शैक्षिक सत्र २०८१ मा जम्मा ८०७ विद्यार्थीहरु सामुदायिक विद्यालयहरुमा अध्ययनरत रहेका छन । अजयमेरु गाउँपालिकाको वर्तमान अवस्था केलाएर हेर्दा माध्यमिक तह कक्षा ९-१२ को खूद भर्ना दर ५६.२ प्रतिशत, कूल भर्ना दर ७४.१ प्रतिशत रहेको छ । एउटा प्राविधिक माध्यमिक विद्यालय रहेको छ । विद्यालयहरुको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउन आवश्यक देखिन्छ । माध्यमिक तहमा विद्यालय छोड्ने र दोहोर्‍याउने दरलाई कम गर्नु अति जरुरी देखिन्छ । पाठ्यक्रमको सफल कार्यान्वयनको लागि यस तहमा अध्यापन गर्ने शिक्षकहरुको क्षमता वृद्धि गर्नु आवश्यक छ । शिक्षण सिकाइ विधि सुधारका लागि सम्पूर्ण शिक्षकहरुलाई वर्तमान प्रविधिसँग जोड्नु अति आवश्यक देखिन्छ । संविधानले माध्यमिक शिक्षा निःशूल्क भनेको भएतापनि हाल माध्यमिक तहको शिक्षा पूर्ण रुपमा निःशूल्क गर्न सकिएको छैन । शिक्षक तथा कर्मचारीका लागि तालिम तथा अध्ययन भ्रमण, प्र अ को लागि नेतृत्व विकास सम्बन्धि तालिमहरु पर्याप्त रूपमा सञ्चालन गरेको पाइदैन। विभिन्न ढंगले विकास गरिएको व्यक्तिगत क्षमतालाई संस्थामा प्रयोग गर्न सकिएको अवस्था छैन । सूचना तथा सञ्चार प्रविधिमा आधारित व्यवस्थापन प्रणालीलाई अझै लागु गर्नुपर्ने आवश्कता छ । राम्रो नेतृत्व भएको प्रध्यानाध्यापकको विद्यालय व्यवस्थापन प्रभावकारी भएकोले प्रधानाध्यापकहरुको नेतृत्व विकास सम्बन्धि तालिमहरु सञ्चालन गर्नु अति आवश्यक छ । माध्यमिक तहमा विषयगत शिक्षक तथा दरवन्दी पर्याप्त छैनन्। उल्लेखित विश्लेषणका आधारमा माध्यमिक शिक्षा क्षेत्रमा देहाय बमोजिमका चुनौतिहरु देखिन्छनः

१. माध्यमिक तहसम्मको शिक्षा पूर्ण रुपमा निःशुल्क गर्ने ।
२. प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षाको विस्तार गर्ने ।

३. कक्षा १० उत्तीर्ण गरेका विद्यार्थीहरुको कक्षा ११ मा भर्नादर बढाउने ।
४. सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीहरुको पहुँच विस्तार गर्ने ।
५. सिकाइको गुणस्तर सुधार गरी सिकारु सिकाइमा सुधार ल्याउने ।
६. शिक्षकको पेशागत वृति विकास गर्ने ।
७. विषयगत शिक्षक दरवन्दिको व्यवस्थापन गर्ने ।
८. सरसफाइ तथा स्वच्छ खानेपानीको अभाव हुनु ।

**५.३ उद्देश्यहरु**

यस योजनाले माध्यमिक शिक्षा सम्बन्धि निम्नलिखित उद्देश्यहरु राखेको छः

१. माध्यमिक शिक्षालाई निःशूल्क बनाई सबैको पहुँच विस्तार तथा गुणस्तरीय शिक्षा प्रदान गर्नु ।
२. माध्यमिक शिक्षामा खुद भर्नादर तथा टीकाउ दर बढाउनु ।
३. विद्यालय शिक्षाको शासकीय र व्यवस्थापकीय प्रबन्धमा सुधार गरी विद्यालय पद्धतिलाई विविधता अनुकूल, उत्थानशील र जवाफदेहि बनाउनु ।
४. प्राविधिक तथा व्यावसायिक शिक्षाको क्षेत्र विस्तार गर्नु ।
**५.** माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु ।

**५.४ रणनीतिहरू**

माध्यमिक शिक्षा सम्बन्धि उद्देश्यहरु हासिल गर्न देहाय बमोजिमका रणनीतिहरु अवलम्बन गरिनेछः

१. माध्यमिक शिक्षामा सहज पहुँच नभएका बालबालिकाहरूको पहिचान गरी आवश्यकतामा आधारित लक्षित कार्यक्रम सञ्चालन गर्ने ।
२. आर्थिक समस्याका कारणले माध्यमिक शिक्षा अध्ययन गर्न नसक्ने अवस्थाका बालबालिकाहरुका लागि आर्थिक सहयोगको व्यवस्था गर्ने ।
३. शिक्षकहरुको पेसागत क्षमता विकास गर्ने  साथै अभिप्रेरिणाका कार्यक्रम सञ्चालन गर्ने ।
४. सामुदायिक विद्यालयमा नेपाल सरकाबाट प्राप्त दरबन्दीको पूनर्वितरण गरी अपुग रहेका विद्यालयहरु विद्यार्थी संख्या र विषयगत आधारमा दरबन्दी थप गर्न नेपाल सरकार समक्ष पहल गर्ने र सो कार्य पूरा नहुन्जेल सम्मका लागि गाउँपालिकाले योग्यता पुगेका व्यक्तिहरूबाट प्रतिस्पर्धाका आधारमा स्वयंसेबक शिक्षक छनोट तथा परिचालन गर्ने ।
५. माध्यमिक विद्यालयहरूमा शैक्षिक गुणस्तरमा आधारित अतिरिक्त कार्यक्रमहरु सञ्चालन गर्ने ।
६. सम्पूर्ण माध्यमिक विद्यालयमा इ-पुस्तकालय विज्ञान प्रयोगशाला, पुस्तकालय तथा कम्प्युटर ल्याब तथा खानेपानीको अनिवार्य व्यवस्था गर्ने ।
७. शिक्षण सिकाइ पद्दतिमा सुधार गर्न सूचना तथा सञ्चार प्रविधिको विस्तार गर्ने ।
८. सक्षम र नेतृत्ववदायी प्रधानाध्यापकको व्यवस्था गर्ने ।
९. प्राविधिक शिक्षामा सबैको पहुँच विस्तार गर्न विद्यालयको नक्साङ्कनका आधारमा प्राविधिक धारको कार्यक्रम सञ्चालन गर्ने ।
१०. विद्यालयलाई प्रकोप, संकट तथा महामारी र जलवायु परिवर्तन लगाएका परिस्थितिप्रति उत्पादनशील बनाउने ।
११. विद्यालयहरुमा बालक्लव र वडा तथा पालिकास्तीय बालसञ्जालका माध्यमवाट बालवालिकाहरूको सर्वाङ्गिण विकासमा सहयोग पुऱ्याउने गरी अतिरिक्त क्रियाकलापहरू सञ्चालन गर्ने ।

१२. मनोसामाजिक परामर्शको व्यवस्था, यौनिक विकास, लागुपदार्थ तथा दुर्व्यसनी, बालविवाह, सामाजिक कुरुति आदिमा सचेतना सम्वन्धी कार्यक्रम सञ्चालन गर्ने ।

**५.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य**

**क. उपलब्धि**

१. सबै बालबालिकाहरूका लागि गुणस्तरीय माध्यमिक शिक्षामा पहुँचको अवसर सुनिश्चित भएको हुनेछ ।

२. माध्यमिक तहको कूल भर्नादर ९६ तथा खुद भर्नादर ९० प्रतिशत पुगेको हुनेछ ।

३. माध्यमिक तहको विद्यार्थी लैंगिक अनुपात समदरमा पुगेको हुनेछ ।

४. कक्षा १० को टिकाउदर सत प्रतिशत र कक्षा १२ को ७० प्रतिशत पुगेको हुनेछ ।

५. कक्षा ८ बाट भर्ना भई कक्षा ९ मा भर्ना हुने दर १०० प्रतिशत पुगेको हुनेछ ।

**ख. नतिजाहरु**

१. प्राविधिक तथा व्यावसायिक माध्यमिक विद्यालयमा संकायगत संख्यामा वृद्धि भएको हुने ।
२. माध्यमिक तहमा विषयगत शिक्षक व्यवस्थापन भएको हुने ।
३. माध्यमिक शिक्षा पूरा गर्ने बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुने ।
४. विद्यालयहरूमा सुरक्षित र बालमैत्री, समतामुखी भौतिक पूर्वाधार विकास गरिएको हुने ।
५. माध्यमिक तहमा शिक्षकलाई प्रधानाध्यापक र प्रधानाध्यापकलाई स्थानीय तहप्रति जवाफदेहि हुने गरी कार्यसम्पादन करार (TOR) लागु भएको हुने ।
६. विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिलगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भइ सिकाइलाई सहयोग हुने ।
७. गाउँपालिका भित्रका सबै माध्यमिक विद्यालयहरुमा आवश्यकता अनुसार विद्यालय भवन, विज्ञान प्रयोगशाला, पुस्तकालय, कम्प्युटर ल्याव, सुद्ध खानेपानी, शौचालयका साथै अन्य आवश्यक पूर्वाधारको व्यवस्था भएको हुने ।

ग. प्रमुख क्रियाकलाप तथा लक्ष्य

तालिका १५. माध्यमिक शिक्षाका प्रमुख क्रियाकलापहरु तथा लक्ष्यः

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ बर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | भर्ना अभियान, कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | संघ, प्रदेश, स्थानीय गर्ने |
| २ | विशेष प्रकारका बालबालिका लागि कार्यक्रम सञ्चालन | पटक | ० | १ | १ | १ | १ | ४ | स्थानीय तह |
| ३ | पालिकास्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालन | पटक | २ | ३ | २ | २ | ३ | १२ | संघ, प्रदेश, स्थानीय तह |
| ४ | लक्षित वर्गका विद्यार्थीलाई छात्रवृत्तिको व्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह |
| ५ | सुचना सञ्चार प्रविधिको व्यवस्था | विद्यालय | | ५ | ५ | ० | ० | १० | संघ,प्रदेश, स्थानीय तह |
| ६ | सिकाइ उपलब्धि सुधारका लागि अन्तरक्रिया कार्यक्रम सञ्चालन | विद्यालय | १ | १ | १ | १ | १ | ५ | स्थानीय |
| ७ | दरबन्दी मिलान | पटक | १ | १ | ० | ० | ० | २ | स्थानीय तह |
| ८ | तथ्याङ्क व्यवस्थापनका लागि क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | संघ, प्रदेश, स्थानीय तह |
| ९ | शैक्षिक सामग्रीको व्यवस्थापन | विद्यालय | १ | २ | २ | १ | १ | ७ | स्थानीय तह र अन्य संघ संस्था |
| १० | महामारीको अवस्थामा विभिन्न कार्यक्रम तथा मनोपरामर्श सञ्चालन | विद्यालय | ० | १० | ५ | ५ | १० | ३० | संघ, प्रदेश, स्थानीय तह साझेदार संस्थाहरु |
| ११ | भौतिक पूर्वाधारको विकास | सङ्ख्या | २ | २ | २ | २ | २ | १० | संघ, प्रदेश, स्थानीय तह |
| १२ | मूल्याङ्कनलाई शिक्षण सिकाइ प्रक्रियासँग एकीकृत गरी सुधार र प्रयोगका लागि दक्षता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | संघ, प्रदेश, स्थानीय तह |
| १३ | विद्यालय, वडा तथा पालिकास्तरमा बालक्लब तथा बालसञ्जाल गठन र अभिमुखीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | प्रदेश, स्थानीय तह संघ स्थाहरु |
| १४ | स्वयमसेवक शिक्षक व्यवस्थापन | संख्या | १ | १ | १ | १ | १ | ५ | प्रदेश, स्थानीय तह |
| ५ | मनोसामाजिक तथा सचेतना कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | प्रदेश तथा स्थानीय तह |

## तालिका १६. माध्यमिक शिक्षाका प्रमुख क्रियाकलापहरु सञ्चालन गर्न अनुमानित बजेट (रु हजारमा)

| क.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | ५ बर्षको आवश्यक बजेट अनुमानित (रु हजारमा) | | | | | बजेट बाँकि (५ बर्ष) २०८६-२०९०) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | |
| १ | भर्ना अभियान, कार्यक्रम सञ्चालन | पटक | ५० | ५० | ५० | ० | १५० | ४०० | संघ, प्रदेश, स्थानीय गर्ने अन्य संघसंस्था |
| २ | विशेष प्रकारका बालबालिका लागि कार्यक्रम सञ्चालन | पटक | ० | १०० | १२५ | १५० | १७५ | ७०० | स्थानीय तह |
| ३ | पालिकास्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालन | पटक | १०० | ११० | १२० | १३० | १४० | ७५० | संघ, प्रदेश, स्थानीय तह |
| ४ | लक्षित वर्गका विद्यार्थीलाई छात्रवृत्तिको व्यवस्था | पटक | १५० | २०० | २५० | २७५ | ३०० | १२५० | स्थानीय तह |
| ५ | सुचना सञ्चार प्रविधिको व्यवस्था | विद्यालय | ४०० | १२५ | १५० | १७५ | २०० | ५०० | संघ,प्रदेश, स्थानीय तह |
| ६ | सिकाइ उपलब्धि सुधारका लागि अन्तरक्रिया कार्यक्रम सञ्चालन | विद्यालय | १०० | १२० | १३० | १४० | १५० | ७०० | स्थानीय |
| ७ | विद्यालय नक्शांकन पुनर्वितरण तथा समायोजन | पटक | १०० | ८० | ० | १५० | ० | १०० | स्थानीय तह |
| ८ | मापदण्ड अनुसार शिक्षक व्यवस्थापन | पटक | १०० | ९० | ९० | ८० | ७५ | ३०० | संघ, प्रदेश, स्थानीय तह |
| ९ | शैक्षिक सामग्रीको व्यवस्थापन | विद्यालय | १५० | १७५ | २०० | २२५ | २५० | १३०० | स्थानीय तह र अन्य संघसंस्था |
| १० | महामारीको अवस्थामा विभिन्न कार्यक्रम तथा मनोपरामर्श सञ्चालन | विद्यालय | ३०० | ३५० | ३७५ | ४०० | ४५० | २००० | संघ, प्रदेश, स्थानीय तह साझेदार संस्थाहरु |
| ११ | भौतिक पूर्वाधारको विकास | सङ्ख्या | ३००० | ३००० | ४००० | ३००० | ३००० | १६००० | संघ, प्रदेश, स्थानीय तह |
| १२ | मूल्याङ्कनलाई शिक्षण सिकाइ प्रक्रियासँग एकीकृत गरी सुधार र प्रयोगका लागि क्षमता विकास | पटक | १५० | १०० | १५० | १०० | १५० | ७०० | संघ, प्रदेश, स्थानीय तह |
| १३ | विद्यालय, वडा तथा पालिकास्तरमा बालक्लब तथा बालसञ्जाल गठन र अभिमुखीकरण | | २०० | २०० | २३० | २४० | २५० | २४०० | स्थानीय तह र साझेदार संस्था |
| १४ | स्वयमसेवक शिक्षक व्यवस्थापन | संख्या | १००० | ११००० | १२००० | १३००० | १४००० | ७०००० | प्रदेश, स्थानीय तह |
| कूल जम्मा | | | ५८०० | १५७०० | १७८७० | १८०६५ | १९२९० | ११९०० | |

# परिच्छेदः सात
# प्राविधिक तथा व्यावसायिक शिक्षा

## ६.१ परिचय

कुनैपनि राष्ट्रको समृद्धि र विकासको मूल पूर्वाधार प्राविधिक तथा व्यावसायिक शिक्षा हो । मानव जीवनलाई सफल र सरल बनाउन प्राविधिक तथा व्यावसायिक शिक्षाको ठूलो महत्व छ ।वर्तमान समयमा विभिन्न माध्यमिक विद्यालयहरुमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट अनुमति प्राप्त कक्षा ९ देखि १२ सम्मका विभिन्न ६ वटा धारहरुमा समेत प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालनमा रहेको छ । रोजगारी, सीप, जीवनपर्यन्त शिक्षा तथा जीवनोपयोगी शिक्षाको मेरुदण्ड भनेर प्राविधिक तथा व्यावसायिक शिक्षालाई लिइन्छ । इन्जिनियरिङ, चिकित्सा, वन, कम्प्युटर, पशु, कला, सङ्गीत लगायतका थुप्रै विषयमा पाठ्यक्रम विकास केन्द्रले पाठ्यक्रम समेत विकास गरी कार्यान्वयनमा रहेको पाइन्छ ।

## ६.२ वर्तमान अवस्था

अजयमेरु गाउँपालिकामा हाल प्राविधिक शिक्षा धार तर्फ शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट शैक्षिक सत्र २०६९ बाट अनुमति प्राप्त गरी शैक्षिक सत्र २०७० देखि श्री बालकल्याण माध्यमिक विद्यालय अजयमेरु-१, पुइलेकमा बाली विज्ञान विषयमा कक्षा ९-१२ सम्मको पठनपाठन सञ्चालन हुँदै आएकोछ। बाली विज्ञान विषयमा प्रतिवर्ष प्रतिकक्षा ४८ जना विद्यार्थी भर्ना भएर अध्ययन गर्न पाउने व्यवस्था रहेको छ।अजयमेरु गाउँपालिका अन्तर्गत प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद (CTEVT) को आङ्गिक संस्थाको रुपमा अन्य कुनै पनि विद्यालय रहेका छैनन् । प्राविधिक शिक्षा आजको आवश्यकता भएपनि आर्थिक अवस्था कमजोर भएको कारण धेरैजसो विद्यार्थीहरुले सो तहको अध्ययन गर्न पाएका छैनन । विद्यालय तथा शिक्षालयहरुमा प्राविधिक शिक्षाको लागि आवश्यक पर्ने पूर्वाधारहरुको पर्याप्तता हुन सकेको छैन । प्राविधिक शिक्षाका कक्षाहरु बढि प्रयोगात्मक बनाउनुपर्ने आवश्यकता समेत रहेको छ । माथि उल्लेखित वर्तमान अवस्थालाई विश्लेषण गर्दा प्राविधिक शिक्षाका केहि चुनौतिहरु यसप्रकार रहेका छनः

१.शिक्षा तथा मानव स्रोत विकास केन्द्रले अनुमति प्रदान गर्ने बाली विज्ञान बाहेकका धारहरुको अनुमति प्राप्त गरी सञ्चालन गर्नु ।

२.प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदको शिक्षालय र स्थानीय तह बीचमा समन्वय बढाउनु ।

३.विद्यालय तथा शिक्षालयका प्राविधिक कक्षाहरुलाई बढि भन्दा बढी प्रयोगात्मक बनाउन आवश्यक भौतिक तथा शैक्षिक पूर्वाधारहरुको विकास गर्नु ।

४. इच्छुक सबै स्थानीय विद्यार्थीहरुलाई अध्ययनको अवसर प्रदान प्राविधिक तथा व्यावसायिक शिक्षा पढ्न. गर्नु ।

## ६.३ उद्देश्य

यस योजनाले प्राविधिक तथा व्यावसायिक शिक्षा सम्बन्धि निम्नलिखित उद्देश्यहरु राखेको छः

१. प्राविधिक तथा व्यावसायिक शिक्षामा पहुँच विस्तार गरि अवसर सुनिश्चित गर्ने ।

२. प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिमको क्षेत्रमा उत्पादन हुने जनशक्तीका लागि स्थानीय स्तरमा रोजगारी तथा स्वरोजगारीका उपलब्ध अवसर गराउने।

३. प्राविधिक तथा व्यावसायिक शिक्षालाई गुणस्तरीय तथा प्रभावकारी बनाउने ।

**६.४ रणनीतिहरुः** प्राविधिक तथा व्यावसायिक शिक्षा सम्बन्धि उद्देश्यहरु हासिल गर्न देहाय बमोजिमका रणनीतिहरु अवलम्बन गरिनेछः

१. गाउँपालिका अन्तर्गत विभिन्न विद्यालयहरुमा फरक फरक धारको प्राविधिक तथा व्यावसायिक शिक्षाको पठनपाठनको व्यवस्थाको लागि पहल गर्ने ।

२. प्राविधिक तथा व्यावसायिक शिक्षा आर्जन गरेका युवाहरूलाई पढ्दै कमाउदैको अबधारणा अनुरुप गाउँपालिका भित्रै रोजगारीको अवसर प्रदान गर्ने ।

३. विद्यार्थीहरुलाई प्राविधिक तथा व्यावसायिक शिक्षातर्फ अवसर प्रदान गर्न छात्रवृति प्रदान गर्ने ।

४. प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिमको क्षेत्रमा उत्पादन हुने जनशक्तीका लागि स्थानीय स्तरमा रोजगारी तथा स्वरोजगारीका उपलब्ध गराउन आवश्यक नीति अवलम्बन गर्ने ।

५. प्राविधिक तथा व्यावसायिक तालिम लिएकाहरु मध्येबाट ५० प्रतिशतलाई यसै स्थानीय स्तरमा रोजगार तथा स्वरोजगार उपलब्ध गर्ने ।

६. समयसापेक्ष प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको कार्यक्रम विस्तर गर्ने ।

**६.५ प्रमुख उपलब्धी तथा नतिजा**

**क. उपलब्धि तथा नतिजा**

१. गाउँपालिका अन्तर्गत विभिन्न विद्यालयहरुमा फरक फरक धारको प्राविधिक तथा व्यावसायिक शिक्षाको पठनपाठनको व्यवस्थाको भएको हुनेछ ।

२. प्राविधिक तथा व्यावसायिक शिक्षा अध्ययन गर्ने विद्यार्थीको संख्या बढेको हुनेछ ।

३. प्राविधिक तथा व्यावसायिक शिक्षा अध्यापन गराउने प्रशिक्षकहरुको क्षमता अभिवृद्धि भएको हुनेछ।

४. प्राविधिक तथा व्यावसायिक शिक्षामा सहज पहुँच विस्तार गर्न छात्रवृतिको व्यवस्था भएको हुने ।

ग. प्रमुख क्रियाकलाप तथा लक्ष्य

तालिका १७. प्राविधिक तथा व्यवसायिक शिक्षाका प्रमुख क्रियाकलापहरु तथा लक्ष्यः

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य | | | | | | भौतिक लक्ष्य (५ बर्ष) २०८६।२०९० | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | योग्य जनशक्तिको छनौट | पटक | ० | १ | १ | १ | १ | ४ | ५ | संघ र प्रदेश गर्ने |
| २ | व्यवसायिक तालिम सञ्चालन | पटक | ० | १ | १ | १ | १ | ४ | ५ | संघ, प्रदेश, स्थानीय |
| ३ | प्राविधिक धारका साथै प्राविधिक धार सञ्चालन गर्न इच्छुक विद्यालयलाई प्रोत्साहन कार्यक्रम | पटक | ० | १ | २ | १ | २ | ४ | ५ | संघ, प्रदेश, स्थानीय |

तालिका १८. प्राविधिक तथा व्यावसायिक शिक्षाका प्रमुख क्रियाकलापहरु सञ्चालन गर्न अनुमानित बजेट (रु हजारमा)

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | आवश्यक बजेट अनुमानित (रु हजारमा)(५ बर्षको) | | | | | | बजेट बाँकि (५ बर्ष) २०८६-२०९० | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | योग्य जनशक्तिको छनौट | पटक | ० | १५० | १०० | ९० | ८० | ४२० | ८४० | संघ र प्रदेश गर्ने |
| २ | व्यवसायिक तालिम सञ्चालन | पटक | ० | १५० | १७५ | २०० | २५० | ७७५ | १००० | संघ, प्रदेश, स्थानीय |
| ३ | प्राविधिक धारका साथै प्राविधिक धार सञ्चालन गर्न इच्छुक विद्यालयलाई प्रोत्साहन कार्यक्रम | पटक | ० | २०० | २५० | ३०० | ४०० | ११५० | २४०० | संघ, प्रदेश, स्थानीय |
| कूल जम्मा रकम | | | ० | ५०० | ५२५ | ५९० | ७३० | २३४५ | ४२४० | |

# परिच्छेदः आठ
# अनौपचारिक शिक्षा र आजिवन सिकाइ

## ७.१ परिचय

नेपालको संविधानले प्रत्येक नागरीकलाई राज्यबाट आधारभूत तहसम्म शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म शिक्षा निःशुल्क पाउने हक सुनिश्चित गरेको छ । औपचारिक शिक्षामा पहुँच नपुगेका बालबालिका तथा प्रौढहरूलाई शिक्षामा पहुँच विस्तार गर्न, जीविकोपार्जनमा सहयोग पुऱ्याउने र संसारसँग आवद्ध गर्न प्रचलनमा ल्याइएका पछिल्ला अवधारणाहरु निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षा निरक्षरका लागि साक्षरता, साक्षरका लागि साक्षरोत्तर, सिकाइ अवसरका लागि स्तरवृद्धि, शिक्षासँग सीप र आम्दानी जोड्दै शिक्षित समाजको विकासका लागि अनौपचारिक, निरन्तर, खुला एवं जीवयपर्यन्त शिक्षाले काम गर्दछ । संविधानले सुनिश्चित गरेको शिक्षा पाउने हक, राष्ट्रिय शिक्षा नीतिले अबलम्बन गरेको सिद्धान्त, दिगो विकास लक्ष्य नं. ४ तथा आवधिक योजनाले अपेक्षा गरेको प्रत्येक नागरीकले शिक्षा पाउने हकको कार्यान्वयन गर्न औपचारिक शिक्षासँगै अनौपचारिक शिक्षा प्रणालीले योगदान गर्दछ । वि.सं. २०८५ बैशाख १ गते देखि आधारभूत शिक्षा प्राप्त नगरेको व्यक्ति नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहको कुनै पनि सरकारी सेवामा वा नेपाल सरकार प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व, अनुदान वा नियन्त्रणमा रहेको कुनै पनि पदमा निर्वाचित, नियुक्ति वा मनोनयन हुन वा कुनै रोजगारी प्राप्त गर्न नपाउने व्यवस्था भएसँगै निरन्तर शिक्षा खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षाको भूमिका अझै महत्वपूर्ण रहेको देखिन्छ ।

## ७.२ वर्तमान अवस्था

आधारभूत तथा माध्यमिक शिक्षाको जिम्मेवारी स्थानीयतहमा हस्तान्तरण भएसँगै स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले अनौपचारिक सिकाइको व्यवस्थापन अन्तर्गत संरचना, लगानी, अपनत्व जिम्मेवारी स्थानीयतहलाई प्रदान गरेको छ । यस गाउँपालिकाको साक्षर जनसंख्या ७५.७ रहेको छ । अनौपचारिक तथा निरन्तर सिकाइका लागि गाउँपालिकामा ५ वटा सामुदायिक सिकाइ केन्द्रहरु कार्यरत रहेका छन्। उल्लेखित अवस्थाहरुलाई विश्लेषण गर्दा निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षा क्षेत्रमा निम्न समस्याहरु पहिचान गरीएका छन ।

१. साक्षर व्यक्तिहरुलाई निरन्तर शिक्षाको कार्यक्रम दिन नसक्नु
२. साक्षरता कार्यक्रममा सहभागि भएका व्यक्तिहरूले सिकेका ज्ञान र सीपलाई रोजगारसँग जोड्न नसकिनु
३. अनौपचारिक शिक्षा र जीवनपर्यन्त शिक्षा संचालन गर्ने संस्था र संयन्त्रको प्रयाप्त व्यवस्था र विकास नहुनु
४. साक्षर भएकाहरू सीपको प्रयोग र अभ्यास नहुँदा पुनः निरक्षर हुनुपरेको
५. शैक्षिक सत्र पूरा नगरी बिचैमा छोड्ने र नियमित नहुने बालबालिकाको संख्या समेत बढि रहेको
६. महिला, पछाडि परेका वर्गलाई लक्षित गरी जीवनोपयोगी सीप, लघुऋण, अनुदान र रोजगारीको अवसर दिनेजस्ता कार्यक्रमलाई एकिकृत रूपमा सञ्चालन नगरिएको
७. गाउँपालिकामा निरन्तर सिकाइका लागि एक व्यवस्थित पुस्तकालय सञ्चालनमा ल्याउन नसक्नु ।
८. विद्यालय तह पुरा नगरि विचैमा विद्यालय छोड्नेहरुका लागि खुला शिक्षाको माध्यमबाट औपचारिक शिक्षामा लैजान नसक्नु

९. व्यावसायिक तालिम लिएकाहरुको सीप प्रमाणिकरण गर्न नसकिएको

**७.३ उद्देश्यहरू**

यस योजनाले निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षा सम्बन्धि निम्नलिखित उद्देश्यहरु राखेको छः

१. सबै नागरिकका लागि समावेशी तथा समतामूलक साक्षरता र आजिवन सिकाइका अवसर सुनिश्चित गर्नु ।
२. सामुदायिक सिकाइ केन्द्रलाई शैक्षिक सूचना केन्द्रको रूपमा विकास गरि केन्द्रको क्षमता अभिवृद्धि गरी विद्यालय तहको शिक्षा गुणस्तरीय बनाउने सहयोगी संस्थाको रुपमा विकास गर्ने ।
३. निरन्तर शिक्षा, जीवनपर्यन्त शिक्षा, खुला शिक्षा, आयमूलक तथा सीपमूलक जस्ता कार्यक्रम सञ्चालन गरी व्यक्तिका दैनिक जीवनसंग सम्बन्धित आवश्यकताहरुको परिपूर्ति गर्नमा सहयोग गर्ने ।
४. विभिन्न कारणले विद्यालय बाहिर रहेका र बिचैमा विद्यालय छोड्ने बालबालिकाहरुलाई वैकल्पिक कक्षा मार्फत सिकाइ गरी साधारण विद्यालयको प्रवाहमा समाहित गर्ने ।

**७.४ रणनीति**

निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षा सम्बन्धि उद्देश्यहरु हासिल गर्न देहाय बमोजिमका रणनीतिहरु अवलम्बन गरिनेछनः

१. सामुदायिक सिकाइ केन्द्रलाई आधारभूत सुबिधासम्पन्न पुस्तकालय, सामुदायिक सूचना केन्द्र र सेबा प्रबाह गर्न बहुउद्देश्यीय संयन्त्रका रूपमा सुदृढीकरण गरी समावेशी एबम् समतामा आधारित आजीबन सिकाइको थलोका रूपमा विकास गर्ने

२. सामुदायिक सिकाइ केन्द्र, विद्यालय, स्थानीय सङ्घसंस्था, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक परिचालन गरी साक्षरता तथा साक्षरोत्तर कक्षा सञ्चालन गर्ने

३. सिकारुका आवश्यकताअनुसार तहगत पाठकम, सिकाइ मोडुल र भाषिक बिबिधता अनुरूपका सामग्रीको प्रयोग गर्ने ।

४. सरोकारबालासँगको समन्बय, सहकार्य र साझेदारीमा अनौपचारिक प्रौढ विद्यालय, बैकल्पिक, खुला तथा परम्परागत विद्यालयको सुदृढीकरण गर्ने

५. सामुदायिक सिकाइ केन्द्र मार्फत विभिन्न सिप बिकास र आयआर्जन तथा सिपमूलक कार्यकम सञ्चालन गर्ने

६. अनौपचारिक माध्यमबाट सिकिएका ज्ञान तथा सिपहरूको परीक्षण र प्रमाणीकरण गरी राष्ट्रिय योग्यता प्रारूपले गरेको व्यवस्थाबमोजिम प्रमाणपत्रको व्यवस्था मिलाउने ।

७. प्रत्येक वडामा सामुदायिक सिकाइ केन्द्रको स्थापना गर्ने ।

८. सबैलाई कक्षा ८ सम्मको आधारभूत शिक्षाको अवसर अनिवार्य प्रदान गर्ने ।

**७.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य**

**उपलब्धी**

१. १५ वर्षभन्दा माथिको साक्षरता १०० प्रतिशत पुगेको हुनेछ ।
२. ५ वर्षभन्दा माथिको साक्षरता १०० प्रतिशत पुगेको हुनेछ ।
३. १५ देखि २४ वर्षकोसाक्षरता १०० प्रतिशत पुगेको हुनेछ ।
४. विद्यार्थीहरुको बीचमा विद्यालय छोड्ने दर ० प्रतिशत पुगेको हुनेछ ।
५. आवश्यकता अनुसार सामुदायिक सिकाइ केन्द्रको विस्तार भएको हुनेछ ।

**७.६ नतिजा**

१. सबै नागरीकहरुलाई साक्षरता, निरन्तर शिक्षा खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त शिक्षा र सिकाइको अवसर प्राप्त हुने ।
२. सामुदायिक सिकाइ केन्द्रको संस्थागत संयन्त्र एवं सञ्चालन मापदण्ड तयार भइ एकीकृत सेवा प्रवाह गर्ने आजीवन सिकाइ केन्द्रको रूपमा विकास हुने ।
३. निरन्तर, खुला, अनौपचारिक जीवनपर्यन्त शिक्षा र सिकाइबाट सीपमूलक जनशक्ति उत्पादन हुने ।
४. विद्यालयमा नियमित उपस्थित भइ शिक्षा निरन्तर गर्न नसक्ने तथा बढी उमेर भएका व्यक्तिका लागि वैकल्पिक सिकाइको प्रबन्ध हुने ।

ग) प्रमुख क्रियाकलाप

तालिका १९. निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिकशिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षाका प्रमुख क्रियाकलापहरु तथा लक्ष्यः

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य | | | | | | भौतिक लक्ष्य (१० बर्ष) २०८६।२०९० | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | आवश्यकता अनुसार लघुकक्षा सञ्चालन | पटक | ० | ० | १ | १ | १ | ३ | ५ | संघ, प्रदेश, स्थानीय तह |
| २ | स्वयंसेवक परिचालन | वडामा | ० | ० | ५ | ५ | ५ | १५ | ५ | संघ, प्रदेश, स्थानीय तह |
| ३ | सिकाइ केन्द्रका पदाधिकारीहरुलाई तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | संघ, प्रदेश, स्थानीय तह |
| ४ | सिकाइ भ्रमण | पटक | १ | ० | १ | १ | १ | ३ | ५ | स्थानीय तह |
| ५ | वडा शिक्षा समिति गठन र परिचालन | पटक | १ | १ | १ | १ | १ | ४ | ५ | स्थानीय तह |
| ६ | आयमूलक कार्यक्रम सञ्चालन | पटक | ० | १ | १ | १ | १ | ४ | ५ | स्थानीय तह |
| ७ | जोडकोष स्थापना कार्यविधि निर्माण र सञ्चालन | पटक | ० | ० | १ | १ | १ | ३ | ५ | स्थानीय तह |
| ८ | वैकल्पिक कार्यक्रम सञ्चालन | पटक | ० | १ | १ | १ | १ | ४ | ५ | स्थानीय तह |
| ९ | पढाइको वातावरण सृजना गर्न अभिभावकहरुलाई वडागत सचेतनामूलक कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | स्थानीय तह |
| १० | लक्षित समूहका लागि मागमा आधारित तालिम सञ्चालन | पटक | ० | ० | १ | १ | १ | ३ | ५ | स्थानीय तह |

तालिका २०. अनौपचारिक शिक्षा, आजीवन सिकाइ र शिक्षाका प्रमुख क्रियाकलापहरु सञ्चालन गर्न अनुमानित बजेट (रु हजारमा)

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | ५ बर्षको आवश्यक बजेट अनुमानित (रु हजारमा) | | | | | | बजेट बाँकि (५ बर्ष २०८६-२०९०) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | आवश्यकता अनुसार लघुकक्षा सञ्चालन | पटक | ० | १०० | १०० | ९० | ८० | ३७० | ३०० | संघ, प्रदेश, स्थानीय तह |
| २ | स्वयंसेवक परिचालन | वडामा | ० | १०० | १५० | १०० | १०० | ४५० | ३५० | संघ, प्रदेश, स्थानीय तह |
| ३ | सिकाइ केन्द्रका पदाधिकारीहरुलाई तालिम | पटक | ५० | ५० | ५० | ५० | ५० | २५० | २५० | संघ, प्रदेश, स्थानीय तह |
| ४ | सिकाइ भ्रमण | पटक | ५०० | ० | ३०० | ३५० | ३७५ | १०२५ | १५०० | स्थानीय तह |
| ५ | वडा शिक्षा समिति गठन र परिचालन | पटक | १०० | १०० | १०० | १०० | १०० | ५०० | ५०० | स्थानीय तह |
| ६ | आयमूलक कार्यक्रम सञ्चालन | पटक | ० | १५० | १७५ | २०० | २२५ | ७५० | ८५० | स्थानीय तह |
| ७ | जोडकोष स्थापना कार्यविधि निर्माण र सञ्चालन | पटक | ० | ० | ५० | ७० | ९० | २१० | ४२५ | स्थानीय तह |
| ८ | वैकल्पिक कार्यक्रम सञ्चालन | पटक | ० | १०० | १०० | १०० | १०० | ४०० | ४०० | स्थानीय तह |
| ९ | पढाइको वातावरण सृजना गर्न अभिभावकहरुलाई वडागत सचेतनामूलक कार्यक्रम सञ्चालन | पटक | १५० | १७५ | २०० | १०० | १०० | ७२५ | ८०० | स्थानीय तह |
| १० | लक्षित समूहका लागि मागमा आधारित तालिम सञ्चालन | पटक | ० | १०० | १७५ | २०० | २०० | ६७५ | ७०० | स्थानीय तह |
| कूल जम्मा रकम (रु हजारमा) | | | ८०० | ८७५ | १४०० | १३६० | १४२० | ५३५५ | ६०७५ | |

# परिच्छेदः नौ

# पाठ्यकम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्यांकन

## ८.१ परिचय

शिक्षा प्रणालीलाई मार्गदर्शन गर्ने आधार पाठ्यक्रम हो । शिक्षाको राष्ट्रिय, तहगत तथा कक्षागत उद्देश्यहरु परिपूर्ति गर्नका लागि सबैभन्दा महत्वपूर्ण साधन पाठ्यक्रम हो । पाठ्यक्रम अन्तरगत कुनै कक्षा वा तहमा कुन बिषयमा के पढाउने ? कुन कुन बिषयवस्तु पढाउने? के कस्ता विधि तथा क्रियाकलापहरुको माध्यमबाट अपेक्षित सक्षमता हासिल गराउने? के कसरी मूल्याङ्कन गर्ने? जस्ता महत्वपूर्ण पक्षहरु पर्दछन् । पाठ्यक्रमले राखेका उद्देश्यहरू पूरा गर्न पाठ्यक्रमका आधारमा तयार पारिने सामग्री पाठ्यसामग्री हो । नेपालमा विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप पहिलो पटक वि.सं. २०६३ मा स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको थियो । यसले मार्गनिर्देश गरे अनुसार विद्यालय शिक्षाको पाठ्यक्रम विकास र परिमार्जन गरिएको थियो । समसामयीक परिवर्तनलाई समेटि वि.सं. २०७१ मा उक्त प्रारुपमा परिमार्जन गरिएको थियो । नेपालमा विद्यालय शिक्षामा पहुँच बढाउन तथा गुणस्तरमा सुधार ल्याउन राष्ट्रिय स्तरमा विभिन्न प्रयासहरू हुँदै आएको छ । यसै गरि विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले शिक्षा प्रणालीमा सुधारका स्वरुप तय गर्न संघीय, प्रादेशिक र स्थानीय सरकारलाई आवश्यक मार्गनिर्देश गरेको छ।

## ८.२ वर्तमान अवस्था

समाजवाद उन्मुख राष्ट्र निर्माणका लागि शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यवसायिक, सीपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउदै सामाजिक न्यायमा आधारित सक्षम, नैतिक, राष्ट्रिय हितप्रति समर्पित र प्रतिस्पर्धि जनशक्ति तयार गर्ने र वि.सं. २०८७ सम्म मध्यम आय भएको मुलुकमा रुपान्तरण गर्न आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन गर्ने लक्ष्य हासिल गर्न मेरुदण्डका रुपमा रहेको विद्यालय शिक्षामा राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ तथा राष्ट्रिय शिक्षा नीति २०७६ ले संघीय, प्रादेशिक तथा स्थानीय सरकारको जिम्मेवारी निर्दिष्ट गरे अनुसार स्थानीय सरकारले गाउँ शिक्षा योजनामा पाठ्यक्रम सम्बद्ध नीति तर्जुमा गर्न आवश्यक छ । राष्ट्रिय शिक्षा नीति २०७६ अनुसार सबै तहको शिक्षामा विज्ञान, प्रविधि, इन्जिनियरिङ र गणित शिक्षा (STEM- EDUCATION) लाई पाठ्यक्रमको अभिन्न अङ्ग बनाएको छ । नेपाल भौगोलिक, सामाजिक र सांस्कृतिक विविधतायुक्त देश हो। ठूलो सम्भावना बोकेको धार्मिक, सांस्कृतिक एवम् पर्यटकीय स्थलहरुको पहिचान, संरक्षण र संवर्धन भइ नसक्नु शैक्षिक गुणस्तर अपेक्षित रुपमा बढ्न नसकेका, समग्र शिक्षा पद्धतिबाट उत्पादित जनशक्तिले रोजगार बजारमा स्थान ग्रहण गर्न नसक्नु र स्वरोजगारको अवस्था समेत सिर्जना हुन् नसक्नु, उत्पादित जनशक्तिमा नैतिक मूल्य मान्यता र आचरण अपेक्षाकृत रुपमा वृद्धि हुन नसक्नु जस्ता मुख्य समस्याहरुलाई स्थानीय पाठ्यक्रम नीतिले संबोधन गर्नुपर्ने प्रमुख चुनौतिको रुपमा रहेको छ । यी बाहेक गाउँपालिकामा रहेका पाठ्यक्रम निर्माण, कार्यान्वयन तथा मूल्याङ्कन सम्बन्धि समस्या र चुनौती यस प्रकार छनः-

१. पाठ्यक्रमले तोकेका व्यवहारिक तथा जीवनोपयोगी सीप विकास गर्नु ।
२. पाठ्यक्रमले तोके अनुसारका शैक्षणिक योजना निर्माण गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गराउनु ।
३. पाठ्यक्रम विकास एवम् कार्यान्वयनका लागि संस्थागत संयन्त्रको विकास गर्नु ।
४. वर्तमान सूचना तथा प्रविधिको भरपुर प्रयोग गर्न सक्ने गरी उपलब्ध जनशक्तिको क्षमता विकास गर्नु ।
५. स्थानीय तहको सक्रियतामा मातृभाषाका पाठ्यक्रम तथा पाठ्यसामग्रि विकास तथा उत्पादन गर्नु ।

६. शिक्षणलाई सिकाइमा रुपान्तरण गर्न, शिक्षक र विद्यार्थीको सहकार्यबाट सिक्न र ज्ञान आर्जन गर्न मार्गनिर्देशित गर्ने पाठ्यक्रम तथा पाठ्यसामग्रीको विकास गर्नु ।

७. स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नु ।

८. विद्यार्थी मूल्याङ्कनलाई निरन्तर मूल्याङ्कन पद्धति अनुरुप विकसित गर्ने, मूल्याङ्कनको पृष्ठपोषणका आधारमा शैक्षिक योजना निर्माण गरी कार्यान्वयन गर्न नसक्नु ।

९. पाठ्यपुस्तकको सीमित घेरा भन्दा बाहिर पनि शिक्षण सिकाइ क्रियाकलापलाई आबद्ध गराउनु ।

१०. स्थानीय स्रोत, साधन, स्थापित मूल्य मान्यता तथा मौलिक परम्परामा आधारित पाठ्यसामग्री निर्माण गर्नु ।

११. पाठ्यक्रम प्रबोधीकरण समयमा नहुनु ।

**८.३ उद्देश्य**

यस योजनाले पाठ्यक्रम तथा पाठ्यसामग्री सम्बन्धि निम्नलिखित उद्देश्यहरु राखेको छः

१. स्थानीय तहको आवश्यकता बमोजिमको स्थानीय बिषयको पाठ्यक्रम निर्माण गर्नु ।

२. शिक्षण सिकाइमा रुपान्तरण गर्न, शिक्षक र विद्यार्थीको सहकार्यबाट सिक्न सिकाउन र ज्ञान आर्जन गर्न मार्गनिर्देशित पाठ्यक्रम तथा पाठ्यसामग्रीको विकास एवम् तिनको समन्वयात्मक रुपमा कार्यान्वयन गर्नु ।

३. विद्यार्थी मूल्याङ्कनलाई निरन्तर मूल्याङ्कन पद्धति अनुरुप विकसित गर्नु ।

**८.४ रणनीति**

पाठ्यक्रम र पाठ्यसामग्री सम्बन्धि उद्देश्यहरु हासिल गर्न देहाय बमोजिमका रणनीतिहरु अवलम्बन गरिनेछ।

१. स्थानीय स्तरका आवश्यकतामा आधारित नयाँ पाठ्यक्रमको निर्माण गर्ने, गराउने ।

२. पाठ्यक्रम विकास समूहको पेशागत क्षमता विकास गर्ने ।

३. पाठ्यक्रममा समाविष्ट विषयवस्तु तथा शैक्षणिक कौशलमा पुनर्सरचना गर्ने ।

४. राष्ट्रिय पाठ्यक्रमसँग सम्बन्धित रही स्थानीय आवश्यकता सँग सान्दर्भिक पाठ्यक्रम, सन्दर्भ सामग्री तथा शैक्षणिक सामग्रीहरुको निर्माण गर्ने ।

५. सबलीकृत पाठ्यक्रम व्यवस्थापन, प्रबोधीकरण, अनुगमन तथा मूल्याङ्कन पद्धति मार्फत पाठ्यक्रमको कार्यान्वयन गर्ने ।

६. समय समयमा विषयगत शिक्षक कार्यशालाहरुको आयोजना गरी पाठ्यक्रम तथा पाठ्यसामग्रिहरूको पुनर्ताजकी गराउने ।

**८.५ प्रमुख उपलब्धि, नतिजा तथा क्रियाकलापहरु**

**क. उपलब्धि**

१. स्थानीय स्तरका आवश्यकतामा आधारित कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री निर्माण भएको हुनेछ ।

२. राष्ट्रिय तथा स्थानीय पाठ्यक्रमको कार्यान्वयन सम्बन्धि प्रबोधीकरण भएको हुनेछ ।

३. स्थानीय पाठ्यक्रमको सफल कार्यान्वयनको लागि पाठ्यसामग्री विकास भएको हुनेछ ।

**ख. नतिजा**

१. आधारभूत तहमा अध्ययनरत सबै विद्यार्थीहरुमा स्थानीय पाठ्यक्रम सम्बद्ध पाठ्यसामग्री पुगेको हुने ।

२. स्थानीय पाठ्यक्रम निर्माण तथा प्रबोधीकरणमा सरोकारवालहरुको सहभागिता भएको हुने ।

३. स्थानीय पाठ्यक्रमप्रति विद्यार्थी, शिक्षक, अभिभावक लगायतका सरोकारवालाहरुले अपनत्व ग्रहण गरी सो को सफल कार्यान्वयन भएको हुने ।

## ग. प्रमुख क्रियाकलाप तथा लक्ष्य

### तालिका २१. पाठ्यक्रम तथा पाठ्यसामग्रीका प्रमुख क्रियाकलापहरु तथा लक्ष्यः

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य | | | | | | भौतिक लक्ष्य (५ बर्ष) २०८६।२०९० | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | स्थानीय पाठ्यक्रम निर्माण, स्थानीय तथा अन्य पाठ्यसामग्री विकास, छपाइ र वितरण | पटक | १ | १ | १ | १ | १ | ५ | | संघ, प्रदेश, स्थानीय तह |
| २ | पाठ्यक्रम तथा पाठ्यसामग्री विकास तथा प्रबोधिकरणका लागि तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | संघ, प्रदेश, स्थानीय तह |
| ३ | पाठ्यक्रम तथा पाठ्यसामग्रीका बिषयवस्तु सङ्कलन, निर्माणको व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | संघ, प्रदेश, स्थानीय तह |
| ४ | पाठ्यक्रम कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन | विद्यालय | ३० | ३० | ३० | ३० | ३० | ३० | ३० | संघ, प्रदेश, स्थानीय तह |

### तालिका २२. पाठ्यक्रम र पाठ्यसामग्रीका प्रमुख क्रियाकलापहरु सञ्चालन गर्न अनुमानित बजेट (रु हजारमा)

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | ५ बर्षको आवश्यक बजेट अनुमानित (रु हजारमा) | | | | | | बजेट बाँकि (५ बर्ष)२०८६-२०९० | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | स्थानीय पाठ्यक्रम निर्माण, स्थानीय तथा अन्य पाठ्यसामग्री विकास, छपाइ र वितरण | पटक | ८०० | ८५० | ९२५ | ९५० | ९७५ | ४५०० | २२५०० | संघ, प्रदेश, स्थानीय तह |
| २ | पाठ्यक्रम तथा पाठ्यसामग्री विकास तथा पाठ्यक्रम प्रबोधिकरणका लागि तालिम | पटक | १५० | ० | १५० | ० | १५० | ४५० | १५०० | संघ, प्रदेश, स्थानीय त |
| ३ | पाठ्यक्रम तथा पाठ्यसामग्रीका बिषयवस्तु सङ्कलन, निर्माणको व्यवस्थापन | पटक | ० | २५० | ० | २५० | ० | ५०० | ८०० | संघ, प्रदेश, स्थानीय तह |
| ४ | पाठ्यक्रम कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन | विद्यालय | ५० | ५० | ५० | ५० | ५० | २५० | ३०० | संघ, प्रदेश, स्थानीय तह |
| कूल जम्मा रकम रु | | | १००० | ११५० | ११२५ | १२५० | ११७५ | ५७०० | २६०० | |

# परिच्छेदः दश
# शिक्षक व्यवस्थापन र विकास

## ९.१ परिचय

नेपाल सरकारले सन् २०१५ मे को इन्चोन र सेप्टेम्बरको संयुक्त राष्ट्र संघको साधारण सभाबाट पारित दिगो विकास लक्ष्यहरु मध्ये लक्ष्य नं.४ "सबैका लागि समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता" पूरा गर्न नेपालले राष्ट्रिय कार्य ढाँचा स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । गुणस्तरीय शिक्षा सुनिश्चित गर्न शिक्षक व्यवस्थापन तथा विकास अत्यन्तै आवश्यक छ । शिक्षकको योग्यता, क्षमता, दक्षताको विद्यार्थी सिकाइमा प्रत्यक्ष प्रभाव पर्छ । नेपालमा विभिन्न योजना, परियोजना तथा कार्यक्रमहरुले शिक्षकको पेशागत क्षमता विकासलाई प्राथमिकतामा राखी कार्यक्रम सञ्चालन गर्दै आएका छन् । शिक्षक तयारीका लागि माध्यमिक विद्यालयहरुले प्रविणता प्रमाण पत्र तह, विश्व विद्यालय तहले स्नातक तह र स्नाकोत्तर तह सञ्चालन गर्दै आएका छन् । शिक्षक को पेशागत क्षमताको विकासका लागि दश महिने शिक्षक तालिम TPD तालिमजस्ता थुप्रै तालिमहरु आमने-सामने तथा सूचना प्रविधिको माध्यमवाट सञ्चालन हुँदै आएका छन्। शिक्षक सेवा आयोगले शिक्षक अध्यापन अनुमति पत्रका लागि परीक्षा संचालन, रिक्त दरबन्दीमा शिक्षक आपूर्तिका लागि परीक्षा सञ्चालन र स्थायी शिक्षकको बढुवाको लागि कार्य गरिरहेको छ ।

## ९.२ वर्तमान अवस्था

सोह्रौं (२०८१/२०८२-२०८५/२०८६) योजना देशको लागि आवश्यक मानव पुँजी निर्माणका लागि दीर्घकालीन राष्ट्रिय आवधिक जनशक्ति विकास योजना तर्जुमा गरी यसका आधारमा शैक्षिक कार्यक्रम निर्माण गरी संयन्त्र र पद्धति विकास गर्ने साथै सबै तहका शिक्षामा डिजिटल प्रविधि, प्रयोगशाला, बहुप्रविधियुक्त पुस्तकालयको प्रयोग गर्ने कुरा उल्लेख गरेको छ । शिक्षक सेवा आयोग नियमावली २०५७ ले शिक्षक हुनका लागि शिक्षक अध्यापन अनुमतिपत्र अनिवार्य गरेको छ । स्थायी शिक्षक हुनका लागि शिक्षक सेवा आयोगले लिने छनौट परीक्षामा उत्तीर्ण हुनु पर्ने, स्थायी शिक्षक बढुवा हुनाका लागि निश्चित मापदण्ड पूरा गरेको हुनु पर्ने प्रावधान छ ।

### शिक्षण पेशामा आकर्षण र नियुक्ति

विद्यमान शिक्षा ऐन तथा नियमावलीहरुले शिक्षकहरुलाई शिक्षण पेशामा आकर्षित गराउन विभिन्न व्यवस्था गरेको पाइन्छ । शिक्षा नियमावली २०५९ ले पेसागत सुरक्षाका लागि तलब, भत्ता, उपदान, निवृत्तिभरण, औषधोपचार खर्च,संचित बिरामी विदा, कार्यरत शिक्षक मृत्यु भएमा सन्ततिलाई छात्रवृत्ति आदि व्यवस्था गरेको हुनाले युवाहरुको शिक्षण पेसाप्रति आकर्षण बढेको भएपनि शिक्षण पेसामा प्रतिभावान,दक्ष र सक्षम व्यक्तिलाई प्रवेश सहज बनाउन आवश्यक छ । प्रदेश स्तरमा शिक्षा सेवा आयोग स्थापना गर्नुपर्ने, राहत तथा स्थानीय स्रोतबाट शिक्षक नियुक्ति गर्नु पर्दा प्रदेश स्तरको शिक्षा सेवा आयोगले छनौट परीक्षा लिने र सफल उमेदवारलाई गरेको सिफारिसको आधारमा नियुक्ति दिने व्यवस्था गर्न आवश्यक छ । हाल स्थानीय तहले भर्ना गरेका शिक्षकले पाउने तलब न्यून छ । यसले पेसागत सन्तुष्टिमा प्रभाव पारेको छ । संघीय सरकारबाट दरबन्दीको व्यवस्था भइ स्थायी शिक्षक नियुक्ति भइ नआउँदा सम्म स्थानीय स्तरमा स्थानीय स्रोत शिक्षकको दरबन्दी कायम गरी प्रदेश तथा संघ स्तरको शिक्षक सेवा आयोगले लिएको छनौट परीक्षाको करार सूचिमा भएका उमेदवारलाई नियुक्ति दिने व्यवस्था गर्नु पर्छ ।

**शिक्षण सिकाइ क्रियाकलाप**

कक्षा कोठाको शिक्षण सिकाइ क्रियाकलापमा अपेक्षित सुधार भएको देखिन्न । कक्षाकोठामा बाल मनोविज्ञान, सिकाइका सिद्धान्त, शैक्षणिक सामग्री, इन्टरनेटको प्रभावकारी प्रयोग गर्न दक्ष, योग्य, उत्प्रेरित शिक्षकको अभाव छ । विद्यालयहरुलाई आवश्यक पर्ने पूर्वाधारहरु सबै विद्यालयहरुमा पुऱ्याउन सकिएको छैन ।

**शिक्षक पेसागत सहयोग पद्धति**

नेपालमा रा.शि.प.यो. २०२८ ले विद्यालय सुपरिवेक्षणका लागि प्रा.वि.नि. र मा.वि.नि. को व्यवस्था गरेको थियो। ग्रामीण विकासका लागि सेती परियोजना (२०३८-२०४८), प्राथमिक शिक्षा परियोजना (२०४२-२०४७), आधारभूत प्राथमिक शिक्षा परियोजना प्रथम (२०४९-२०५४) र दोस्रो (२०५६-२०६१), विज्ञान शिक्षा विकास परियोजना (२०४४-२०५१), प्राथमिक शिक्षा विकास परियोजना (१९९२-१९९९),माध्यमिक शिक्षा विकास परियोजना (१९९३-२०००), ) शिक्षक शिक्षा परियोजना (२००२-२००९), विद्यालय क्षेत्र सुधार कार्यक्रम (२०६७।०६८-२०७२।०७३) हुँदै विद्यालय क्षेत्र विकास कार्यक्रम (२०७३।०७४-२०७७।०७८) ले शिक्षकको पेसागत विकासलाई महत्व दिई देशभरिका १०५३ स्रोतकेन्द्रका स्रोतव्यक्ति मार्फत प्र.अ. लाई व्यवस्थापन सम्बन्धि तालिम शिक्षकहरुलाई विषयगत र विभिन्न किसिमका तालिम तथा क्षमता विकास कार्यक्रम संचालन भएको देखिन्छ ।यसै गरि विद्यालय शिक्षा क्षेत्र योजना (२०७९-२०८८) तालिम प्राप्त शिक्षक विकासका लागि तालिम केन्द्रको संख्यामा वृद्धी गर्ने आमनेसामने १५ र विद्यालयमा आधारित १५ दिने तालिम सञ्चालन गर्ने प्रणालीको सुरुवात गरेको छ । संघीय सरकारको स्थापना भएपछी यो व्यवस्था हटेको छ । प्रदेश स्तरमा एउटा मात्र रहेको तालिम केन्द्रले तालिम दिने कार्य परिणामात्मक रुपमा प्रभावकारी हुन सकेको छैन । स्थानीय स्तरमा शिक्षकलाई पेसागत सहयोग गर्न तालिम शाखाको स्थापना र आवश्यक पर्ने सबै किसिमका स्रोतको व्यवस्थापन गर्न आवश्यक छ ।

**शिक्षक उत्तरदायित्व**

गुणस्तरीय शिक्षा र शिक्षकको उत्तरदायित्व परस्पर सम्बन्धित छन्। बालवालिकाको सिकाइ प्रति उत्तरदायित्व लिने शिक्षकले दिने शिक्षा गुणस्तरीय हुन्छ । विद्यार्थीले हासिल गर्ने सिकाइ उपलब्धिका लागि शिक्षक अभिभावक र प्र.अ.प्रति उत्तरदायी हुनु पर्छ । शिक्षक सेवा आयोग नियमावलीले कार्य सम्पादन मूल्यांकनद्वारा स्थायी शिक्षकलाई प्र.अ. प्रति उत्तरदायी बनाउन खोजेको छ तर त्यो अपर्याप्त र प्रभावहीन छ। पन्ध्रौ योजनाले कक्षाकोठाको सिकाइ क्रियाकलापमा शिक्षकले बिताउने समयलाई जोड दिएको छ। विद्यार्थीद्वारा शिक्षकको निगरानी गरेको रुपमा यसलाई हेरि दिनाले यो कार्यक्रम प्रभावहीन भएको छ। शिक्षकको पद कुनै कारणले रिक्त भएमा र पदपूर्ति गर्न ढिलाई हुँदा विद्यार्थीहरुको सिकाइ क्रियाकलाप अवरुद्ध हुन्छ । स्थायी शिक्षक सेवानिवृत्त भै दरबन्दी रिक्त भएको अवस्थामा अर्को स्थायी शिक्षक नआउँदासम्म कक्षाकोठाको सिकाइमा संलग्न भएको सुनिश्चित गरी पारिश्रमिक तोकी शिक्षकलाई निरन्तरता दिने कानुनी व्यवस्था गर्नु पर्छ । अन्य कुनै कारणले शिक्षक पद रिक्त भएमा अर्को व्यवस्था नहुँदासम्म सक्षम सेवानिवृत्त शिक्षकलाई काममा लगाउने र पारिश्रमिक दिने व्यवस्था गर्न प्रतिक्षा सूचि तयार गरिनेछ। यसबाट तत्कालै शिक्षकको आपूर्ति हुनाले विद्यार्थीको सिकाइ अवरुद्ध नहुने र गुणस्तरिय शिक्षा प्रवर्धनमा उल्लेख्य सहयोग पुग्न जाने र विद्यालयको प्रशासनिक बोझ घट्नेछ ।

**शिक्षक आपूर्ति र वितरण**

शिक्षा नियमावली २०५९ को नियम ९२ अनुसार विद्यालयमा रहने शिक्षक दरबन्दीको व्यवस्था अनुसूची १२ मा गरिएको छ । पूर्व प्राथमिक मा १, प्राथमिक तहमा ५० जना भन्दा कम विद्यार्थी भए २ जना, ५० भन्दा

बढी भए कम्तिमा ३ जना, कक्षा ६-८ का लागि कम्तिमा ४, कक्षा ९-१२ का लागि ८ जना शिक्षक रहने व्यवस्था गरिएको । शिक्षक विद्यार्थी अनुपात हिमाली क्षेत्रका लागि १:४०, पहाडी क्षेत्रका लागि १:४५ तथा तराइ क्षेत्रका लागि १:५० तोकेको छ । हाल शिक्षक व्यवस्थापन गर्दा नियमित अनुदान प्राप्त शिक्षक संख्या र अनुपातले तोके अनुसारको विद्यार्थी संख्या भन्दा जति बढी हुन्छन त्यतिको अनुपातमा चाहिने शिक्षकको तलब स्थानीय सरकार मार्फत विद्यालयले अनुदान पाउने व्यवस्था गरेको छ । यसरि पाउने अनुदानमा नियुक्ति हुनका लागि स्थानीय स्रोतमा कार्यरत शिक्षकहरुमा प्रतिस्पर्धा बढेको देखिन्छ । शिक्षक नियुक्ति गर्दा विद्यालयको विषयगत आवश्यकताका आधारमा गर्नु पर्दछ । उपर्युक्त अवस्थाहरुको विश्लेषण गर्दा निम्नलिखित चुनौतिहरु पहिचान गरिएका छनः

१. शिक्षण पेसामा आकर्षण बढाउनु ।
२. सक्षम शिक्षक आपूर्तिका लागि शिक्षा विषय अध्यापन गर्ने संस्थाहरुमा विद्यार्थी भर्ना र शिक्षण सिकाइ तथा मूल्यांकन प्रक्रिया सुधार गरी व्यवस्थित गराउनु ।
३. पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि हासिल गर्नु गराउनु,शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउनु तथा शिक्षण क्रियाकलापमा विविधता ल्याउनु ।
४. विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको कार्य सम्पादन मूल्यांकनसँग आबद्ध गर्ने कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउनु ।
५. विषयगत दरबन्दी मिलान गर्नु र आवश्यक दरबन्दीको पूर्ति गर्नु ।
६. विद्यालयमा शैक्षिक परिवर्तनका लागि विद्यालयको नतिजामा आधारित पुरस्कार तथा दण्डको निति अवलम्वन गराउनु ।

**९.३ उद्देश्यः**

यस योजनाले शिक्षक व्यवस्थापन र विकास सम्बन्धि निम्नलिखित उद्देश्यहरु राखेको छः

१. सबै तहमा विषयवस्तुमा निपूर्ण शिक्षकको सुनिश्चितता गर्नु ।
२. शिक्षक विकास तथा निरन्तर पेशागत सहायता प्रणाली स्थापना गर्नु

**९.४ रणनीतिहरुः**

शिक्षक व्यवस्थापन र विकास सम्बन्धि उद्देश्यहरु हासिल गर्न देहाय बमोजिमका रणनीतिहरु अवलम्बन गरिने छन् :

१. शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण गर्ने ।
२. स्थानीय स्रोतबाट शिक्षक नियुक्ति गर्नु पर्दा शिक्षक सेवा आयोगको प्रतिक्षा सूचीमा रहेका उमेद्वारहरुलाई पहिलो प्राथमिकता दिने र सो उपलब्ध हुन नसकेमा स्थानीय स्तरको छनौट समितिद्वारा शिक्षक सेवा आयोगले निर्धारण गरेको मापदण्ड अनुसार शिक्षक छनौट परीक्षा सञ्चालन गर्ने ।
३. स्थानीय तहमा प्र.अ. तथा विषयगत शिक्षक संजाल तयार पार्ने ।
४. विषयगत दक्षता र तालिम प्रशिक्षण अनुभव भएका सेवा निवृत शिक्षकहरुको सञ्जालद्वारा कार्यरत शिक्षकहरुको पेशागत विकास गर्ने ।
५. शिक्षकको उपस्थिति,नियमितता र कार्य सम्पादनमा सुधार गरी नतिजा प्रति जवाफदेही हुने पद्धति विकासका लागि शिक्षक तथा प्रधानाध्यापकको वृति विकासलाई विद्यार्थीको सिकाइसँग आवद्ध गर्ने ।
६. मागमा आधारित तालिम र प्राविधिमा दक्षता अभिवृद्धिका तालिम सञ्चालन गर्ने ।

**९.५ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य**

**क) उपलब्धि**

१. सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्थाबाट विद्यार्थीको सिकाइमा सुधार भएको हुनेछ ।

**ख. नतिजा**

१. शिक्षण पेशा थप प्रतिस्पर्धी र सम्मानित हुने ।

२. पेशागत विकासका प्रावधानहरुको विस्तार र सुदृढीकरण भइ स्थानीय तहमा शिक्षक पेशागत सहयोग प्रणाली मार्फत निरन्तर पेशागत सहयोग प्राप्त हुने ।

३. शिक्षकहरुको कार्यसम्पादनमा सुधार भएको हुने ।

४. शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत, क्षेत्रगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण भएको हुने ।

### ग. प्रमुख क्रियाकलाप तथा लक्ष्य

**तालिका २३. शिक्षक व्यवस्थापन तथा विकासका प्रमुख क्रियाकलापहरु तथा लक्ष्यः**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य | | | | | | भौतिक लक्ष्य (५ बर्ष)२०८६।२०९० | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | स्वयं सेवक शिक्षक व्यवस्थापन तथा दरबन्दी पुनर्वितरण | पटक | १ | १ | ० | ० | ० | २ | २ | स्थानीय तह |
| २ | कक्षा ३, ५ र ८ का प्रमुख बिषयको सिकाइ उपलब्धि परीक्षण | पटक | १ | १ | १ | १ | १ | ४ | ५ | संघ, प्रदेश, स्थानीय तह |
| ३ | बिषयगत र शिक्षण प्रविधि सम्बन्धि तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | संघ, प्रदेश, स्थानीय तह |
| ४ | बिषयगत रोष्टर विज्ञ समूह निर्माण गरिने | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | स्थानीय तह |
| ५ | वडा फोकलपर्सन गठन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | स्थानीय तह |
| ६ | विज्ञ समूहबाट कक्षा अवलोकन, अनुगमन सञ्चालन | पटक | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | संघ प्रदेश स्थानीय तह |

**तालिका २४. शिक्षक व्यवस्थापन र विकासका प्रमुख क्रियाकलापहरु सञ्चालन गर्न अनुमानित बजेट (रु हजारमा)**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | आवश्यक बजेट अनुमानित (रु हजारमा)(५ बर्षको) | | | | | | बजेट (१० बर्ष) २०८५-२०९० | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | स्वयं सेवक शिक्षक व्यवस्थापन तथा दरबन्दी पुनर्वितरण | पटक | १५० | १५० | १०० | ९० | ८५ | ५७५ | ५०० | संघ, प्रदेश, स्थानीय तह |
| २ | कक्षा ३, ५ र ८ का प्रमुख बिषयको सिकाइ उपलब्धि परीक्षण | पटक | ० | १५० | १७५ | २०० | २५० | ५७५ | ६०० | संघ, प्रदेश, स्थानीय तह |
| ३ | बिषयगत र शिक्षण प्रविधि सम्बन्धि तालिम | पटक | १७५ | ० | २५० | २२५ | ० | ६५० | ९०० | संघ, प्रदेश, स्थानीय तह |
| ४ | बिषयगत रोष्टर विज्ञ समूह निर्माण गरिने | पटक | ० | १६० | १७० | १८० | १९० | ७०० | १०५० | स्थानीय तह |
| ५ | वडा फोकलपर्सन गठन गर्ने | पटक | ५० | ६० | ७० | ८० | ९० | ३५० | ५५० | स्थानीय तह संघस्थाहरु |
| ६ | विज्ञ समूहबाट कक्षाअवलोकन, अनुगमन सञ्चालन | पटक | २५० | २७५ | ३०० | ३१० | ३२० | १४५५ | १००० | स्थानीय तह संघस्थाहरु |
| ७ | कर्मचारी अबकास कोष स्थापना | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ३००० | स्थानीय तह |
| कूल जम्मा रकम रु | | | ११२५ | १२९५ | १५६५ | १५८५ | १४३५ | ६८०५ | ७६०० | |

# परिच्छेदः एघार
# शैक्षिक समता र समावेशीकरण

## १०.१ परिचय

व्यक्तिले आर्थिक र सामाजिक रूपमा कमजोर भएकै कारण शिक्षा प्राप्त गर्ने अवसरबाट वञ्चित हुनुपरेको अवस्था हुन सक्छ । केहि विद्यार्थीहरुले बिचैमा पढाइ समेत छोडेको यथार्थ प्रष्ट छ। सबैको शिक्षामा पहुँच पुऱ्याउन नेपालको संविधान, शिक्षा ऐन तथा नियमावलीमा समेत व्यवस्था गरिएको छ तसर्थ विगतमा कार्यान्वयन भएका सबैका लागि शिक्षा, आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम, सहश्राब्दि विकास लक्ष्य, विद्यालय क्षेत्र सुधार योजना, विद्यालय क्षेत्र विकास योजना, दिगो विकास लक्ष्य, विद्यालय शिक्षा क्षेत्र योजना लगायतका विभिन्न शैक्षिक योजना तथा कार्यक्रमहरुले समेत समावेशी शिक्षालाई समावेश गरेका छन। विभिन्न समयमा यस सम्बन्धि नीतिगत एवं संस्थागत प्रयास भएका छन । यस गाउँपालिका अन्तर्गत आर्थिक तथा सामाजिक रुपले पछाडि परेका वर्गको समावेशी पहुँच पुऱ्याउनको लागि यो गाउँ शिक्षा योजनाले केहि नीतिगत प्रावधानहरु राखेको छ ।

## १०.२ वर्तमान अवस्था

आधारभूत तथा माध्यमिक शिक्षा स्थानीय तहको अधिकार सुचिमा आइसकेपछि आर्थिक रुपमा पछाडि परेको वर्गको शिक्षामा पहुँच पुऱ्याउन र समावेशी शिक्षालाई कार्यान्वयन गर्नु अब स्थानीय तहको प्रमुख जिम्मेवारी आएको छ । उल्लेखित अवस्थामा आर्थिक तथा सामाजिक रुपले पछाडि परेका वर्गको पहुँच/समावेशी शिक्षा क्षेत्रमा निम्न चुनौतिहरु पहिचान गरीएका छन ।

१. विद्यालय बाहिर रहेका सबै बालबालिकाहरुलाई विद्यालयमा भर्ना गराउनु ।
२. शिक्षामा समावेशीता सुनिश्चितता गर्नु ।
३. शैक्षिक तथा आर्थिक रुपले पछाडि परेका वर्गका बालवालिकाको तहगत टिकाउ दरमा वृद्धी गर्नु ।

## १०.३ उद्देश्य

यस योजनाले आर्थिक तथा सामाजिक रुपले पछाडि परेकावर्गको पहुँच/समावेशी शिक्षा सम्बन्धि निम्नलिखित उद्देश्यहरु राखेको छः

१. माध्यमिक तहसम्मको शिक्षामा सबैको पहुँच सुनिश्चित गर्ने ।
२. विद्यालय बाहिर रहेका सबै बालवालिकाहरुलाई विद्यालयमा भर्ना गराउने ।
३. शिक्षामा सबैको समावेशीता र सक्रिय सहभागिता सुनिश्चितता गर्ने ।

## १०.४ रणनीति

आर्थिक तथा सामाजिक रुपले पछाडि परेका वर्गको पहुँच/समावेशी शिक्षा सम्बन्धि उद्देश्यहरु हासिल गर्न देहाय बमोजिमका रणनीतिहरु अवलम्बन गरिनेछनः

१. आर्थिक तथा सामाजिक रूपले पछाडि परेका वर्गको शिक्षामा पहुँच सुनिश्चित गर्न छात्रवृति लगायत थप आर्थिक सहुलियत प्रदान ।
२. आर्थिक रूपमा कमजोर बालबालिकाका अभिभावकहरूलाई आयआर्जनका लागि सीप विकास तालिम प्रदान गरी स्वरोजगार बनाउनुका साथै उनीहरूलाई स्थानीय रोजगारी उपलब्ध गराउने ।
३. सुविधासम्पन्न आवासीय विद्यालय विकास गर्ने ।
४. विशेष शिक्षा सञ्चालनका लागि आवश्यक पूर्वाधार र जनशक्तिको विकास गर्ने ।

### १०.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क. उपलब्धि**

१. विद्यालय बाहिर रहेका सबै बालबालिकाहरु विद्यालयमा भर्ना भएका हुनेछन ।

**ख. नतिजा**

१. आर्थिक रुपमा कमजोर बालबालिकाका अभिभावकहरु स्थानीय रोजगारीमा सहभागि भई आयस्तर बढेको हुने ।

२. गाउँपालिका अन्तर्गत प्रत्येक वडामा आवसीय विद्यालय स्थापना भइ व्यवस्थापन भएको हुने ।

३. विद्यालयमा विद्यार्थी भर्नादर उल्लेख्य रुपमा बढी शैक्षिक सूचंकाकमा सकारात्मक प्रभाव पर्न जाने ।

### ग.प्रमुख क्रियाकलाप र लक्ष्य

**तालिका २५. आर्थिक तथा सामाजिक रुपले पछाडि परेका वर्गको पहुँच / समावेशी शिक्षाका प्रमुख क्रियाकलापहरु तथा लक्ष्यः**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य | | | | | | भौतिक लक्ष्य (५ बर्ष)२०८६।२०९० | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | छात्रवृत्ति कोषको व्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | संघ,प्रदेश, स्थानीय तह |
| २ | विद्यालयमा अभिभावक शिक्षा कार्यक्रम सञ्चालन | पटक | ० | १ | १ | १ | १ | ४ | ५ | संघ, प्रदेश, स्थानीय तह |
| ३ | आयस्तर कमजोर भएका विद्यार्थीका अभिभावकहरुलाई आयआर्जन तालिम | पटक | ० | १ | १ | १ | १ | ४ | ५ | संघ, प्रदेश, स्थानीय तह |

**तालिका २६. आर्थिक तथा सामाजिक रुपले पछाडि परेका वर्गको पहुँच / समावेशी शिक्षाका प्रमुख क्रियाकलापहरु सञ्चालन गर्न अनुमानित बजेट (रु हजारमा)**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | ५ बर्षको आवश्यक बजेट अनुमानित (रु हजारमा) | | | | | | बजेट बाँकि (५ बर्ष) २०८६।२०९० | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | छात्रवृत्ति कोषको व्यवस्था | पटक | १००० | १००० | १००० | १००० | १००० | ५००० | ५००० | संघ,प्रदेश, स्थानीय तह |
| २ | विद्यालयमा अभिभावक शिक्षा कार्यक्रम सञ्चालन | पटक | ० | १५० | ० | २०० | २५० | ६०० | ७०० | संघ, प्रदेश, स्थानीय तह |
| ३ | आयस्तर कमजोर भएका विद्यार्थीका अभिभावकहरुलाई आयआर्जन तालिम | पटक | ० | १५० | १६० | १८० | १९० | ६८० | ७५० | संघ, प्रदेश, स्थानीय तह |
| कूल जम्मा रकम (रुहजारमा) | | | १००० | १३०० | ११६० | १३८० | १४४० | ६२८० | ६४५० | |

## परिच्छेदः बाह्र
## विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

### ११.१ परिचय

स्वस्थ शरीर नै स्वस्थ मस्तिष्कको आधार हो जसका लागि सन्तुलित भोजन र सरसफाइयुक्त वातावरण आवश्यक हुन जान्छ । यी विना स्वस्थ शरीर र स्वस्थ मष्तिष्कको विकास असम्भव प्रायः हुन्छ। बालवालिकाको मानसिक क्षमताको विकास हुने ठिक उमेरमा घरदेखि विद्यालयसम्म पौष्टिक आहारको उपलब्धता र स्वास्थ्य मापदण्डको आधारमा बालवालिकालाई प्राप्त नहुनु जंक फुडको सहज प्रयोगले बालवालिकाको शारीरिक र मानसिक स्वास्थमा समेत प्रतिकुल प्रभाव बढ्दै गई रहेको तथ्यलाई हृदयङ्गम गरी नेपाल सरकारको निर्दिष्ट शिक्षा नीति कार्यक्रम तथा मापदण्डमा तोकिए बमोजिम यस पालिकाले समेत थप दातृ निकाससँगको सहकार्य र समन्वय गर्दै बालवालिकाको पोषण, स्वच्छ दिवाखाजा, नियमित स्वास्थ्य जाँच (जुकाको औषधी, आइरन वितरण, स्वास्थ्य सचेतना कक्षा) जस्ता कार्यक्रमलाई समेत गम्भिरताका साथ समेटी आफ्ना नियमित योजनामा योजनावद्ध समेट्ने, खानेपानी तथा स्वच्छता कार्यक्रम, छ वटा विद्यालयहरु पूर्ण सरसफाइमा नमुना घोषणा र दिगो कार्यान्वयन गरिएको छ ।यस योजनामा समेत यो समेट्ने प्रयास गरिएको छ ।

### ११.२ उद्देश्यः

१. गर्भावस्थादेखि आमा र शिशुको स्वास्थ्यलाई सुधार ल्याउने ।

२.विद्यालय जाने उमेरका कक्षा १ देखि ५ का सबै बालवालिकालाई स्वस्थ दिवा खाजाका माध्यमबाट स्वस्थ, पोषणयुक्त, स्वच्छताको सुनिश्चितता गर्ने ।

३. स्वस्थ, स्वच्छ र पोषणयुक्त स्थानीय खानाको प्रयोगले बालवालिकाको स्वास्थ्यमा सुधारल्याइ गुणस्तरीय शिक्षा प्राप्तिमा सहयोग गर्ने ।

३. विद्यालय स्वच्छता तथा पूर्ण सरसफाइ प्रवर्धनमा समेत सहयोग पुग्ने ।

### ११.३ चुनौती र अबसर

१. बालबालिकालाई स्वस्थ्य एवम् पोपणयुक्त तथा रैथाने पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु

२. स्वास्थ्य,पोपण र सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवाको गुणस्तर बृद्धि गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु

### ११.४ रणनीति

१. दिवा खाजा कार्यक्रमलाई आधारभूत तहसम्मका सम्पूर्ण बालाबालिकालाई कमशः विस्तार गर्दै अभिभाबकको संलग्नतामा माध्यमिक तहसम्मका विद्यार्थीका लागि खाजाको प्रबन्ध गर्ने

२. दिवा खाजाका लागि विद्यालयमा आवश्यक पर्ने विभिन्न सेवा तथा सुविधा विस्तार तथा निर्माण गर्ने

३. विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी,साबुन तथा सफाइ सामग्री सहित आवश्यक सङ्ख्यामा अलगअलग शौचालय (चेन्ज रुम) तथा युरिनल,प्रयोग भइसकेका सामग्री व्यवस्थापन,हात धुने ठाउँ,स्वच्छ खानेपानी,कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबारको व्यवस्था गर्ने

४. विद्यालयमा प्राथमिक उपचार किट,बालबालिकाको आवधिक स्वास्थ्य जाँच,जुकाको औषधी तथा शुक्ष्म पोषक तत्त्व प्रदायक भिटामिन ए तथा आइरन फोलिक एसिड आदिको वितरण र छात्राहरूका लागि महिनाबारी स्वच्छताका लागि स्यानेटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित र प्रभावकारी बनाउने

५. दिबा खाजाका लागि स्थानीय उत्पादनमा आधारित बस्तुलाई प्राथमिकता दिने

६. दिवा खाजा सहितको स्वास्थ्य तथा पोषण कार्यक्रमको स्थायित्व र दिगोपनका लागि तीनै तहका सरकारहरूसँग साझेदारी बिकास, निजी सार्बजनिक साझेदारी, अभिभावकहरूको सहभागिता, विकास साझेदारको सहयोगका लागि आवश्यक सहयोगी बाताबरण तथा संयन्त्रको विकास गर्ने

७. दिवा खाजा लगायत स्वास्थ्य, पोपण तथा सरसफाइ र स्वच्छता सम्बन्धी कार्यकमको अनुगमन तथा मूल्याङ्कन साधन, संयन्त्र र प्रक्रियामा पुनरवलोकन गरी थप प्रभाबकारी बनाउने

८. गर्भावस्थाका महिला तथा शिशुको स्वास्थ्यको परिक्षणलाई अनिवार्य तथा आवश्यक परामर्शका लागि समय तालिका अनुसार खटाउने ।

९. बार्षिक रुपमा १ पटक गर्भवति महिलाहरुलाई शिशुको स्याहार तथा शारिरीक व्यायम बारे कक्षा सञ्चालन गर्ने

## ११.५ प्रमुख उपलब्धि तथा नतिजा

उपलब्धि

- विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलता (well-being) मा अभिवृद्धि तथा सिकाइमा सुधार सहित सुरक्षित तथा रमाइलो (joyful) सिकाइ बातावरणमा पूर्ण पहुँच तथा सहभागिता हुने छ।
- विद्यालय दिवा खाजा, स्वास्थ्य तथा सरसफाइ, सेनेटरी प्याड लगाएतका सुविधामा वृद्धी भएको हुनेछ ।

नतिजा

- विद्यालयको दिवा खाजा व्यवस्थापन स्थितिमा सुधार हुनेछ ।
- स्वास्थ्य तथा सरसफाइ, शौचालय, सेनेटरी व्याड व्यवस्थापनका लागि आवश्यक स्थानका साथै डिस्पोजेवल मसिन जडान भएको हुनेछ ।
- विद्यार्थी स्वास्थ्य तथा पोषणमा सुधार भई शैक्षिक गुणस्तरमा सुधार हुनेछ ।

नतिजा तथा परिमाणात्मक लक्ष्य

तालिका २५: विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम अन्तरगत **शिक्षाका प्रमुख क्रियाकलापहरु तथा लक्ष्यः**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य | | | | | | भौतिक लक्ष्य (५ बर्ष) २०८६।२०९० | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | प्रारम्भिक बालविकास र शिक्षामा भर्ना भएका बालवालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालवालिका | जना | ५४२ | ५६० | ५९० | ६०० | ६५० | २९४२ | ३००० | संघ र प्रदेश गर्ने सहयोगी संस्थाहरु |
| २ | कक्षा १ मा भर्ना भएका बालवालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालवालिका | सङ्ख्या | २८२ | ३०० | ३२० | ३६० | ४०० | १६६२ | १७५० | विद्यालय, स्थानीय तह |
| ३ | दिवा खाजा प्राप्त गर्ने कक्षा | विद्यालय | ३० | ३० | ३० | ३० | ३० | ३० | ३० | विद्यालय, स्थानीय तह |
| ४ | वार्षिक रुपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने विद्यालयको संख्या | विद्यालय | ३० | ३० | ३० | ३० | ३० | ३० | ३० | विद्यालय, स्थानीय तह |
| ५ | खानेपानी शौचालय र प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुगेको विद्यालय संख्या | विद्यालय | १० | १२ | १२ | १८ | ० | ३० | ३० | विद्यालय, स्थानीय तह |
| ६ | नर्सिंङ सेवा तथा सुविधा पुगेका विद्यालय संख्या | विद्यालय | ६ | ६ | ८ | ८ | ८ | ४६९४ | ४८४० | विद्यालय, स्थानीय तह |

**तालिका** २६: विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम अन्तरगत **शिक्षाका प्रमुख क्रियाकलापहरु सञ्चालन गर्न अनुमानित बजेट (रु हजारमा)**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | ५ बर्षको आवश्यक बजेट अनुमानित (रु हजारमा) | | | | | | बजेट (१० बर्ष) २०८६-२०९०) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | दिवा खानाका लागि भान्सा तथा भण्डार भाडावर्तन तथा आवश्यक सामग्रीको प्रवन्ध | जना | ० | २५० | ० | ० | ३५० | ६०० | ५०० | संघ,प्रदेश,स्थानीय तह |
| २ | स्वस्थकर तथा पौष्टिक दिवा खाजाको प्रवन्ध | सङ्ख्या | ० | २०० | ० | ३०० | ० | ५०० | ५६० | विद्यालय, स्थानीय तह |
| ३ | दिवा खाजाका लागि चाहिने खाद्य सामग्री आपूर्तिमा भाग लिने स्थानीय कृषि सहकारी किसान समूहलाई तालिम तथा सहयोग | विद्यालय | ० | ५० | ० | १०० | ० | १५० | ३०० | विद्यालय, स्थानीय तह |
| ४ | विद्यालयमा विद्यार्थी संख्याको अनुपातमा पर्याप्त पानी साबुन तथा सफाइ सामग्रीसहित आवश्यक संख्यामा छात्र र छात्राका लागि अलग अलग शौचालय | विद्यालय | ० | १०० | १०० | १०० | १०० | ५०० | ६०० | विद्यालय, स्थानीय तह |
| ५ | कक्षा ६ देखि १२ सम्मका छात्रालाई महिनावारी स्वच्छताका लागि स्यानेटरी प्याडको व्यवस्था | विद्यालय | ० | ० | १०० | १८० | ० | २८० | ५६० | विद्यालय, स्थानीय तह |
| ६ | आवधिक स्वास्थय जाँच जुकाको औषधी र सूक्ष्म पोषक तत्व प्रदायक ट्यावलेटहरु (भिटामिन ए र आइरन र फोलिक एसिड) आदि प्रदान | विद्यालय | ० | १०० | १०० | १०० | १०० | ५०० | ६०० | विद्यालय, स्थानीय तह |
| ७ | विद्यालयलाई प्राथमिक उपचारको किट प्रदान तथा प्रतिस्थापन | विद्यालय | ० | १०० | १०० | १०० | १०० | ५०० | ६०० | विद्यालय, स्थानीय तह |
| ८ | हरित तथा पूर्ण सरसफाइ र स्वच्छतायुक्त (तिन तारे) विद्यालय | विद्यालय | ० | २८० | ० | ० | ० | २८० | ५६० | विद्यालय, स्थानीय तह |
| कूल जम्मा रकम (रु हजारमा) | | | ० | १०८० | ४०० | ८८० | ६५० | ३३१० | ४२८० | |

# परिच्छदः तेह्र

# विद्यालय सुरक्षा, विपद् न्यूनीकरण तथा उत्थानशीलता

## १२.१ परिचयः

आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा वातावरणमा कुनै बेला के हुन्छ भन्ने कुरा कसैलाई थाहा छैन। विगतमा विभिन्न समयमा हाम्रो देशले विभिन्न आपतकालीन समस्याहरु भोग्दै आइरहेको छ । यसको प्रभाव तथा असर प्रत्यक्ष रुपमा शिक्षाक्षेत्रमा परिरहेको छ । विशेष गरी वि.सं. १९९० को महाभूकम्प त्यस्तै २०७२ सालको महाभूकम्प र २०७६ सालमा देखापरेको कोभिड-१९ ले विशेष गरी शिक्षा क्षेत्रमा ठूलो असरपारेको छ। यी विभिन्न आपतकालीन अवस्थालाई मध्यनजर गर्दै शिक्षा क्षेत्रलाई सुरक्षित शिक्षण सिकाइ गर्नका लागि अजयमेरु गाउँपालिकाले दश बर्षे नयाँ गाउँ शिक्षाक्षेत्र योजनामा आपतकालीन तथा सङ्कट जोगिन र शिक्षालाई निरन्तर दिने र वैकल्पिक विधि र माध्यमबाट शिक्षाको विकाश गर्ने गरी योजना बनाइएको छ ।

## १२.२ उद्देश्यहरुः

- विपद्कालीन समयमा विद्यार्थीको जीवनलाई सुरक्षित गर्नु ।
- आपतकालीन वा विपदको समयमा शिक्षण सिकाइलाई निरन्तरता प्रदान गर्नु ।
- विद्यार्थीहरुलाई विपद तथा प्राकृतिक प्रकोपको बारे सचेत गराउनु ।

## १२.३ रणनीतिः

- भूकम्प प्रतिरोधात्मक भौतिक संरचनाको निर्माण ।
- विपदबाट जोगिनका लागि विद्यार्थीहरुमा चेतना कार्यक्रम कार्यान्वयन ।
- विपदको अवस्थामा शिक्षालाई निरन्तरता दिन वैकल्पिक विधिको प्रयोग गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनको लागि पूर्वतयारी ।
- खतरा पहिचान तथा जोखिम क्षेत्रको नक्साङ्कन ।
- विपद व्यवस्थापनका लागि प्रत्येक वडा तथा विद्यालयमा आपतकालीन संयन्त्रको निर्माण ।
- प्रत्येक विद्यालयमा प्राथमिक उपचारका लागि चाहिने सामग्रीहरुको व्यवस्थापन ।
- E-learning मा पहुँच ।

## १२.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्यः

**क) उपलब्धिः**

१.विद्यालयमा विपद् उत्थानशील भौतिक निर्माण तथा सुविधाको व्यवस्था भएको हुनेछ ।

२.विद्यालयमा विपद उत्थानशील संयन्त्रण तथा नीति नियम भएको हुने ।

३. आपतकालीन तथा सङ्कटपूर्ण अवस्था पनि वैकल्पिक व्यवस्था अनुसार शिक्षा निरन्तरता भएको हुनेछ ।

४. जोखिम न्यूनीकरण तथा उत्थानशीलता शिक्षालाई संस्थागत भएको हुनेछ ।

**ख) नतिजाः**

१. विद्यालयका भौतिक संरचना विपद् उत्थानशील हुने ।

२. विद्यालयमा विपद्का समयमा प्रतिक्रिया गर्नका लागि द्रुत गतिको प्रतिक्रिया समिति गठन गरिने छ ।

३. द्रुत गतिको प्रतिकार्य समिति पदाधिकारीलाई क्षमता विकास भएको हुने ।

४. विद्यालयमा आपतकालीन कोषको स्थापना भएको हुनेछ ।

५.बालवालिकामा जोखिम न्यूनीकरण प्रति सचेत हुने र जोखिम न्यूनीकरणमा विकास भएको हुनेछ ।

**ग) प्रमुख क्रियाकलाप र लक्ष्यः**

**तालिका २७. विद्यालय सुरक्षा, विपद् न्यूनीकरण तथा उत्थानशीलता शिक्षाका प्रमुख क्रियाकलाप तथा लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य | | | | | | भौतिक लक्ष्य (५बर्ष)२०८६।२०९० | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विब्यस, शिक्षक तथा विद्यार्थीको क्षमता विकास गर्ने | जना | ० | ३० | ३० | ० | ० | ६० | ६० | संघ र प्रदेश गर्ने सहयोगी संस्थाहरु |
| २ | विपद् योजना तयार गरी कार्यान्वयन गर्ने | सङ्ख्या | ० | ३० | ० | ० | ० | ३० | ३० | विद्यालय, स्थानीय तह |
| ३ | जोखिम नक्साङ्कन गर्ने | विद्यालय | ० | १० | १० | १० | ० | ३० | ३० | विद्यालय, स्थानीय तह |
| ४ | विद्यालयमा आपतकालीन कोषको स्थापना गर्ने | विद्यालय | ० | १२ | १८ | ० | ० | ३० | ३० | विद्यालय, स्थानीय तह |
| ५ | प्राथमिक स्वास्थ्य सामग्रीको व्यवस्था गर्ने | विद्यालय | ० | ० | १२ | १८ | ० | ३० | ३० | विद्यालय, स्थानीय तह |
| ६ | विद्यालयमा सूचना प्रविधिको विस्तार गर्ने | विद्यालय | १५ | १५ | ० | ० | ० | ३० | ३० | विद्यालय, स्थानीय तह |
| ७ | वैकल्पिक विधिको प्रयोग गरी शिक्षालाई निरन्तरता दिने क्षमता विकास गर्ने | विद्यालय | ० | ३० | ३० | ३० | ३० | १२० | १२० | विद्यालय, स्थानीय तह |
| ८ | हरित विद्यालय व्यवस्थापन | विद्यालय | ० | ३० | ० | ० | ० | ३० | ३० | विद्यालय, स्थानीय तह |
| ९ | निरन्तर तथा सुरक्षित सिकाइका लागि शिक्षक- विद्यार्थी- अभिभावक सम्मिलित समिति गठन गरी परिचालन गर्ने | विद्यालय | ५ | १० | १० | ५ | ० | ३० | ३० | विद्यालय, स्थानीय तह |
| १० | सिकाइ सिबिर सञ्चालन/स्थानीय FM हरूसँग समन्वय | विद्यालय | आवश्यकताअनुसार | | | | | | | |

**तालिका २८. विद्यालय सुरक्षा, विपद् न्यूनीकरण तथा उत्थानशीलता शिक्षाका प्रमुख क्रियाकलापहरु सञ्चालन गर्न अनुमानित बजेट (रु हजारमा)**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | ५ बर्षको आवश्यक बजेट अनुमानित (रु हजारमा) | | | | | | बजेट (१० बर्ष २०८६-२०९०) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | जम्मा | | |
| १ | विब्यस, शिक्षक तथा विद्यार्थीको क्षमता विकास गर्ने | जना | ० | २५० | ० | ० | २५० | ५०० | ५०० | संघ,प्रदेश,स्थानीय तह |
| २ | विपद योजना तयार गरी कार्यान्वयन गर्ने | सङ्ख्या | ० | १०० | ० | ० | ० | १०० | १५० | विद्यालय, स्थानीय तह |
| ३ | जोखिम नक्साङ्कन गर्ने | विद्यालय | ० | ५० | १०० | ० | ० | १५० | १०० | विद्यालय, स्थानीय तह |
| ४ | विद्यालयमा आपतकालीन कोषको स्थापना गर्ने | विद्यालय | ० | १०० | १०० | १०० | १०० | ४०० | ४०० | विद्यालय, स्थानीय तह |
| ५ | प्राथमिक स्वास्थ्य सामग्रीको व्यवस्था गर्ने | विद्यालय | ० | ० | १०० | | ५० | १५० | २०० | विद्यालय, स्थानीय तह |
| ६ | विद्यालयमा सूचना प्रविधिको विस्तार गर्ने | विद्यालय | ० | १५० | २०० | २५० | २५० | ८५० | ४०० | विद्यालय, स्थानीय तह |
| ७ | वैकल्पिक विधिको प्रयोग गरी शिक्षालाई निरन्तर क्षमता विकास गर्ने | विद्यालय | ० | १०० | १०० | १०० | १०० | ४०० | ५०० | विद्यालय, स्थानीय तह |
| ८ | हरित विद्यालय व्यवस्थापन | विद्यालय | ० | २०० | ० | ० | ८० | २८० | ३०० | विद्यालय, स्थानीय तह |
| ९ | निरन्तर तथा सुरक्षित सिकाइका लागि शिक्षक- विद्यार्थी- अभिभावक सम्मिलित समिति गठन गरी परिचालन गर्ने | विद्यालय | ० | १०० | १०० | १०० | १०० | ४०० | ३०० | विद्यालय, स्थानीय तह |
| १० | सिकाइ सिबिर सञ्चालन/स्थानीय FM हरूसँग समन्वय | | १०० | १०० | १०० | १०० | १०० | ५०० | ६०० | स्थानीय तह, सहयोगी संस्था |
| कूल जम्मा रकम (रु हजारमा) | | | १०० | ११५० | ८०० | ५५० | १०३० | ३७३० | ३४५० | |

## परिच्छेदः चौध
## विद्यालय भौतिक पूर्वाधार विकास

### १३.१ परिचय

वर्तमान परिवेशमा शिक्षा विकासको प्रमुख पूर्वाधार हो । यसले व्यक्ति, समुदाय र राष्ट्रको विकासमा महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । बालवालिकाहरुलाई समय सापेक्ष गुणस्तरीय शिक्षा प्रदान गरी सभ्य, सु-संस्कृत समाजको विकास गर्नु आजको आवश्यकता हो । यस सन्दर्भमा विद्यालय व्यवस्थापन महत्वपूर्ण पाटो हो । विद्यालय व्यवस्थापन पक्षले स्थानीय समुदाय, सम्बन्धित सरोकारवालाहरुको भूमिकालाई थप जिम्मेवार बनाइ विद्यालय प्रशासनलाई समुदायप्रति उत्तरदायी र जिम्मेवार बनाइनु पर्छ । विद्यालयमा सबैको विश्वास प्राप्त गर्न विद्यालयमा गरिने हरेक क्रियाकलाप तथा कार्यक्रममा सक्रिय सहभागिता, निष्पक्षता तथा पारदर्शिता हुनु आवश्यक छ । बालवालिकाको सर्वाङ्गीण विकास, गुणस्तरीय शिक्षा प्रदानका लागि नेपालको संविधानमा भएको प्रावधानलाई लागु गरी शिक्षा क्षेत्रको समुन्नत र न्यायोचित विकासमा विद्यालय व्यवस्थापन पक्षको महत्वपूर्ण योगदान रहन्छ।

### १३.२ वर्तमान अवस्था

अजयमेरु गाउँपालिका अन्तर्गत शैक्षिक व्यवस्थापनको पक्ष सुधारोन्मुख रहेको भएतापनि धेरै जसो विद्यालयहरुमा भौतिक पूर्वाधारको कमि रहेको, तहगत प्रधानाध्यापकको व्यवस्थापन हुन नसकेको अवस्था समेत रहेको छ । हाल अजयमेरु गाउँपालिकामा ३० वटा विद्यालयमा र १ वटा संस्थागत विद्यालय रहेका छन् । माध्यमिक विद्यालयकहरुको हकमा भौतिक पूर्वाधार लगभग सम्पन्नता उन्मुख हुदैं गरेको अवस्था छ भने आधारभूत र प्राथमिक विद्यालयहरुको भौतिक संरचनाको विकास तथा निर्माण गर्नुपर्ने देखिन्छ ।विद्यालयहरुमा खानेपानीको समस्या, शौचालयको उचित प्रवन्ध लगाएतका भौतिक पक्षको अवस्था सन्तोषजनक नरहेको पाइन्छ । उल्लेखित अवस्थाहरुलाई विश्लेषण गर्दा विद्यालय व्यवस्थापन क्षेत्रमा निम्न समस्याहरू पहिचान गरिएका छनः

१. अभिभावक सक्रियतामा कमी ।
२. विद्यालय व्यवस्थापन समितिको गठन प्रक्रियामा बढि चासो दिनु तर गठन पश्चात वैठकमा नियमित उपस्थिति नहुनु ।
३. भौतिक पूर्वाधार, शिक्षक नियुक्ति,सरूवा जस्ता पक्षमा छलफल बढि केन्द्रित हुने तर काम नहुने।
४. विद्यालय व्यवस्थापन समितिका सदस्यहरुलाई शिक्षा ऐन नियमावलीहरुमा तोकिएका आफ्ना काम, कर्तव्य र अधिकारकहरुको बारेमा जानकारी नहुनु ।
५. विद्यालयका विभिन्न क्रियाकलापहरुका राजनितिक प्रभाव बढि हुनु ।
६. विद्यालयका व्यवस्थापकिय पक्ष विद्यालय व्यवस्थापन समितिको मात्र जिम्मेवारी हो भन्ने मानसिकता रहनु ।
७. शिक्षक अभिभावक संघका सदस्यहरुलाई शिक्षा ऐन नियमावलीहरुमा तोकिएका आफ्ना काम, कर्तव्य र अधिकारहरुको बारेमा जानकारी नहुनु ।

८. विद्यालयको सामाजिक परीक्षणमा अनिवार्य उपस्थित हुनुपर्ने बाहेक शि अ संघको स्वतः उपस्थिति र वैठक बस्ने नगरेको

९. प्रध्यानाध्यापहरु लामो समय देखि एउटै विद्यालयमा मात्र सीमित हुनु ।

१०. विद्यालयका प्र अ हरु प्रशासनिक कार्यमा मात्र सीमित नरही बाह्य व्यवस्थापकिय पक्षमा समेत बाध्यात्मक रुपमा काम गर्नु परेको ।

११. प्र अ को कार्यसम्पादन लागि करार सम्झौता व्यवस्थित नभएको ।

**१३.३ उद्देश्य**

१. विद्यालय शिक्षाका लागि आवश्यक मापदण्ड बिकास तथा कार्यान्वयन गरी सुरक्षित विद्यालय पूर्वाधार विकास गर्नु

२. सबै विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक सुविधा सुनिश्चित गर्न पूर्वाधार विकास, मर्मत संभार तथा सबलीकरण गर्नु

३. जलवायु परिवर्तनका असरबाट सुरक्षित हुन Climate Smart Infrastructure बनाउन परामर्श गर्नु

**१३.४ रणनीति**

१. भौतिक पूर्वाधार बिकासका लागि सन्नालित विद्यालयको तह, विद्यार्थी सङ्ख्याको प्रक्षेपण र भौगोलिक क्षेत्रको आधारमा मापदण्ड विकास गर्ने

२. एक विद्यालयमा पूर्वाधार बिकासका सबै कार्य एकै पटक गर्ने गरी पूर्ण विद्यालय निर्माणको अबधारणा कार्यान्वयन गर्ने

३. विद्यालय पूर्वाधार बिकासका लागि सङ्च, प्रदेश र स्थानीय तहको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापन गरी सरोकारबालाको सहभागितामा कार्यान्वयन हुने प्रबन्ध गर्ने

४. विद्यालयलाई सुरक्षित बनाउन आवश्यकतानुसार सबलीकरण तथा पुननिर्माण एबम् मर्मत सम्भार गर्ने

५. पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एबम् बातावरणीय पक्षलाई एकीकृत प्रणालीको बिकास गरी संस्थागत क्षमता अभिबृद्धि गर्ने

६. भौतिक निर्माणको स्रोत परिचालनमा तीन तहका सरकारबिच समन्वय कायम गरी एकद्वार प्रणालीको अपनाउने

७. विद्यालय भौतिक पूर्वाधार बिकासमा स्थानीय समुदाय, सरकारी एवम् गैरसरकारी तथा समुदायमा आधारित सङ्गसंस्थाको परिचालन गरी साझेदारीमा निर्माण कार्य गर्ने

**१३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य**

**क) उपलब्धी**

१. अजयमेरु गाउँपालिका अन्तर्गतका सम्पूर्ण शैक्षिक संस्थाहरुको शैक्षिक, भौतिक र व्यवस्थापकीय पक्षहरु सबल भएका हुनेछन ।

२. ९० प्रतिशत विद्यालयको भौतिक पूर्वाधारको न्यूनतम मापदण्ड पुगेको हुनेछ ।

**ख) नतिजा**

१. विद्यालयका भौतिक पूर्वाधार विकास भएको हुने

२. विद्यालयको भौतिक विकासका लागि आवश्यक बजेट विनियोजन भएका हुने ।

३. विद्यालयको भौतिक निर्माणमा न्यूनतम आचारसंहिता सहितका सबै मापदण्डको पालना भएको हुने ।

### ग) प्रमुख क्रियाकलाप र लक्ष्य

**तालिका २९: विद्यालय व्यवस्थापनका प्रमुख क्रियाकलापहरु तथा लक्ष्यः**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य | | | | | | भौतिक लक्ष्य (५ बर्ष) २०८६।२०९० | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | भूकम्प प्रतिरोधि विद्यालय निर्माण | पटक | ८ | २ | ३ | ४ | ३ | २० | १० | संघ,प्रदेश, स्थानीय तह |
| २ | नयाँ निर्माण हुने कक्षा कोठा संख्या | पटक | १० | ५ | ५ | ५ | ५ | ५ | ३५ | संघ,प्रदेश, स्थानीय तह |
| ३ | सवलिकरण गर्नुपर्ने कक्षाकोठा संख्या | पटक | | ५ | ३ | २ | ३ | २ | १५ | स्थानीय तह |
| ४ | नयाँ निर्माण गर्नुपर्ने शौचालय संख्या | पटक | | २ | २ | ३ | २ | २ | ११ | स्थानीय तह |
| ५ | प्राकृतिक प्रकोपबाट समस्यामा पर्न सक्ने विद्यालय संख्या | पटक | | १ | १ | १ | १ | १ | ५ | संघ, प्रदेश, स्थानीय |

**तालिका ३०: विद्यालय व्यवस्थापनका प्रमुख क्रियाकलापहरु सञ्चालन गर्न अनुमानित बजेट (रु हजारमा)**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | ५ बर्षको आवश्यक बजेट अनुमानित (रु हजारमा) | | | | | | बजेट (१० बर्ष२०८६-२०९०) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | विद्यालय भवन निर्माण | पटक | १७००० | १०००० | ७५०० | ७५०० | ७५०० | ४९५०० | ३५५०० | संघ,प्रदेश, स्थानीय तह |
| २ | सवलीकरण गर्नुपर्ने विद्यालय भवन | पटक | ० | ५०० | ५०० | ५०० | ३०० | १८०० | १००० | संघ,प्रदेश, स्थानीय तह |
| ३ | शौचालय निर्माण तथा मर्मत | पटक | ६०० | १४०० | १४०० | १९०० | १४०० | ६७०० | ६७०० | स्थानीय तह |
| ४ | खानेपानी तथा धारा निर्माण | पटक | ० | ५०० | ५०० | ६०० | ६०० | २२०० | १२०० | स्थानीय तह |
| ५ | विद्यालयको भौतिक निर्माणमा पूर्ण आचारसंहिताको अवलम्वन | पटक | ० | ५५ | ६० | ७० | ८० | २६५ | २०० | संघ, प्रदेश, स्थानीय |
| कूल जम्मा रकम (रु हजारमा) | | | २६८१ | १४५३७ | १२०४३ | १२६५४ | ११९६५ | ६०४६५ | ४४६०० | |

## परिच्छेदः पन्ध्र
## विद्यालय सूचना तथा सञ्चार प्रविधि

### १४.१ परिचय

सूचना प्रविधि भन्नाले सूचनाहरुलाई विद्युतिय यन्त्रहरु कम्प्युटर तथा दुरसञ्चारको प्रविधिको प्रयोग गरी भण्डारण, सम्पादन सम्प्रेषण संग्रह र प्रवाह हो । आजको युग सूचना प्रविधिको युग हो । सूचना प्रविधिले शिक्षण र सिकाइका नयाँ विधि र मान्यतालाई अभूतपूर्व रुपमा अघि बढाएको छ । शिक्षाका पाठ्यक्रम निर्माणदेखि त्यसको कार्यान्वयन र मूल्यांकनका सम्पूर्ण अवधिमा सूचना तथा प्रविधिको महत्वपूर्ण भूमिका हुन्छ । यसले सूचनाको पहुँचमा वृद्धि गर्छ । शिक्षक तथा विद्यार्थीले शैक्षिक आवश्यकताका लागि छापिएका पुस्तकहरुमा मात्र भर पर्नुपर्ने आवश्यकताको अन्त्य भएको छ । उनीहरु आफ्नो आवश्यकताको पूर्तिका लागि इन्टरनेट तथा वेभसाइटहरुको उपयोग गर्न सक्ने भएका छन । सयौं व्यक्तिहरुले एकै पटक कुनै पनि समय कुनै ठाउँबाट कुनै पनि सामग्रीलाई हसिल गर्न सक्छन । अब सिकाइलाई अनलाईन पाठ्यवस्तुको माध्यमबाट चौविसै घण्टा हेर्न सकिन्छ । सूचना तथा सञ्चार प्रविधिमा आधारित सिकाइले विद्यार्थीहरु एकै ठाउँमा भेला हुनु पर्ने अवस्थाको अन्त्य भएको छ । भौगोलिक, सामाजिक, साँस्कृतिक तथा पूर्वाधारहरुको अभावका कारण औपचारिक तवरबाट शिक्षा दिन नसकिने अवस्था अव रहेन । यसका लागि रेडियो, टेलिभिजन, भर्चुअल विद्यालय, भर्चुअल विश्वविद्यालयको माध्यमबाट शिक्षा हासिल गर्न सकिन्छ । शैक्षिक विकासका लागि सूचना तथा सञ्चार प्रविधिको महत्वपूर्ण भूमिका रहने गरी यस योजनामा समावेश गरिएको छ।

### १४.२ वर्तमान अवस्था

नेपाल सरकारले स्विकृत गरेको राष्ट्रिय शिक्षा नीति, २०७६ र विज्ञान तथा प्रविधि नीति, २०७६ ले समेत शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धि नीतिहरु उल्लेख गरेको छ । सूचना प्रविधिको तिब्र विकासले नेपाल जस्ता अल्पविकसित मुलुकहरुलाई शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन तथा व्यापार लगायतका आर्थिक तथा सामाजिक क्षेत्रको दिगो विकास गर्न सुअवसरहरु प्रदान गरेको छ । यस प्रविधिको व्यापक प्रयोगबाट कानूनको शासन, भ्रष्टाचारमुक्त र चुस्त प्रशासन, विकेन्द्रिकरण, आर्थिक अनुशासन तथा सार्वजनिक सेवा प्रवाह र स्रोतको कुशल व्यवस्थापन जस्ता असल शासनका आधारभूत मान्यतालाई आत्मसात गरी सर्वसाधारणले पाउनु पर्ने सेवा छिटो, छरितो, तथा कम खर्चिलो ढंगबाट प्रदान गर्न सकिन्छ । यस अर्थमा सूचना प्रविधि नेपालको भौगोलिक विषमताबाट सिर्जित विकासका चुनौतीको सामना गर्न एउटा सशक्त पूर्वाधारको रुपमा समेत स्थापित हुन सक्ने देखिन्छ । अजयमेरु गाउँपालिकाका सबै माध्यमिक विद्यालयहरुमा सूचना तथा प्रविधि प्रयोगशालाको स्थापना भएको छ । सबै सामुदायिक विद्यालयहरुमा ईन्टरनेट सुविधाको विस्तार हुन सकेको छैन । केहि विद्यालयहरुमा स्मार्ट बोर्डको व्यवस्थापन समेत गरिएको छ । विद्यालयहरुका विभिन्न कक्षाहरुमा कम्प्युटर विषयको शिक्षण गरिएको पाइन्छ । शिक्षा तथा सूचना र सञ्चार प्रविधिबीच गहिरो सम्बन्ध छ । शिक्षामा प्रविधिको प्रयोगलाई अर्थपूर्ण रुपमा हेर्न थालिएको छ । कक्षा कोठामा प्रविधिको प्रयोगका कारण हाम्रो परम्परागत पठनपाठनको सिद्धान्तलाई विस्थापित गरी नयाँ अवधारणाको सुरुवात भएको पाइन्छ । द्रुतगतिमा विकास हुँदै गएको प्रविधिले थुप्रै अवसर र चुनौतीहरु ल्याएको छ । हाल शिक्षा क्षेत्रमा पनि विद्यालयका प्रशासनिक काम, नतिजा निर्माण कार्य, पावर प्वाइन्ट निर्माण गरी प्रोजेक्टरको माध्ययमबाट अध्यापन गर्ने शैक्षिक कार्य सामान्यरुपमा प्रयोग आएको पाइन्छ । केन्द्रिय शैक्षिक तथ्याङ्कमा जोड्नको लागि हाल एकिकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) को विकास गरिएको छ र त्यसको पुर्णतया उपयोग हुन नसकिएको अवस्था

छ । उल्लेखित अवस्थाहरुलाई विश्लेषण गर्दा शिक्षामा सूचना प्रविधि क्षेत्रमा निम्न चुनौतिहरु पहिचान गरीएका छन ।

१. सूचना तथा सञ्चार प्रविधि सम्बन्धि आधारभूत संरचना जस्तै विद्युत, ईन्टरनेट कनेक्टिभिटी, आदिको विस्तार तथा सबै विद्यालयमा स्थापना ।
२. शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका लागि डाटा सेन्टर, डिजिटल ल्याब, डिजिटल पुस्तकालय सहितको एकिकृत प्रणालीको विकास ।
३. सूचना तथा सञ्चार प्रविधिक सम्बन्धि उपकरणको व्यवस्था त्यसको सञ्चालन र प्रयोगका लागि दक्ष जनशक्तिको विकास ।
४. सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट समता अभिवृद्धि र डिजिटल डिभाईड कम गर्नु ।
५. अन्तर्क्रियात्मक डिजिटल सामग्रीको पर्याप्त विकास र पहुँच ।
६. विभिन्न किसिमका अपाङ्गताको लागि प्रयोग हुने गरी सामग्री विकास र प्रयोग।
७. सबै प्रयोगकर्तालाई सहज हुने गरी शैक्षिक व्यवस्थापन सूचना प्रणाली र लेखा प्रणालीको विकास ।
८. विभिन्न तहका ईन्टरनेट प्रदायक संस्थाहरुसँग समन्वय र सहकार्य ।

**१४.३ उद्देश्यहरू**

यस योजनाले शिक्षामा सूचना प्रविधि सम्बन्धि निम्नलिखित उद्देश्यहरु राखेको छः

१. सबै सामुदायिकविद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको पहुँच बृद्धि गर्ने ।
२. विश्वब्यापी रुपमा उपलब्ध शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेट मार्फत विद्यालय एवम् विद्यार्थीहरूको पहुँच कायम गर्ने ।
३. अध्ययन एवम् शिक्षणमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने ।
४. गाउँस्तरको शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रभावकारी, कार्यकुशल, पारदर्शि र समतामूलक बनाउने ।

**१४.४ रणनीति**

शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्बन्धि उद्देश्यहरु हासिल गर्न देहाय बमोजिमका रणनीतिहरु अवलम्बन गरिनेछनः

१. ICT को पूर्वाधारको रुपमा रहेको विद्युत, कम्प्युटर र इन्टरनेट प्रत्येक विद्यालयमा जडान ।
२. कम्प्युटर, ई—पुस्तकालय तथा ICT ल्याव स्थापना ।
३. विद्यालयमा कार्यरत जनशक्तिलाई ICT तथा Smart Board को प्रयोग सम्बन्धि आधारभूत तालिमको व्यवस्था ।
४. विद्यालयहरुलाई केन्द्रिय शैक्षिक व्यवस्थापन सूचना प्रणालीको बढिभन्दा बढि प्रयोग गर्न प्रोत्साहन ।

**१४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य**

**क. उपलब्धि**

१. विभिन्न आधारभूत तथा माध्यमिक विद्यालयहरुमा सूचना तथा सञ्चार प्रविधि प्रयोगशाला स्थापना भइ विद्यालयको प्रशासनिक, शैक्षिक र व्यवस्थापकिय क्षेत्रमा प्रयोग गरिएको हुनेछ ।

**ख. नतिजा**

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भै सबैको पहुँच पुगेको हुने

२. विभिन्न कक्षा तथा विषयका शिक्षकहरुको शिक्षणमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धि क्षमता विकास भएको हुने
३. सबै माध्यमिक विद्यालयहरुले अनिवार्य रुपमा सिकाइ तथा व्यवस्थापकिय कार्यमा सूचना र सञ्चार प्रविधिको प्रयोग गरेका हुने
४. सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन भएको हुने
५. सूचनामा आधारित एकिकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीको अधिकतम प्रयोग भएको हुने
६. सामुदायिक सिकाइ केन्द्रमा सूचना तथा प्रविधिको प्रयोगको विस्तार भएको हुने

ग. प्रमुख लक्ष्य तथा क्रियाकलापहरु

**तालिका ३१. शिक्षामा सूचना प्रविधिका प्रमुख क्रियाकलापहरु तथा लक्ष्यः**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य | | | | | | भौतिक लक्ष्य (५ बर्ष)२०८६।२०९० | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विद्युत, कम्प्युटर, इन्टरनेट सबै विद्यालयमा जडान | विद्यालय | ३ | ३ | ३ | ३ | ३ | १५ | १५ | संघ,प्रदेश, स्थानीय |
| २ | सूचना तथा सञ्चार प्रविधिल्याब स्थापना | विद्यालय | २ | २ | २ | २ | २ | १० | ५ | संघ, प्रदेश, स्थानीय |
| ३ | सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धि तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | संघ, प्रदेश, स्थानीय तह |
| ४ | सामुदायिक सिकाइ केन्द्रको ICT क्षमता विकास | सङ्ख्या | ० | १ | १ | १ | १ | ४ | ४ | संघ, प्रदेश, स्थानीय तह |

**तालिका ३२. शिक्षामा सूचना प्रविधिका प्रमुख क्रियाकलापहरु सञ्चालन गर्न अनुमानित बजेट (रु हजारमा)**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | ५ बर्षको आवश्यक बजेट अनुमानित (रु हजारमा) | | | | | | बजेट बाँकि (५ बर्ष) २०८६-२०९० | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | जम्मा | | |
| १ | विद्युत, कम्प्युटर, इन्टरनेट सबै विद्यालयमा जडान | विद्यालय | ४५० | ४५० | ४५० | ४५० | ४५० | २२५० | १५०० | संघ,प्रदेश, स्थानीय |
| २ | सूचना तथा सञ्चार प्रविधिल्याब स्थापना | विद्यालय | १४०० | १४०० | १४०० | १४०० | १४०० | ७००० | ३५०० | संघ, प्रदेश, स्थानीय |
| ३ | सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धि तालिम | पटक | १५० | १७५ | २०० | २२५ | २५० | १००० | १००० | संघ, प्रदेश, स्थानीय तह |
| ४ | सामुदायिक सिकाइ केन्द्रको ICT क्षमता विकास | सङ्ख्या | ० | ५० | ७५ | १०० | ११० | ३३५ | ४०० | संघ, प्रदेश, स्थानीय तह |
| कूल जम्मा रकम (रु हजारमा) | | | २००० | २०७५ | २१२५ | २१७५ | २२१० | १०५८५ | ६४०० | |

## परिच्छेदः सोह्र

## शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

### १५.१ परिचय

वर्तमान शिक्षा क्षेत्रको संरचना हेर्दा संघ अन्तरगत शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र र शिक्षा विकास तथा समन्वय इकाइ त्यसै गरी प्रदेश अन्तरगत सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय, शिक्षा तालिम केन्द्र तथा सामाजिक विकास कार्यालय र स्थानीय तहमा सामाजिक विकास समीति अन्तरगत शिक्षा, युवा तथा खेलकुद शाखा रहेको छ । बदलिदो परिवेश अनुसार शासकीय संरचना, प्रक्रिया र क्षमता सुधार गरेमा मात्र शैक्षिक गुणस्तर सुधार गर्न सकिन्छ । वर्तमान समयमा ज्ञान, विज्ञान र प्रविधिमा आएको परिवर्तन, सामाजिक चेतना, स्थानीय तहको शिक्षा क्षेत्रप्रतिको उत्तरदायित्व समेतलाई ख्याल गरी संस्थागत संरचना र क्षमता विकास सम्बन्धि क्रियाकलापहरु गर्नु आवश्यक छ ।

### १५.२ वर्तमान अवस्था

नेपालको संविधान, २०७२ ले माध्यमिक तहसम्मको अधिकार स्थानीय तहलाई दिएको र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा समेत शिक्षा सम्बन्धि जम्मा २३ वटा अधिकारहरु स्थानीय तहलाई प्रदान गरिएको छ । हाल अजयमेरु गाउँपालिकामा ३० वटा सामुदायिक विद्यालय ,१ वटा संस्थागत विद्यालय, ५ वटा समुदायमा आधारित बालविकास केन्द्र, वटा ३० विद्यालयमा आधारित बालविकास केन्द्र, ५ सामुदायिक सिकाइ केन्द्र रहेका छन । प्रत्येक बाल विकास केन्द्र र विद्यालयहरूमा व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको व्यवस्था गरिएको छ। हाल आधारभूत तहको अन्तिम परीक्षा स्थानीय तहबाट सञ्चालन गर्ने गरिएको छ । विद्यालय अनुगमन तथा निरीक्षणको पाटो केहि कमजोर भएको देखिन्छ र विद्यालयका शिक्षकहरुको पेशागत विकास पनि हुन नसकेको अवस्था छ । यस परिस्थितिमा स्थानीय तहले संघ र प्रदेशसँग सहकार्य र समन्वय गरी वर्तमान शिक्षा क्षेत्रको संस्थागत संरचना र क्षमता विकास गर्दा यस योजनाको सफल कार्यान्वयनमा सहयोग पुग्नेछ ।

### १५.३ उद्देश्य

यस योजनामा सुशासन प्रबर्धनका लागि संस्थागत संरचना र क्षमता विकास सम्बन्धि उद्देश्यहरु निम्न अनुसार रहेका छनः

१. विद्यालय र स्थानीय तहबीचको अन्तरसम्बन्ध सुदृढ बनाउने संस्थागत संयन्त्रको विकास गर्नु ।
२. विद्यालय तथा शैक्षिक क्षेत्रमा कार्य गर्ने जनशक्तिको आवश्यकता अनुसार व्यवस्था गर्नु ।
३. कार्यसम्पादन प्रति उत्तरदायी र नतिजाप्रति जवाफदेहिताको विकास गरी सुशासन कायम गर्नु ।
४. विद्यालयका प्रधानाध्यापक, शिक्षक, बालविकास सहजकर्ता, विद्यालय कर्मचारी र विद्यालयका पदाधिकारीहरुको क्षमता विकास गर्नु ।

### १५.४ रणनीतिहरु

उल्लेखित उद्देश्यहरु प्राप्ति गर्नका लागि निम्न बमोजिमका रणनीतिहरु अबलम्बन गरिनेछनः

१. विद्यालय र स्थानीय तहबीचको सम्बन्ध बलियो बनाउन आवश्यक कानूनको निर्माण ।
२. गाउँपालिका र विद्यालयमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन ।
३. शिक्षकहरुलाई आवश्यकता अनुसार पुनर्ताजकी तालिम तथा पेशागत सहयोग गर्न गाउँस्तरीय विज्ञ शिक्षकहरुको रोष्टर निर्माण ।

४. प्रधानाध्यापकलाई थप जिम्मेवार बनाइ क्षमता विकास ।
५. विद्यालयसम्बद्ध सबैको क्षमता विकास ।

## १५.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क. उपलब्धि**

१. विद्यालय तथा अन्य शैक्षिक संस्थाहरुमा सुशासन प्रबर्द्धन भइ बालबालिकाहरुको सिकाइ प्रति उत्तरदायी प्रणालिको विकास भएको हुनेछ ।

**ख. नतिजा**

१. स्थानीय तह र विद्यालयहरु बीचमा सहकार्य र समन्वयका लागि शैक्षिक संयन्त्रको विकास भएको हुने
२. शिक्षा सम्बन्धि आवश्यक कानूनहरुको निर्माण भइ शिक्षा सम्बद्ध सबैको जिम्मेवारी स्पष्ट भएको हुने
३. शिक्षाको शासकिय प्रबन्ध र व्यवस्थापनमा संलग्न हुने सम्बद्ध सबैको क्षमता विकास गर्ने पद्धतिको स्थापना भइ क्षमता सुधार भएको हुने
४. शैक्षिक तथा विद्यालय प्रशासन सहभागितामूलक, कार्य सम्पादन प्रति उत्तरदायी, विद्यार्थीको सिकाइ प्रति जवाफदेही, समतामूलक र समावेशी भइ शैक्षिक कार्यक्रम उद्देश्यमूलक तथा प्रभावकारी हुने

**ग. प्रमुख क्रियाकलाप**

१. योग्य, दक्ष र अनुभवि शिक्षकलाई प्रचलित कानून बमोजिम प्रधानाध्यापकमा नियुक्ति गरिनेछ ।
२. समय समयमा प्रधानाध्यापक क्षमता अभिवृद्धि तालिम सञ्चालन गरिनेछ ।
३. निर्धारित सूचकहरूका आधारमा विद्यालयको तथ्याङ्क संकलन र विश्लेषण गरी आकस्मिक शैक्षिक सुधार सहयोग योजना बनाइ कार्यान्वयन गरिनेछ ।
४. विद्यालय सम्बद्ध सबै पदाधिकारीहरुलाई क्षमता विकास र सुशासन सम्बन्धि तालिम प्रदान गरिनेछ।
५. नयाँ बन्ने भौतिक पूर्वाधार बालमैत्री ,अपाङ्गमैत्री, वातावरणमैत्रि र दिगो विकासका अवधारणा अनुरूप विकास गर्न लगाईनेछ ।
६. विद्यालय भित्र र समुदायमा शैक्षिक अनुकूल वातावरण तयार गर्ने गाउँपालिका भित्रका शैक्षिक व्यक्तित्वहरुको समूह बनाइ परिचालन गरिनेछ ।
७. शैक्षिक कानून तथा मापदण्डको निर्माण गरिनेछ ।
८. गाउँ शिक्षा समिति समावेशी प्रतिनिधित्व हुने गरी निर्माण गरिनेछ ।
९. विद्यालयको अनुगमन तथा निरीक्षणमा गाउँ शिक्षा समितिलाई जिम्मेवार बनाइनेछ ।
१०. गाउँस्तरमा गठन हुने विज्ञ समूहको रोष्टरलाई शिक्षकको पेशागत विकासका लागि कक्षा अवलोकन, शिक्षक तालिम र शिक्षण सहजकर्ताको रूपमा जिम्मेवारी प्रदान गरिनेछ ।
११. प्रधानाध्यापकसँग कार्यसम्पादन करार गरी नतिजाप्रति जिम्मेवार बनाइनेछ ।
१२. समय समयमा अभिभावक शिक्षा, विद्यालयका पदाधिकारीहरुसँग अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरिनेछ।
१३. विद्यालय शिक्षाको सुधार र विकासका लागि शैक्षिक जागरण अभियान सञ्चालन गरिनेछ ।

# स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

## १५.६ परिचय

योजना कार्यान्वयनको प्रबन्धअन्तर्गत वार्पिक योजना तथा बजेट तर्जुमा, कियाकलाप निर्धारण तथा कार्यान्वयन, वित्तीय व्यवस्थापन तथा अनुगमन र मूल्याङ्कन लगायत कार्यान्वयनका लागि आबश्यक संरचना, जनशक्ति, प्रक्रिया र जिम्मेबारी तथा उत्तरदायित्व पर्दछ कार्यान्बयनको प्रबन्ध तयार गर्दा यसको दिगोपन, प्रभावकारिता तथा कार्यकुशलतामा ध्यान

दिनु आवश्यक छ। कुनै पनि योजना सफल हुन त्यसको कार्यान्वयन योजना र निर्धारित लक्ष्य पुरा गर्न सञ्चालन गरिएका क्रियाकलाप तथा व्यवस्थापनले महत्वपूर्ण भूमिका राख्दछ । उल्लेखित योजनाको सफल कार्यान्वयनका लागि यस योजनामा गरिएका व्यवस्थापन तथा क्रियाकलापहरुको सहज कार्यान्वयन गरिएमा निर्धारित उद्देश्य पुरा गर्न सकिनेछ ।

**१५.७ वर्तमान अवस्था**

यस गाउँपालिकाको शैक्षिक योजनाको कार्यान्वयनका लागि उपलब्ध स्रोत साधनहरुको समुचित उपयोग गर्न सकेमा निर्धारित लक्ष्य तथा उद्देश्यहरुलाई तोकिएको समय सिमामा नै पुरा गर्न सकिने अवस्थाको सिर्जनाका लागि यस गाउँपालिकासँग उपलब्ध जनशक्ति तथा तर्जुमा गरिएका योजनाले केहि हदसम्म सन्तोषजनक भएता पनि योजनाको शत प्रतिशत कार्यान्वयनका लागि थप जनशक्ति व्वयस्थापन गर्नुपर्ने देखिन्छ । विद्यालयहरुको गिर्दो शैक्षिक गुणस्तर मुख्य समस्याको समाधानका लागि योजनामा निर्धारण गरिएका कार्यक्रमहरुको उचित संयन्त्र सहित अगाडि बढ्नुपर्ने देरेखिन्छ।सरोकारवाहरुको विद्यालय शिक्षा प्रतिको असन्तोषलाई परिणामा बद्ल्न सक्ने कार्यका लागि उपलब्ध स्रोत साधनको समुचित प्रयोग तथा प्रवोधिकरण र विद्यालय व्यवस्थापन तथा शिक्षक अभिभावक संघलाई क्रियाशिल बनाउनु पर्ने अनिवार्य छ ।सबै विद्यालयहरुले विद्यालय सुधार योजना निर्माण गरि कार्यान्वयन गर्दै आएका छन् यसरि निर्माण गरि कार्यान्वयनमा ल्याइने योजनाहरुलाई प्रभावकारी बनाउने तर्फ कदम चाल्न पर्ने छ । संघीय तथा प्रदेश अनुदानलाई आधारमानी कार्यक्रम संञ्चालन हुने र योजना कार्यान्वयनका लागि पर्याप्त बजेट उपलब्ध नहुनु हाम्रा सामु समस्या खडा हुनसक्छ ।

**१५.८ उद्देश्य**

१. शिक्षा योजनाको प्रभाबकारी कार्यान्वयनको सुनिश्चितता गर्नु ।

२. योजना कार्यान्वयनका लागि कार्यान्वयन सयन्त्रको व्यवस्था गर्नु ।

**१५.९ रणनीति**

१. सघींय तथा प्रदेश तहवाट वित्तीय हस्तान्तरण मार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफनै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने

२. कार्यक्रम कार्यान्वयनका लागि आवश्यकताअनुसार कानुन, कार्यविधि तथा निर्देशिका विकास गर्ने

३. कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रम प्रभाबकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आबश्यक नीति निर्देशन तथा समन्बय गर्ने

४. एकीकृत शैक्षिक सूचना व्यबस्थापन मार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने

५. विद्यालयमा विद्यालय व्यबस्थापन समिति र शिक्षक अभिभावक सङ्घलाई सक्रिय बनाई र विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने

६. विद्यालय सुधार योजना (SIP) निर्माण तथा अद्याबधिक गर्न लगाउने

७. विद्यालय व्यवस्थापनलाई सशक्तीकृत र सुदृढ गरी निर्धारित कार्यकम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेबारी प्रदान गरी उत्तरदायी बनाउने

८. वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यबस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चिततासम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्ने

९. अभिभाबक तथा सरोकारवालासँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभाबक भेला तथा बैठक आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभाबकारी बनाउने

१०. सामुदायिक सिकाइ केन्द्रमार्फत सबै उमेर समूहका सिकारुहरूका लागि साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, बैकल्पिक शिक्षा तथा आय आर्जन र सिप बिकासका कार्यक्रम सञ्चालन गर्दै आजीबन सिकाइ केन्द्रका रूपमा समेत कार्य गर्ने ।

११. योजना कार्यान्वय व्यवस्थाका लागि सबै पक्षको सहभागिता हुने गरि संयन्त्र गठन गर्ने ।

**१५.१० योजनाको कार्यान्वयन**

अजयमेरु गाउँपालिकाले यो दश वर्षे शिक्षा क्षेत्र सुधार योजना तयार पारेको छ । यस योजनाको कार्यान्वयन देहायबमोजिम गरिने छः

१. गाउँ शिक्षा ऐन, नियमावली लगायतका आवश्यक कार्यविधि तथा मापदण्ड निर्माण गरिनेछ ।

२. विद्यायल शिक्षाको प्रत्येक तहमा पहुँच अभिवृद्धि गर्न अनिवार्य विद्यालय भर्ना र गुणस्तर सुधारका उपायहरु अवलम्बन गरिनेछ ।

३. बजेट तथा कार्यक्रम कार्यान्वयनको लागि अभिमुखिकरण गरिनेछ ।

४. योजना तथा कार्यक्रमहरू विस्तार गर्दा प्राथमिकताका आधारहरु तयार गरी विद्यालयहरूलाई वितरण गरिनेछ।

५. शिक्षकहरूको पेसागत विकासका लागि क्षमता अभिवृद्धि तालिम सञ्चालन गरिनेछ ।

६. स्थानीय पाठ्यक्रम, पाठ्यपुस्तक, सन्दर्भ सामग्रीको विकासमा सहयोग पुऱ्याइनेछ ।

७. विद्यालयका पदाधिकारीहरुलाई थप जिम्मेवार बनाइ विद्यालयमा शैक्षिक गुणस्तर कायम गर्न सक्रिय गराइनेछ ।

८. प्रारम्भिक कक्षाहरुमा विशेष पढाइ सीप विकास गर्ने क्रियाकलापहरु सञ्चालन गरिनेछन ।

९. विद्यालय सुधार योजना निर्माण कार्यलाई थप प्रभावकारी बनाइ निर्माण र कार्यन्वयनमा जोड दिइनेछ। यसका लागि विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघलाई जिम्मेवार बनाइनेछ ।

१०. विद्यालय शिक्षाको गुणस्तर वृद्धि गर्न नतिजामा आधारित लगानी पद्धतिको विकास गरिनेछ ।

११. शिक्षाको समग्र विकासका लागि गाउँ शिक्षा समितिलाई थप जागरुक बनाइ विद्यालयका समस्या र उपयुक्त अवसरको खोजी गर्ने पद्धतिको विकास गरिनेछ ।

१२. शिक्षा क्षेत्रमा संघीय सरकार र प्रदेश सरकारका सशर्त बजेटका कार्यहरू सत्यतथ्य र सरकारका सबै तहसँग निकट सम्बन्ध स्थापना हुने गरी यस गाउँपालिकाले योजना तथा कार्यक्रम बनाइ कार्यान्वयनमा ल्याइनेछ ।

१३. सामुदायिक सिकाइ केन्द्रको सक्रियता बढाइ निरक्षरको संख्या शून्यमा झार्ने र प्राविधिक तथा व्यावसायिक धारका विद्यालय सञ्चालन गरी सीप विकासमा सहयोग पुऱ्याउने कार्यक्रमहरु सञ्चालन गरिने छ ।

१४. योजना सफल रुपमा कार्यान्वयनको लागि शिक्षा, युवा तथा खेलकूद शाखाको संयोजकत्वमा योजना कार्यान्वयन समिति गठन गरिनेछ ।

१५. शिक्षा क्षेत्रसँग कार्य गर्ने सबै संघसंस्था वाट सम्पादित हुने कार्यक्रमहरूलाई एकद्वार प्रणालीवाट सञ्चालन गर्न नियमन गरिनेछ ।

# परिच्छेदः सत्र
# लगानी र स्रोत व्यवस्थापन

## १६.१ परिचय

कुनै पनि योजना सफल रुपमा कार्यान्वयन गर्नको लागि आर्थिक स्रोतको सहि पहिचान र परिचालन गर्नुपर्ने आवश्यकता रहन्छ । त्यसै गरी आर्थिक तथा सामाजिक विकासमा गति प्रदान गर्न तथा वढ्दो जन आकांक्षा र आवश्यकताहरुलाई कुनैपनि योजनाले सम्वोधन गर्नै पर्दछ र त्यसरी सम्बोधन गर्दा निश्चित रुपमा विगतका उपलब्धि र अनुभव एवं वर्तमानको आवश्यकता र भविष्यको दृष्टिकोण र लक्ष्यको आधारमा केही पूरानो कार्यक्रमहरुलाई निरन्तरता दिनु पर्ने तथा कतिपय नयाँ कार्यक्रमहरु थप गर्नुपर्ने हुन्छ । यसै सन्दर्भमा यस योजनामा निरन्तर तथा नयाँ कार्यक्रमहरुलाई समावेश गर्ने गरी यो वित्तीय योजना निर्माण गरिएको छ । विशेष गरी आधारभूत तथा माध्यमिक शिक्षामा गाउँपालिकाले जोड दिनुपर्ने देखिन्छ । शिक्षामा गरिने लगानी व्यक्ति, समाज र राष्ट्रको दीर्घकालिन हितको लागि हुन्छ । नेपालको संविधान, २०७२ ले आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशूल्क गर्ने व्यवस्था गरिएको छ । त्यसलाई कार्यान्वयन गर्नको लागि समेत यस योजनाले विशेष वित्तिय व्यवस्थापन गर्नुपर्ने देखिन्छ । शिक्षामा पर्याप्त लगानी गर्दा समतामूलक र न्यायमूलक समाज निर्माणमा विशेष सहयोग पुग्ने देखिन्छ । संघ तथा प्रदेशसँग समन्वय गरी वर्तमान समयको आवश्यकता बमोजिम शिक्षामा बजेट व्यवस्थापन गर्नु आवश्यक छ । शिक्षामा आवश्यक पर्ने आर्थिक स्रोत कहाँबाट जुटाउने, कुन कुन क्षेत्रमा विनियोजन गर्ने, विनियोजन गरेपश्चात कसरी खर्च गर्ने र खर्च गरिएको क्षेत्रको उपलब्धि के कस्तो रहने जस्ता विषयहरु समेत योजनामा समावेश गर्न खोजिएको छ ।

## १६.२ वर्तमान अवस्था

शिक्षामा लगानी बढाउनुपर्छ भनेर गाउँपालिकाका विभिन्न नीति तथा योजनाहरुमा समावेश गरिएको पाइन्छ । नेपालको संघीय तहबाट शिक्षामा जम्मा १० प्रतिशत लगानी गरिएको अवस्था छ भने गाउँपालिकाले शिक्षा क्षेत्रलाई विशेष प्राथमिकता दिएको पाइन्छ । आर्थिक वर्ष २०८१।८२ मा अजयमेरु नगपालिकाले समानीकरण बजेट अन्तर्गत शिक्षामा रु २४ लाख बजेट विनियोजन गरेको थियो जुन कूल समानीकरण बजेटको ५.०५ प्रतिशत हो । यसरी हेर्दा गाउँपालिकाले शिक्षा क्षेत्रलाई विकासको प्रमुख पूर्वाधारको रुपमा अङ्गिकार गरेको पाइन्छ । त्यसैगरी शिक्षामा घरपरिवारको अप्रत्यक्ष तथा प्रत्यक्ष लगानी तथा नीजि क्षेत्रको लगानी समेत उल्लेख्य रुपमा रहेको पाइन्छ। स्थानीय सरकारले शिक्षामा गरेको प्रशासनिक र व्यवस्थापकिय लगानी समेत महत्वपूर्ण रहेको छ । हाल संघीय सरकारबाट सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि निःशूल्क पाठ्यपुस्तकको व्यवस्था गरिएको छ । त्यसैगरी सामुदायिक विद्यालयहरुमा विभिन्न किसिमका छात्रवृत्तिको व्यवस्था गरिएको छ । पूर्व प्राथमिक कक्षा देखि ५ सम्म दिवा खाजाको व्यवस्था गरिएको छ भने कक्षा ६ देखि १२ सम्मका छात्राहरुका लागि स्यानिटरी प्याडको व्यवस्था गरिएको छ । अजयमेरु गाउँपालिकाले आधारभूत शिक्षालाई निःशूल्क बनाउनका लागि वार्षिक नीति, बजेट तथा कार्यक्रमको व्यवस्था गरिएको छ र त्यसको लागि एउटा कार्यविधि समेत निर्माण गरी सकेको छ । शिक्षामा गरिने लगानीलाई मानव संशाधन विकासको प्रमुख लगानीको रुपमा लिईन्छ । विद्यालय शिक्षामा गरिने लगानी तथा स्रोत विकास सम्बन्धि विश्लेषणका आधारमा देहाय बमोजिमका चुनौतिहरु पहिचान गरीएका छन ।

१. विद्यालय शिक्षामा लगानी वृद्धि र दिगो स्रोतको व्यवस्थापन गर्नु ।

२. नीजि क्षेत्रबाट शिक्षामा गरिने लगानीलाई सार्वजनिक सेवा, सामाजिक दायित्व र सेवामूलक बनाउनु ।

३. प्राविधिक तथा व्यावसायिक शिक्षामा अध्ययन गर्ने विद्यार्थी संख्या बढाउनु ।

४. सूचना तथा सञ्चार प्रविधि मैत्रि शिक्षण प्रणालिको व्यवस्थापन गर्नु ।
५. विद्यार्थीको सिकाइ तथा कुशलतामा वृद्धि गर्ने गरी आवश्यक बजेट तथा स्रोतको व्यवस्थापन गर्नु ।
६. शिक्षामा समावेशीता र समतामा सुधार गर्न आर्थिक रुपमा कमजोर, विपन्न तथा कठिन परिस्थितिमा रहेका र अपाङ्ता भएका बालबालिकाहरुको पहुँच, सहभागिता र गुणस्तरीयता सुनिश्चित गर्नु ।
७. वित्तिय व्यवस्थापन कार्यकुशल बनाउन व्यक्ति, संस्था र पद्धतिको क्षमता विकास गर्ने ।

**१६.३ उद्देश्य**

यस योजनामा श्रोत व्यवस्थापन सम्बन्धमा देहाय बमोजिमका उद्देश्यहरु राखिएका छनः

१. योजना अवधिका लागि विद्यालय शिक्षामा आवश्यक बजेटको प्रक्षेपण गर्नु ।
२. विद्यालय शिक्षा सम्बन्धि पहिचान गरीएका कार्यक्रमहरु कार्यान्वयनका लागि आवश्यक वित्तिय स्रोत पहिचान गर्नु ।
३. उपलब्ध सम्भावित स्रोतका आधारमा पहिचान गरीएका कार्यक्रमहरुको प्राथमिकताक्रम तोकि कार्यक्रमगत बजेट निर्धारण गर्नु ।
४. खर्चको प्रक्रिया, भूमिका र दायित्व स्पष्ट पार्नु ।
५. लागत प्रतिफलको जानकारी लिने उपयुक्त विधि, प्रक्रिया उपयुक्त पद्धतिको विकास गर्नु ।

**१६.४ रणनीतिहरु**

योजनाको वित्तिय व्यवस्थापन सम्बन्धि उद्देश्यहर प्राप्त गर्न देहाय बमोजिमका रणनीतिहरु अबलम्बन गरिनेछनः

१. गाउँसभालाई शिक्षा क्षेत्रलाई प्राथमिकतामा राखि बजेट छुट्याउने गरी कार्यक्रमहरुको प्रस्ताव ।
२. शिक्षकहरूको क्षमता विकासका लागि पालिकास्तरीय क्षमता विकासका कार्यक्रम सञ्चालन गरिने र गाउँस्तरीय क्षमता विकासका लागि आवश्यक बजेट स्थानीय सरकारको लगानी ।
३. सामुदायिक विद्यालयमा कार्यरत स्वयंसेबक शिक्षकहरुको लागि तलब भत्ता र प्रोत्साहनको व्यवस्था ।
४. प्राविधिक तथा व्यावसायिक शिक्षाको विकास गर्न पालिकाले आफ्नो लगानीमा अन्य विद्यालयहरूमा विस्तार।
५. उच्च शिक्षा सञ्चालन गर्ने शैक्षिक संस्थाहरुलाई व्यवस्थापन तथा क्षमता विस्तार ।
६. संघीय र प्रदेश सरकारबाट प्राप्त भइरहेको शशर्त कार्यक्रमहरूको निरन्तरता दिँदै कार्यक्रमको सङ्ख्यात्मक विस्तारका लागि पहल ।
७. संघीय र प्रदेश सरकारबाट समेट्न नसकेका कार्यक्रमहरुको हकमा शशर्त नै कार्यक्रम विस्तार गर्न संघीय र प्रदेश सरकारलाई पहल ।
८. भौतिक पूर्वाधार विकासका लागि संघीय सरकारको ६०%, प्रदेश सरकारको १५%र गाउँपालिकाको १५%र अन्य क्षेत्रबाट १०% लगानी गर्ने प्रबन्ध ।
९. विद्यालयहरुलाई अनुदान प्रदान गरीए पश्चात लक्षित गुणस्तर सुनिश्चितका लागि सम्बन्धित विद्यालयलाई नै जिम्मेवार बनाउने ।
१०. विद्यालयहरुलाई अनुदान प्रदान गर्नुपूर्व जुन शीर्षकमा अनुदान प्रदान गरिएको छ त्यसको खर्चको आधार तथा कार्यविधि ।
११. विद्यालयका सम्पूर्ण आर्थिक क्रियाकलापहरु सफ्टवेयरमा आधारित बनाउने ।
१२. तोकिएकै शिर्षकमा रकम खर्च गर्न विद्यालयहरुलाई निर्देशन ।
१३. विद्यालयमा पुस्तकालय, विज्ञान प्रयोगशाला, कम्प्युटर प्रयोगशालाको विस्तार गर्न संघीय, प्रदेश सरकार मार्फत पहल गर्ने छ र सो बाट अपुग रकम व्यवस्थापन ।

१४. शिक्षा क्षेत्रको शैक्षिक, भौतिक तथा प्रशासनिक विकास तथा गुणस्तरको लागि गाउँपालिकाले आफ्नो समानीकरण अनुदानको कम्तिमा २० प्रतिशत लगानी ।

**१६.५ स्रोतको अनुमान र विश्लेषण**

आवश्यकता र सामर्थ्यका आधारमा स्रोतको अनुमान तथा विश्लेषण गरिन्छ । नागरीकका अपेक्षा, स्थानीय तहको आवश्यकता र वर्तमान समयको माग बमोजिम स्रोतको अनुमान गरिन्छ । वर्तमान नीति र अपेक्षाहरुलाई ख्याल गरी स्रोतको अनुमान र विश्लेषण गरिन्छ । नेपालको संविधान २०७२, राष्ट्रिय शिक्षा नीति २०७६, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ आदिलाई समेत ख्याल गरेर बजेट तथा कार्यक्रमहरुको तयारी गर्नुपर्ने हुन्छ । यस बाहेक अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा, पाठ्यपुस्तक तथा पाठ्यसामग्री, दिवा खाजा जस्ता कुराहरुलाई समावेश गर्नुपर्ने देखिन्छ । त्यसैगरी स्रोतहरुको उपलब्धतालाई ख्याल गरेर बजेटको स्रोतको अनुमान र विश्लेषण गर्नु उपयुक्त हुन्छ । गाउँपालिकाको आन्तरिक आय र गाउँपालिकालाई संघीय र प्रदेश सरकारबाट प्राप्त हुने समानीकरण अनुदान जस्ता स्रोतहरुलाई नीति, कार्यक्रम तथा बजेट बनाउँदा ख्याल गर्नुपर्ने कुरालाई यस योजनाले जोड दिएको छ।

**१६.६ प्रस्तावित कार्यक्रम तथा बजेट अनुमान**

वर्तमान समयको बजेट तथा कार्यक्रमहरु हेर्दा शिक्षामा समाजका आवश्यकता, मागहरु धेरै छन । विद्यालय र विद्यार्थी संख्यामा वृद्धि भएको छ । अब विशेष गरी शिक्षामा सबैको पहुँच, गुणस्तरीय शिक्षा, अभिभावक शिक्षा, प्रारम्भिक कक्षाहरुमा पठन क्षमतामा वृद्धि, शिक्षकको पेशागत क्षमताको विकास जस्ता कुराहरुमा बजेट तथा कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने देखिन्छ । हाल शिक्षामा संघीय सरकार, प्रदेश सरकार, विभिन्न संघ संस्थाहरु लगायत, विभिन्न सामुदायिक क्षेत्रहरुले ठुलो लगानी गरेका छन । स्थानीय तहले पनि उक्त क्षेत्रलाई प्राथमिकतामा राख्न जरुरी छ । वर्तमान समयमा स्थानीय सरकारले आफ्नो क्षेत्राधिकार भित्रको शैक्षिक प्रणालीमा सुधार गर्न भरपुर प्रयास गरीरहेको छ । विद्यालयहरुमा शिक्षकको व्यवस्थापन, निःशुल्क शिक्षा कार्यक्रम कार्यान्वयन गर्न थप अनुदान उपलब्ध गराउनु, बालविकास सहजकर्ताहरुका लागि प्रोत्साहन स्वरूप रकम उपलब्ध गराउनु ,शिक्षकहरूको क्षमता विकास तालिम सञ्चालन गर्नु, विद्यार्थीको प्रतिभा विकासमा सहयोग पुऱ्याउन विभिन्न कार्यक्रम, खेलकुद आयोजना गरिएका छन् । यसरी माथि उल्लेखित सम्पूर्ण क्षेत्रहरुलाई समावेश गर्ने गरी आगामि १० वर्षको लागि अजयमेरु गाउँपालिकाले शिक्षासँग सम्बन्धि प्रमुख क्षेत्रहरुमा संघीय, प्रदेश सरकारसँग र समानीकरण अनुदान अन्तर्गत रहने गरी बजेट तथा कार्यक्रमहरुको आधारमा प्रस्तावित माथिका कार्यक्रम सञ्चालन गर्न प्रस्ताव गरिएको छ ।

**अपेक्षित उपलब्धी**

१. वि.सं. २०९० सम्म गाउँपालिकाले समानीकरण बजेटमा शिक्षामा गर्ने लगानी २० प्रतिशत पुगेको हुनेछ ।
२. आधारभूत तहको शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक शिक्षा निःशुल्क भएको हुनेछ ।
३. प्रविधिमैत्रि शिक्षाको विकास भइ शैक्षिक गुणस्तरमा सुधार भएको हुनेछ ।
४. शिक्षकहरुको पेशागत क्षमता विकास भएको हुनेछ ।
५. वित्तिय व्यवस्थापन क्षमतामा सुधार भइ वित्तिय कार्यकुशलता, पारदर्शिता, उत्तरदायित्व र जिम्मेवारी सुनिश्चित भएको हुनेछ ।

# परिच्छेदः अठार

# अनुगमन तथा मूल्यांकन

## १७.१ परिचय

कुनै पनि योजनाको अनुगमन तथा मूल्याङ्कनबाट योजना कार्यान्वयनको अवस्था, विकासको गति र हामी कता पुग्ने सो कुराको समेत जानकारी हुन्छ। हामी वर्तमान अवस्था कहाँ छौं? कहाँ जानुपर्ने हो भन्ने कुराको निर्धारण अनुगमन र मूल्याङ्कनबाट थाहा पाउन सकिन्छ। विद्यालय शिक्षाको अनुगमन तथा निरिक्षण नियमित तथा संयुक्त रुपमा सञ्चालन हुँदै आइराखेको छ । यसरि गरिने चरणवद्ध अनुगमनले विद्यालयमा हुने लगानीलाई पारदर्शी, नतिजामुखी, जवाफदेही र उत्तरदायीपूर्ण बनाउन सहयोग पुऱ्याएको छ । यस गाउँ शिक्षा योजनाको अनुगमन र मूल्याङ्कन गर्न देहायबमोजिमका कार्यक्रम सञ्चालन गरिने छनः

१. गाउँ शिक्षा समितिले गाउँ शिक्षा योजना कार्यक्रमको कार्यान्वयनमा समन्वय, अनुगमन र मूल्याङ्कन गर्नेछ।

२. गाउँ शिक्षा समितिले योजना कार्यान्वयनको अनुगमनका लागि आवश्यकतानुसार विज्ञ व्यक्ति वा समूह परिचालन गर्नेछ।

३. शिक्षा, युवा तथा खेलकुद शाखाद्वारा योजना अनुगमन तथा मूल्याङ्कनमा विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघलगायत अन्य सरोकारवलाहरुलाई प्रविधिक सहयोग उपलब्ध गराइने छ।

४. प्रत्येक विद्यालयले मासिक रूपमा विद्यालय प्रगति प्रतिवेदन तयार गरी शिक्षा, युवा तथा खेलकुद शाखामा पठाउने व्यवस्था मिलाईने छ ।

५. विद्यालयमा कार्यक्रम कार्यान्वयन गर्दा देखा परेका समस्या, चुनौति र मुद्दा हेर्न गाउँपालिकामा विशेष समिति रहने छ जुन समीतिले विद्यालयको अनुगमन निरीक्षण गरी विद्यालयका समस्या तथा चुनौति मूल्याङ्कन गरी गाउँ शिक्षा समितिमा पेश गर्ने व्यवस्था मिलाईनेछ।

६. विद्यालय शिक्षा योजनामा राखिएका अपेक्षित उपलब्धिहरुको अवस्था तथा कार्यक्रमको सूचकगत विश्लेषण र मूल्याङ्कन गर्ने परिपाटिको विकास गरिनेछ ।

७. समग्र शैक्षिक कार्यक्रमको अध्ययन विश्लेषण गर्न शिक्षा, युवातथा खेलकुद शाखा प्रमुखको संयोजकत्वमा एक अनुसन्धान समिति गठन गरिने छ र अनुसन्धान प्रतिवेदनका आधारमा थप कार्यक्रम सञ्चालन गरिनेछ।

८. सुशासन र पारदर्शिता कायम राख्न सामाजिक र आर्थिक लेखा परीक्षणका कार्यक्रम प्रभावकारी ढङ्गले परिचालन गरिनेछ

९. प्रधानाध्यापक विद्यालयको प्राज्ञिक र प्रशासनिक व्यक्ति भएकाले विद्यालयमा कार्यक्रम कार्यान्वयन, शिक्षक परिचालन, विद्यालयका गतिविधिको मूल्याङ्कनमा प्रमुख जिम्मेवार बनाइनेछ।

१०. विद्यालयमा सूचना तथा तथ्याङ्क व्यवस्थापन प्रणालीलाई शैक्षिक व्यवस्थापनको अभिन्न अङ्गका रूपमा विकास गरी अनुगमन मूल्याङ्कनबाट प्रभावकारी कार्यन्वयनमा ल्याइनेछ।

११. विद्यार्थी मूल्याङ्कन र प्रमाणिकरणमा गाउँपालिका भरी एकरूपता कायम गरिनेछ।

१२. विद्यालयमा शैक्षिक गुणस्तर कायम गर्न छात्रवृति, पाठ्यपुस्तक, पोर्टफोलियो, प्रतिविद्यार्थी लागतमा आधारित अनुदान उपलब्ध गराइने र त्यसको कार्यान्वयनमा जोड दिइने छ ।

१३. आवश्यकता अनुसार विद्यार्थीका अभिभावकहरुसँग अभिभावक शिक्षा सञ्चालन गरिनेछ ।

१४. विद्यालयमा कार्यरत शिक्षकहरुको रोष्टर तयार गरी अनुगमन गराइनेछ ।

१५. मेन्टर शिक्षकहरु मार्फत नवप्रवेशी शिक्षकहरुको कक्षा अवलोकन तथा पृष्ठपोषण कार्यलाई निरन्तरता दिइनेछ ।

## १७.२ उद्देश्य

**१. अनुगमन तथा मूल्यांकन प्रणालीको एकिकृत विकासका लागि समन्वयात्मक कार्य अवलम्वन गर्नु ।**

२.आधारित बनाउनु अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामा योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु ।

## १७.३ रणनीति

१ कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनका लागि एकीकृत शैक्षिक सूचना व्यवस्थापन .प्रणाली सञ्चालनमा ल्याउने ।

२ नतिजामूलक .अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्ने

३विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षणलाई थप व्यवस्थित र नियमित गर्ने .

४कक्षाकोठाको सिकाइको अनुगमन .,कार्यस्थलमा आधारित अनुगमन,मूल्याङ्कन,सुपरिवेक्षण एवम् प्रतिवेदन प्रणाली प्रबन्ध गर्ने

५ विद्यालय तथा शिक्षकको सुपरिवेक्षण तथा पेशागत सहयोगको संयन्त्रको व्यवस्था र सुदृढीकरण .गर्ने

६योजनाअन्तर्गत सञ्चालित कार्यक्रम तथा परियोजना वा क्रियाकलापको नियमित आवधिक .,मध्यावधिक तथा अन्तिम मूल्याङ्कन प्रणाली स्थापित गर्ने

## १७.४ प्रमुख उपलब्धि तथा नतिजा

उपलब्धि

१. अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकिकृत प्रणाली विकास भएको हुनेछ।

२. नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली कार्यान्वयन हुनेछ।

३. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीलाई सम्बोधन गरी अपेक्षित उपलब्धिका लागि अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संरचना तथा क्षमता विकास भएको हुनेछ।

५. नतिजामा आधारित अनुगमन प्रणाली स्थापित भई योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन भएको हुनेछ।

तालिका ३३.प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | ५ बर्षको आवश्यक बजेट अनुमानित (रु हजारमा) | | | | | | बजेट बाँकि (५बर्ष)२०८६-२०९०) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | अनुगमन तथा मूल्यांकन सयन्त्र निर्माण | | ० | १०० | १२० | १४० | १७५ | ५३५ | ६०० | संघ,प्रदेश, स्थानीय |
| २ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचक तयार तथा अद्यावधिक गर्ने | | ५० | ५० | ५० | ५० | ५० | २५० | ३०० | संघ, प्रदेश, स्थानीय |
| ३ | कार्यक्रम कार्यान्वयनको र चौमासिक वार्षिक समीक्षा तथा प्रतिवेदन तयार गर्ने | | ५० | ५० | ५० | ५० | ५० | २५० | ३०० | संघ, प्रदेश, स्थानीय तह |
| ४ | कार्यक्रम कार्यान्वयन पुस्तिका तयारी | | ५० | ५० | ५० | ५० | १०० | ३०० | २५० | संघ, प्रदेश, स्थानीय तह |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| कूल जम्मा रकम (रु हजारमा) | २२३१ | २३३२ | २३५३ | २३७४ | २४६० | १३३५ | १४५० | |

# अनुसूचि-१ संघीय सरकारबाट प्राप्त हुने अनुमानित बजेट

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | ५बर्षको आवश्यक बजेट अनुमानित (रु हजारमा) | बजेट बाँकि (५ बर्ष)२०८६-२०९० | कैफियत |
|---|---|---|---|---|---|
| | | | जम्मा | | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | | २५०० | १२०० | |
| २ | आधारभूत शिक्षा | | १५००० | ४००० | |
| ३ | माध्यमिक शिक्षा | | ८००० | ६००० | |
| ४ | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम | | ९०० | १००० | |
| ५ | अनौपचारिक शिक्षा र आजिवन सिकाइ | | २००० | २२०० | |
| ६ | पाठ्यक्रम पाठ्यपुस्तक सिकाइ सामग्रद्द तथा मूल्यांकन | | ९०० | २०० | |
| ७ | शिक्षक व्यवस्थापन र विकास | | १००० | ११०० | |
| ८ | शैक्षिक समता र समावेशिकरण | | ५०० | ५५० | |
| ९ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | | १४०० | १७०० | |
| १० | विद्यालय सुरक्षा विपद् न्यूनिकरण तथा उत्थानशीलता | | ९०० | ८५० | |
| ११ | विद्यालय भौतिक पूर्वाधार | | ३५००० | २०००० | |
| १२ | विद्यालयमा सूचना तथा सञ्चार | | ७००० | ३१०० | |
| १३ | अनुगमन तथा मूल्यांकन | | ४०० | ४४० | |
| कूल जम्मा रकम (रु हजारमा) | | | ७५५०० | ४२१६० | |

# अनुसूचि-२ प्रदेश सरकारबाट प्राप्त हुने अनुमानित बजेट

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | ५ बर्षको आवश्यक बजेट अनुमानित (रु हजारमा) | बजेट बाँकि (५ बर्ष) २०८६-२०९० | कैफियत |
|---|---|---|---|---|---|
| | | | जम्मा | | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | | १००० | १००० | |
| २ | आधारभूत शिक्षा | | ८०० | २००० | |
| ३ | माध्यमिक शिक्षा | | ५००० | २००० | |
| ४ | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम | | २०० | ५०० | |
| ५ | अनौपचारिक शिक्षा र आजिवन सिकाइ | | ९०० | ११०० | |
| ६ | पाठ्यक्रम पाठ्यपुस्तक सिकाइ सामग्रइ तथा मूल्यांकन | | ७०० | ४०० | |
| ७ | शिक्षक व्यवस्थापन र विकास | | ५०५ | ७५० | |
| ८ | शैक्षिक समता र समावेशिकरण | | ५०० | ४०० | |
| ९ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | | ७०० | ९०० | |
| १० | विद्यालय सुरक्षा विपद् न्यूनिकरण तथा उत्थानशीलता | | ७३० | ८०० | |
| ११ | विद्यालय भौतिक पूर्वाधार | | १५००० | १३००० | |
| १२ | विद्यालयमा सूचना तथा सञ्चार | | १५०० | १५०० | |
| १३ | अनुगमन तथा मूल्यांकन | | ३०० | २५० | |
| कूल जम्मा रकम (रु हजारमा) | | | २७८३५ | २४६०० | |

## अनुसूचि-२ स्थानीय सरकारले बेहोर्ने अनुमानित बजेट

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | ५ बर्षको आवश्यक बजेट अनुमानित (रु हजारमा) | बजेट बाँकि (५ बर्ष) २०८६-२०९० | कैफियत |
|---|---|---|---|---|---|
| | | | जम्मा | | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | | १७०० | १००० | |
| २ | आधारभूत शिक्षा | | १२००० | ४२५० | |
| ३ | माध्यमिक शिक्षा | | ५००० | २८०० | |
| ४ | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम | | १००० | २००० | |
| ५ | अनौपचारिक शिक्षा र आजिवन सिकाइ | | २००० | २००० | |
| ६ | पाठ्यक्रम पाठ्यपुस्तक सिकाइ सामग्रद्द तथा मूल्यांकन | | ४००० | १८०० | |
| ७ | शिक्षक व्यवस्थापन र विकास | | ४५०० | ५०० | |
| ८ | शैक्षिक समता र समावेशिकरण | | ५००० | ५२०० | |
| ९ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | | १००० | ११०० | |
| १० | विद्यालय सुरक्षा विपद् न्यूनिकरण तथा उत्थानशीलता | | १५०० | १३०० | |
| ११ | विद्यालय भौतिक पूर्वाधार | | ८००० | ९६०० | |
| १२ | विद्यालयमा सूचना तथा सञ्चार | | १५८५ | १२०० | |
| १३ | अनुगमन तथा मूल्यांकन | | ४८० | ५२० | |
| कूल जम्मा रकम (रु हजारमा) | | | ४७७६५ | ३३२७० | |

## अनुसूचि-२ सहयोगी संघस्थाहरुबाट प्राप्त हुने अनुमानित बजेट

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | ५ बर्षको आवश्यक बजेट अनुमानित (रु हजारमा) | बजेट बाँकि (५ बर्ष) २०८६-२०९० | कैफियत |
|---|---|---|---|---|---|
| | | | जम्मा | | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | | १३०० | ६६५ | |
| २ | आधारभूत शिक्षा | | ५८१५ | १४९५ | |
| ३ | माध्यमिक शिक्षा | | १२०० | ३०० | |
| ४ | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम | | २४५ | ७४० | |
| ५ | अनौपचारिक शिक्षा र आजिवन सिकाइ | | ४५५ | ७५५ | |
| ६ | पाठ्यक्रम पाठ्यपुस्तक सिकाइ सामग्री तथा मूल्यांकन | | १०० | २०० | |
| ७ | शिक्षक व्यवस्थापन र विकास | | ८०० | ७५० | |
| ८ | शैक्षिक समता र समावेशिकरण | | २८० | ३०० | |
| ९ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | | २१० | ५८० | |
| १० | विद्यालय सुरक्षा विपद् न्यूनिकरण तथा उत्थानशीलता | | ६०० | ५०० | |
| ११ | विद्यालय भौतिक पूर्वाधार | | २४६५ | २००० | |
| १२ | विद्यालयमा सूचना तथा सञ्चार | | ५०० | ६०० | |
| १३ | अनुगमन तथा मूल्यांकन | | १५० | १७० | |
| कूल जम्मा रकम (रु हजारमा) | | | १४१२० | ९०५५ | |